## प्रकाशनबारे जानकारीः

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ द्वैमासिक प्रकाशन हो । ६८ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यो ऐतिहासिक पत्रिका सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदि विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिनेछ । यसका साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अङ्कदेखि नेपाल प्रहरीको वेबसाइटः www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

**- प्रहरी द्वैमासिक प्रकाशन**

**सम्पर्क**
**नेपाल प्रहरी प्रधान कार्यालय**
जनसम्पर्क तथा मिडिया समन्वय शाखा, नक्साल काठमाडौँ
फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३
इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com
वेवसाइट : www.nepalpolice.gov.np

प्रहरी PRAHARI
भदौ-असोज २०८३

ISSN 26616122

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ
वर्ष ६८, अंक ३
भदौ-असोज २०८३







# प्रहरी

मे.अ.द.न. ६४/१५८

## द्वैमासिक प्रकाशन

वर्ष : ६८ अंक : ३ २०८३ भदौ-असोज



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि.अबि नारायण काफ्ले

**सल्लाहकार**

प्र.व.उ.दीप शम्शेर ज.ब.रा.

**प्रधान सम्पादक**

प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**

प्र.नि.रन्जु के.सी

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्रा.प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्रा.प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

एम.एस. प्रिन्टिङ्ग सोलुसन

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा

प्र.ह लक्ष्मी बोगटी

प्र.ज. चुडामणी भट्ट

**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

### विपद्‌मा नेपाल प्रहरीको अदम्य साहस र कर्तव्यपरायणता

मानव जीवनमा प्राकृतिक विपद्‌हरू भयानक, जोखिमपूर्ण र खतरनाक हुन्छन् । नेपाल जस्तो भौगोलिक रूपमा जोखिमपूर्ण देशमा वर्षेनी प्राकृतिक विपद्‌का घटनाहरू भइरहन्छन् । विगतमा मनसुनको समयमा मात्र बाढी पहिरो जस्ता घटनाहरू हुने गर्दथे तर हाल जलवायु परिवर्तनले गर्दा प्राकृतिक विपत्ति जुनसुकै समयमा पनि आइरहेको छ । भनिन्छ, प्रकृतिजन्य विपद्‌लाई रोक्न, थेग्न तथा सामान्यतया पूर्वानुमान पनि गर्न सकिदैन । त्यस्तै अप्रत्यासित तथा भयावह स्थिति हाल नेपालले भोग्नु पर्‍यो । मिति २०८३ भदौ १० गते बिहान ८:४५ बजे रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी र पहिरोले ठूलो जनधनको क्षति भई हाल सिंगो राष्ट्रलाई स्तब्ध बनाएको छ।

यस विपत्तिमा हजारौं मानिसहरू वेपत्ता भए, खर्बौको धनमाल, भौतिक संरचना र चौपायाको क्षति भयो, सडक सञ्जाल क्षतविक्षत भयो र सञ्चार सम्पर्क विच्छेद भयो। भौगोलिक रूपमा अत्यन्तै विकट बनेको यस संकटको घडीमा नेपाल प्रहरीले अग्रपंक्तिमा रहेर प्रदर्शन गरेको खोज तथा उद्धार कार्य प्रशंसनीय र अनुकरणीय छ । आफ्नै प्रहरी कार्यालयहरू बाढीको चपेटामा परेको र सहकर्मीहरू नै सम्पर्कविहीन भएको अत्यन्तै प्रतिकूल र मानसिक रूपमा चुनौतीपूर्ण अवस्थामा पनि विचलित नभई नागरिकको जीवन रक्षाका लागि नेपाल प्रहरीले देखाएको व्यावसायिकता र मानवीय सेवाभाव गौरवपूर्ण छ।

विपद्‌पछि तत्कालै नेपाल प्रहरीले बाढी

प्रभावित क्षेत्रहरूमा हजारौँको संख्यामा जनशक्ति परिचालन गर्‍यो । भौगोलिक विकटता, खसिरहेको पहिरो र उर्लिरहेको बाढीको प्रवाहका बीच सिमित स्रोत-साधनका बाबजुद पनि जोखिम मोलेर घाइतेहरूको जीवितै उद्धार गर्नु, प्रभावितहरूलाई होल्डिङ सेन्टर तथा सुरक्षित स्थानमा स्थानान्तरण गर्नु र बेपत्ताहरूको अथक खोजी कार्य जारी राख्नुले सुरक्षा निकाय नागरिकको वास्तविक संकटको सारथी हो भन्ने तथ्यलाई पुनः पुष्टि गरेको छ।

उद्धार तथा वेपत्ता भएका व्यक्तिहरूको खोजी कार्यलाई थप प्रभावकारी एवम् व्यवस्थित बनाउन नेपाल प्रहरीले T2T (Timure To Triveni) Operation सञ्चालन ल्याएको छ । यस अप्रेशनमा खोज तथा उद्धारमा कुकुरको प्रयोग, होल्डिङ सेन्टरको व्यवस्थापन, समुदाय प्रहरी साझेदारी कार्यक्रम, अपराध नियन्त्रण तथा अनुसन्धान, राहत वितरण तथा पुनर्स्थापना, डिएनए प्रोफाइलिङ एवम् ट्राफिक व्यवस्थापन जस्ता विषयहरूलाई प्राथमिकता दिई कार्य गरिरहेका छन् । त्यसैगरी बाढी प्रभावित क्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्ध कुनै पनि किसिमका अप्रिय घटनाहरू हुन नदिन थप महिला प्रहरी कर्मचारीहरूको टोली केन्द्रबाट खटाइएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय, नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्रको मिति २०८३ असोज २७ गतेसम्मको तथ्याङ्क अनुसार यस विपद्मा प्रभावित स्थानबाट जम्मा ९२८७ जनाको उद्धार गरिएको छ। मृत्यु भई फेला परेका पुरुष ५८६, महिला ३३६, आंशिक अंग ५३६ गरी जम्मा १४५८ को मुचुल्का गरिएको छ भने ११२ जनाको शव आफन्तलाई बुझाइएको छ । त्यसैगरी १३३५ शवलाई जमिनमुनि सुरक्षित राखिएको छ। स्वदेशी ४०४५ र विदेशी ६७५ गरी जम्मा ४७२० अझै वेपत्ता भएका छन्। शवबाट १३३७ र वेपत्ताको आफन्तबाट २०९० गरी जम्मा ३४२७ जनाको DNA संकलन गरिएको छ । यस विपद्मा नेपाल प्रहरीका ६५ जना प्रहरी कर्मचारी प्रभावित भएका थिए भने ३ जनाको शव फेला परेको र २५ प्रहरी कर्मचारी अझै सम्पर्क विहिन रहेका छन्। शवको पहिचान गर्न सहजताको लागि नेपाल प्रहरीको आधिकारिक वेवसाइटमा १४३८ शवको फोटोहरू अपलोड गरिएको छ। त्यसैगरी विपद्मा परेकाहरूको लागि होल्डिङ सेन्टरको व्यवस्था गरिएको छ जसमा हाल १२४५ जना रहेका छन्। यस विषम घडीमा नेपाल प्रहरीबाट ७९७५ जना जनशक्ति परिचालन भएका छन् भने विपद् प्रभावित क्षेत्रहरूमा आपराधिक गतिविधि हुन नदिन प्रहरीले हालसम्म २७० जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ जसमा ६५०९६ जना लाभान्वित भएका छन्।

यद्यपि, यो भीषण प्राकृतिक विपद्ले नेपालको राष्ट्रिय संकट व्यवस्थापन र पूर्व तयारीको प्रणालीमाथि केही गम्भीर प्रश्नहरू खडा गरेको छ। बाढीले दर्जनौं पक्की पुल र सडक पूर्ण रूपमा बगाउँदा उद्धार टोलीहरूलाई घटनास्थलसम्म पुग्न र हवाई उद्धारमा समेत मौसमका कारण कठिनाइ उत्पन्न भयो। भविष्यमा यस्ता समस्या हुन नदिन सुरक्षा संयन्त्रहरूलाई अत्याधुनिक प्रविधि र स्रोत साधनले अझ बढी सुसज्जित बनाउनुपर्ने आवश्यकता देखाउँछ।

# विषयसूची

## व्यावसायिक सामग्री


- सरकारवादी फौजदारी मुद्दाको.......... ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी १
- ट्राफिक व्यवस्थापन र मानवीय.......... ✍ हरिहर नाथ योगी १५
- जाहेरी दरखास्त दर्ता र प्रतिपादित नजिर ✍ प्र ना उ कृष्ण खड्का २९
- नेपालमा मिटर ब्याज समस्या, असर र.......... ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय ४०
- मालवाहक सवारीको भार: क्षमता, कानुन... ✍ प्र व ना नि बिष्णु थापा ६३
- समुदाय-प्रहरी साझेदारीः आधुनिक..... ✍ रोहित कुमार राउत ९०


## साहित्य / विविध


- ओइरेकाको मह मन्थन ✍ युवराज नयाँघरे ८
- दरको मौलिकता ✍ दीपा भट्ट जोशी २१
- सन्तुष्टि ✍ रन्जना पराजुली लम्साल २३
- भगवान्‌को उत्पत्ति ✍ यशु श्रेष्ठ २४
- जन्मपूजा ✍ रामकुमार पण्डित २७
- तराजु ✍ डा प्रेमराज सिलवाल ३७
- डाँडामाथिको आशाः इच्छाकामनासम्मको..... ✍ मुरारीराज मिश्र ४४
- योजनाबद्ध विकासको महत्व ✍ सुदर्शन अधिकारी ४८
- गौरवको गाथा र उम्दाको उर्दीः ✍ श्रीहरि के. सी ५३
- सामाजिक सञ्जालमाः स्याडो र ज्याकी ✍ स. प्रा गोबिन्द बहादुर कुँवर ५७
- अन्धकारमा गह्रौं पाइला ✍ लीलाराज दाहाल ६७
- भिसाको प्रतिक्षा ✍ रामप्रसाद घिताल ७३
- प्रकृति अर्थात् हिमाली साहित्य ✍ बद्रीप्रसाद ढकाल ७४
- नाकको चिन्ता ✍ युगल बसेल ७९
- अति सर्वत्र वर्जयेत्ः ✍ राजेमान के. सी ८३
- नेपालमा लामखुट्टेजन्य रोग जापनिज....... ✍ मंचिता कुमारी अर्याल ८६
- हराउँदै गएको दरको मर्म ✍ सीताकुमारी न्यौपाने घिताल ९३

- ♦ अहङ्कार रहित जीवन ✍ रत्न प्रजापति ९६
- ♦ "स्पन्दनको /जीवनको संगीत" ✍ दशराज शाक्य १०१
- ♦ इन्द्रजात्रामा देखिने नाचहरू ✍ त्रिचन्द्र प्रतिक्षा १०३


## गीत / कविता /गजल


- ♦ जसले अरुलाई बचायो! ✍ जयश्वर रिमाल २०
- ♦ औंतारी भानु ! ✍ पदम दाहाल २८
- ♦ आमाजस्तै मुलुक हो ✍ डा बमबहादुर थापा 'जिताली' ५२
- ♦ नसाबाट आशातिर ✍ प्र नि राजेन्द्र लामा ६२
- ♦ बुवा ✍ शान्तिराम भट्टराई 'शाराभ सिन्धु' ७८
- ♦ विना बर्दी ✍ रमादेवी शर्मा 'कन्चन' ८२
- ♦ पृथ्वी कस-कसको ✍ बिन्दु अधिकारी ढकाल ८९
- ♦ प्रकृतिको यात्रा ✍ मुक्ति पोखरेल ९२
- ♦ गजल ✍ बाबुकाजी सुवाल 'विकेश निराशी' ९५
- ♦ पिर बढ्यो ✍ दिपकराज विश्वकर्मा १०२
- ♦ गजल ✍ प्र स ह टीकाराम दुलाल १०७
- ♦ बाहुपाशमा आइदेऊ न ✍ मिथिलेश आदित्य १०८
- ♦ आज आकाश किन सुनसान छ ? ✍ शशीश्री आचार्य १०९
- ♦ सुसेलीका तरङ्गहरू ✍ सिजन श्रेष्ठ ११२


## स्थायी स्तम्भ


- ♦ इतिहासको पानाबाट ११०
- ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू संकलन : प्र व ना नि संगीता कार्की १११
- ♦ रसबस संकलन : प्र ज अभिन गुरुङ १११
- ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित ११२


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनका समस्या र सुधारका क्षेत्रहरु



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी[°]

**१. पृष्ठभूमि**

सरकारवादी फौजदारी मुद्दाको अभियोजन नागरिकको अभिभावकीय भूमिकामा राज्यले गर्दछ । पीडित पक्षको वारदातको जानकारी दिने तथा वारदातका सम्बन्धमा गवाह हुने भूमिका रहन्छ । गम्भीर प्रकृतिका फौजदारी मुद्दा सरकारवादी भई हेरिनुको मुख्य कारणमा सरकारसँग स्रोत साधन हुनु, पीडित कमजोर हुने हुँदा प्रमाण संकलन गर्न सक्षम नहुनु, अनुसन्धानका लागि प्रक्रिया, पहुँच, पद्धतिको ज्ञान सबै व्यक्तिमा नहुनु, कानुन उल्लङ्घनकर्तालाई सजाय दिनु तथा शान्ति सुरक्षा कायम गर्नु राज्यको काम कर्तव्य हुने आदिले गर्दा पीडित व्यक्तिको तर्फबाट राज्यले जिम्मेवारी लिएको हुन्छ ।

अनुसन्धान गर्ने निकाय तथा अभियोजन गर्ने निकायले प्रत्यक्षतः पीडित व्यक्तिको प्रतिनिधित्व गरी कार्य गर्ने हुँदा यी निकायबाट सम्पादित कार्यमा पीडितलाई केन्द्रमा राखेर कानुन बमोजिमको दायित्व सफलतापूर्वक एवम् सक्षमताका साथ निर्वाह गर्नु पर्दछ र यसको परिणामबाट समाजमा सकारात्मक सन्देश जानु पर्दछ । ताकि पीडितले न्याय पाएको अनुभूति गरोस्, जनताले सुरक्षित महसुस गरोस् र पीडकले सजाय पाओस् ।

**२. सरकारवादी फौजदारी मुद्दा**

अपराध नियन्त्रण र समाजमा शान्ति सुरक्षा राज्यको प्रमुख कार्य हो । अपराध कुनै व्यक्ति विशेष विरूद्ध मात्र लक्षित नभई समाज र राज्य विरूद्ध लक्षित हुने हुँदा सजायको भागी रहन्छ । “A crime is an act that violates the criminal law and is punishable by the state. A crime is considered an offence against the state rather than an act against specific individual."![1] कानुनले तोकेका अपराधजन्य फौजदारी प्रकृतिका

[°]सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

१. John E. Conklin, CRIMINOLOGY, (Fifth edition), Allyn & Bacon, (1995) p. 6.

विषयलाई सरकारको तर्फबाट अनुसन्धान तथा अभियोजन गरिने मुद्दाहरू सरकारवादी फौजदारी मुद्दा हुन् ।

सरकारवादी फौजदारी मुद्दा हुनका लागि अपराध भनी राज्यले घोषणा गरेको हुनु पर्दछ र उक्त मुद्दालाई सरकारले अनुसन्धान र अभियोजन गर्ने भनी कानुनतः स्पष्ट तोकिएको हुन्छ । फौजदारी मुद्दा अपराध, अभियोजन, सजायसँग सम्बन्धित रहेको हुन्छ । राज्यले अपराध नियन्त्रण कार्यका लागि स्पष्ट अपराध नीति, दण्ड नीति तथा दण्ड विधान बनाएर कार्यान्वयनका लागि स्पष्ट संयन्त्रहरू बनाएको हुन्छ ।

फौजदारी कारबाहीको उद्देश्य कुनै अपराधको आरोप लागेको व्यक्ति दोषी हो होइन, दोषी सावित गर्नलाई के कस्ता प्रमाण रहेका छन् र यदि दोषी हो भने कस्तो अपराध गरेकै ठहरिन्छ र उस उपर कस्तो सजाय हुनु पर्ने हो भन्ने निर्क्यौल गर्दछ ।

प्रचलित कानुन बमोजिम सरकारवादी भई हेरिने फौजदारी मुद्दाहरूमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र अनुसूची २ मा समावेश भएका मुद्दाहरू हुन् । साथै प्रचलित कानुनमा वा नेपाल राजपत्रमा प्रकाशित गरी ती अनुसूचीमा सूचीबद्ध भएको मानिने गरी तोकिएका मुद्दाहरू समेत सरकारवादी फौजदारी मुद्दा भित्र पर्दछन् ।

**३. अपराध अनुसन्धान प्रणाली**

आपराधिक क्रियाकलाप उपर नियन्त्रण गर्ने कार्य सबै राज्यको मुख्य कार्य मानिन्छ । घटित अपराधमा अनुसन्धान र अभियोजनका प्रक्रिया भने सबै देशमा समान प्रकृतिका छैनन् । सम्बन्धित देशको कानुन, अभ्यास, प्रयोगका आधारमा फरक फरक पद्धति अपनाएको पाइन्छ । त्यसलाई समग्रमा हेर्दा मूलतः तीन प्रकारको पद्धति प्रयोगमा आएको पाइन्छ ।

बेलायत र बेलायतको कानुन प्रणाली (Common law system) बाट प्रभावित देशहरू जस्तै संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, भारत, थाइल्याण्ड, जापान आदि देशहरूले अभियोजनात्मक प्रणाली (Adversarial system), फ्रान्स, इटली, नर्वे, डेनमार्क, स्वीडेन, अष्ट्रिया, फिनल्याण्ड, जर्मनी आदि Civil law system बाट प्रभावित देशहरूले अन्वेषणात्मक प्रणाली (Inquisitorial system) र अन्य केही देशहरूले मिश्रित प्रणाली (Mixed system/Hybrid system) अपनाएको पाइन्छ जसमा अभियोजनात्मक र अन्वेषणात्मक दुवै पद्धतिका विशेषतालाई मिश्रित रूपमा अंगीकार गरिएको हुन्छ ।[२]

२. सूर्यप्रसाद कोइराला, धर्मराज पौडेल, अनुसन्धान र अभियोजन निकायका बीचमा सम्बन्ध सुधार सम्बन्धी प्रयासको अनुभव, अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारिता, महान्यायाधिवक्ताको कार्यालय र युनाइटेड स्टेट्स इन्सिच्युट अफ पिस, २०६९, पृ. ९२ ।

**४. अभियोजन**

कुनै पनि व्यक्तिले राज्यको फौजदारी कानुनले निषेधित गरेका क्रियाकलाप गरेमा कानुन बमोजिम अभियोजन गर्ने गरिन्छ । अपराध अनुसन्धानबाट संकलित प्रमाणबाट कुनै पनि व्यक्तिले अपराध गरेको पुष्टि भएमा सम्बन्धित तथ्य, संकलित प्रमाण र प्रचलित कानुनको आधारमा सक्षम न्यायिक निकाय समक्ष राज्यको तर्फबाट अपराध गरेको आरोप लगाउने गरी भएको निर्णय अभियोजन हो ।

अभियोजन कार्यका लागि कानुनको ज्ञान, कार्य कुशलता, परिणामप्रति विश्वास, उच्च नैतिक चरित्र, न्यायका उपभोक्ताहरू प्रतिको विश्वास तथा तथ्य, प्रमाण र कानुनका आधारमा अभियोजन गर्ने गुणहरू विद्यमान हुनु पर्छ । अभियोजन गर्ने निर्णय आफै न्यायिक प्रकृतिको भएको हुँदा अभियोजनका चरणमा पनि फौजदारी न्यायका सिद्धान्तलाई अंगीकार गरी निर्णय गर्नु पर्दछ । अभियोजनको निर्णय स्वच्छ, निष्पक्ष हुनु पर्दछ । सरकारी वकिलबाट भएको निर्णयमा आधार कारण खुलाउनु पर्दछ ।

सरकारको तर्फबाट अभियोजनको मुख्य जिम्मेवारी संविधानले महान्यायाधिवक्तालाई प्रदान गरेको छ । नेपालको संविधानको धारा १५८ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्दै उपधारा (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई प्रदान गरिएको छ ।

महान्यायाधिवक्ताले उपधारा (७) बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकिललाई सुम्पन सक्ने संवैधानिक व्यवस्था बमोजिम शर्त सहित अभियोजन गर्ने वा नगर्ने अधिकार मातहतका सरकारी वकिललाई प्रदान गरिएको अवस्था छ ।

**५. अपराध अनुसन्धान र अभियोजनका समस्याहरू**

अपराध अनुसन्धान र अभियोजनमा देखिएका समस्या वा त्रुटिहरू कुनै लामो समय देखिका रहेका छन् । कुनै नयाँ पनि रहेका छन् । तथापि ती समस्या वा त्रुटि सुधार हुनै नसक्ने भन्ने होइन । अनुसन्धानकर्ता र अभियोजनकर्ता सरकारी वकिलको व्यवहार, कार्य क्षमता, शैली परिवर्तन गर्न सकेमा धेरै सुधार गर्न सकिन्छ । साथै नयाँ परिवर्तित सन्दर्भ र कानुन अनुसार परिवर्तन हुन जरूरी पनि

छ । अपराध अनुसन्धान र अभियोजनका सबालमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा निर्देशात्मक आदेश पालना गर्नु पर्दछ ।

फौजदारी न्याय प्रशासनको प्रभावकारिता वा सबलीकरण विना राज्य सञ्चालन नै सम्भव हुँदैन । नागरिकको हक अधिकार संरक्षण गर्न, कानुनी शासन कायम गर्न, दण्डहीनताको अन्त्य गर्न, विकास निर्माण, लगानी विस्तार र अर्थतन्त्र सञ्चालन गर्न पनि फौजदारी न्याय प्रशासन अत्यावश्यक हुन्छ । अपराधको वृद्धिको अनुपातमा जनशक्ति वृद्धि, विधिविज्ञान प्रयोगशालाको विस्तार र पर्याप्तता आवश्यक पूर्वाधार र सामग्रीको व्यवस्थापन तथा प्रविधिको प्रयोग हुन पर्ने देखिन्छ । अनुसन्धान तथा अभियोजन फौजदारी न्यायका सिद्धान्त तथा मान्यताका आधारमा गर्नु पर्दछ ।

अभियोजन र अभियोग पत्र लेखनका लागि चेकलिस्ट बनाई प्रत्येक मुद्दामा सो बमोजिम कार्य प्रगति स्वयं अभियोजनकर्ताले जाँची हेरी मात्र अदालतमा मुद्दा पेस गर्नु पर्दछ । आधुनिक फौजदारी न्याय प्रशासनमा अवलम्बन गरिएका बाल न्याय, पीडित न्याय, सजायको दावीमा छुट लिने लगायतका विषयमा सो अनुसार गर्नु पर्दछ । संगठित वा समूहगत रूपमा गरिएका अपराध तथा मुद्रा निर्मलीकरण लगायतका विषयमा यथेष्ट प्रमाणको आधारमा अभियोजन सम्बन्धी कार्य गर्नु पर्दछ ।

**अभियोजन गर्दा ध्यान दिनु पर्ने विषयहरू देहाय बमोजिम रहेका छन्:**

- आपराधिक कार्य (Actus Reus/ Corpus Delicti) स्थापित गर्नु पर्दछ ।
- अपराध र शंकितको सम्बन्ध स्थापित गर्नु पर्दछ ।
- प्रमाणहरूबीच परस्पर पुष्ट्याइँ (Corroboration ) गर्नु पर्दछ ।
- फौजदारी न्यायका मान्य सिद्धान्त पालना गर्नु पर्दछ ।
- कसुर, सजाय, बिगो तथा क्षतिपूर्ति सम्बन्धमा कुन कानुन आकर्षित हुन्छ ।
- अभियुक्तको पहिचान, हैसियत तथा सम्पत्ति सम्बन्धी प्रमाण उल्लेख गर्नु पर्दछ ।
- अभियुक्त उपरको अभियोग र त्यसको आधार उल्लेख गर्नु पर्दछ ।
- अभियुक्तले अपराध गरेको कुरा प्रमाणित गर्ने दसी प्रमाण वा जफतको मागदाबी लिइएका मालसामान, अन्य सम्पत्ति र त्यसको विवरण समावेश हुनु पर्दछ ।
- पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजानार्थ आवश्यक विवरण र सम्बन्धित प्रतिवादीको हक पुग्ने सम्पत्तिको प्रमाण

सहितको विवरण हुनु पर्दछ ।

- पटके कसुरमा थप सजाय हुनुपर्ने अवस्था भएमा पहिले सजाय पाएको मिति, मुद्दा र अदालतको नाम सहितको विवरण)
- खास किसिमका सानातिना मुद्दा दायर गर्नु व्यावहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएमा मुद्दा दायर नगर्ने निर्णय गर्न सकिने ।
- समान तथ्य र प्रमाण भएको मुद्दामा अभियोजनको निर्णयमा एकरूपता हुनुपर्ने ।
- एकै विषयमा सामान्य कानुन र विशेष ऐनको व्यवस्था भएमा विशेष ऐन लागु हुने ।
- सजायमा छुटको दाबी लिन सकिने अवस्थामा सो दाबी लिने ।
- मामुली हानी नोक्सानीमा अभियोजन गर्न व्यावहारिक नहुने ।
- समूहबाट भएको कसुरमा सामूहिक दायित्व हुने ।
- थप दाबी लिने वा नलिने सम्बन्धमा ख्याल गर्नु पर्ने ।

**६.अनुसन्धान तथा अभियोजनका समस्याहरू**

- Court Jurisdiction (वैदेशिक रोजगार, ठगी वा मानव तस्कारी तथा बाल अदालत वा सामान्य अदालत, Personal Jurisdiction अन्तर्गतको मुद्दा कुन अदालतले सुनुवाइ गर्ने आदि)
- Correction (निर्देशन मार्फत मुद्दाको जरिया पहिचान गर्न नसक्नु)
- Concept Clear नहुनु (अपराध, तौरतरिका, वारदातको प्रकृति, आकर्षित हुने कानुन, संगठित र समूहगत अपराध, थप सजाय हुने अवस्था आदिमा)
- Content पूरा अध्ययन नगर्नु (आकर्षित हुने सम्बन्धित कानुन र मिसिल पूरै अध्ययन नगरी धारणा बनाई दफा प्रयोग गर्ने)
- Connection नहेर्नु (अपराध र शंकित तथा कानुनहरू बिच)
- Confidentiality कायम नगर्नु (शंकित, पीडित)
- Check bounce, Cheating & Improper transactions मा जाहेरवाला र प्रतिवादीले एक अर्का बिच जाहेरी दिने र अभियोगपत्र समेत एक अर्का बिच दायर हुने गरी प्रयोग हुने गरेको
- Civil case वा मामिलालाई Criminal मामिला बनाई वारदातमा Convert गर्न खोज्नु
- Corpus Delicti स्थापित नगर्नु
- Corroboration नहुनु (प्रमाणहरू परस्पर पुष्टयाइँ)
- Cause and reason prosecution मा उल्लेख नहुनु
- Claim Amount पुष्टि गर्ने विल भरपाइ लिखत वा आधार मिसिल

संलग्न नहुनु

- Compensation निर्धारणका लागि आधार उल्लेख नहुनु
- Code of Conduct (सरकारी वकिलको), Prosecution Policy & Guideline को पालना नगर्नु
- Coordination अपेक्षित नहुनु
- Counseling (साक्षीले उचित परामर्श) नपाउनु
- Charge sheet हुनु पूर्व Investigation report प्रकाशित वा Disclose हुनु
- Circular & Direction (प्रहरी प्रधान कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका परिपत्र तथा निर्देशन) अनुसार कार्य नगर्नु
- Change (कानुनमा भएका) लाई Challenge महसुस गर्नु
- Cool mind ले अभियोजन सम्बन्धी काम गर्न पर्याप्त समय नपाउनु
- Complain Handle को लागि उचित संयन्त्र वा संरचनाको विकास नगरिनु
- Circumstance प्रतिकूल महसुस गर्नु
- Confidence (अध्ययन, स्वायत्तता वा सुरक्षा आदिका कारण) बढाउन नसक्नु

**७. सुधारका क्षेत्रहरू**

- अनुसन्धानकर्ता र अभियोजनकर्ता सरकारी वकिलको व्यवहार, कार्य क्षमता, शैली परिवर्तन गर्न सकेमा धेरै सुधार गर्न सकिन्छ।
- नयाँ परिवर्तित सन्दर्भ, कानुन, सिद्धान्त अनुसार कार्य गर्नु जरूरी छ।
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा निर्देशात्मक आदेश पालना गर्नु पर्दछ।
- विधिविज्ञान प्रयोगशालाको विस्तार र पर्याप्तता आवश्यक पूर्वाधार र सामग्रीको व्यवस्थापन तथा प्रविधिको प्रयोग हुन पर्ने देखिन्छ।
- अभियोजन र अभियोगपत्र लेखनका लागि चेकलिस्ट बनाई प्रत्येक मुद्दामा सो बमोजिम जाँची अदालतमा मुद्दा पेस गर्नु पर्दछ।
- प्रहरी प्रतिवेदन र अभद्र व्यवहार मुद्दाको सम्बन्ध धेरै नजिक बनाउनु हुँदैन।
- बाल न्याय, पीडित न्याय, सजायको दाबीमा छुट लिने लगायतका विषयमा सो अनुसार गर्नु पर्दछ।
- संगठित वा समूहगत रूपमा गरिएका अपराध तथा सम्पत्ति शुद्धीकरण लगायतका विषय प्रमाणको आधारमा पुष्टि गरी अभियोजन गर्नु पर्दछ।
- जाहेरी परे पछि Criminal Record System CRS मा राख्ने तर हटाउन सरकारी वकिल कार्यालयमा सोध्ने अवस्थाको अन्त्य गर्नु पर्दछ।

- फैसला बुझ्ने र पुनरावेदन कारबाही स्वचालित र समयमै गर्नु पर्दछ ।

८. **निष्कर्ष**

प्रविधि र विकासले नयाँ गति लिए पनि नेपालको अपराध अनुसन्धान र अभियोजन परम्परागत पद्धतिमा भर परिरहेको छ । अपराधको अनुसन्धान तथा अभियोजन फौजदारी न्यायको आधारभूत कार्य हुन् । अपराधको अनुसन्धान तथा अभियोजन सही र प्रभावकारी हुन सकेनन् भने यसपछि जतिसुकै प्रयास गरे पनि मुद्दामा सफलता हासिल हुन सक्दैन ।

यस कार्यका लागि अपराध अनुसन्धान कार्यको गहनता र महत्व बुझेको, अनुसन्धान सम्बन्धी आधारभूत ज्ञान भएको, भौतिक प्रमाणको समुचित संरक्षण र संकलन गर्न सक्ने, आवश्यक सूचना प्राप्त गर्ने, प्रभावकारी बयान लिन सक्ने, प्रमाण कागजातको व्यवस्थित संकलन संरक्षण गरी तिनको तर्कपूर्ण सम्बन्ध स्थापना गर्न सक्ने अनुसन्धान अधिकृत हुनु जरूरी हुन्छ । साथै अनुसन्धान कार्यलाई सही दिशानिर्देश गर्न सक्ने, संकलित प्रमाण, घटित वारदात र कानुनको समुचित समायोजन गरी उपयुक्त विश्लेषण सहित अभियोजन गर्न सक्ने अभियोजनकर्ताको आवश्यक पर्दछ ।

यातायात, सञ्चार र प्रविधिको विकाससँगै अपराधको प्रकृति र अपराधीको अपराध गर्ने शैलीमा आएको परिवर्तनले अपराध अनुसन्धान र अभियोजनको कार्यलाई चुनौतीपूर्ण बनाएको छ । परम्परागत शैलीका अपराधमा पनि नयाँ प्रविधि र माध्यमको प्रयोगले जटिलता थपिएको छ । अबको समयमा अपराध गर्न भौतिक उपस्थिति अनिवार्य हुन पर्ने अवस्था छैन ।

यसले अपराध अनुसन्धान र अभियोजनमा थप चुनौती थपिदिएको छ । चुनौतीलाई सही रूपमा व्यवस्थापन गर्न सकियो भने समस्या मात्र होइन यो नयाँ गति र मोडमा जान सकिने अवसर पनि हुन सक्छ । यसका लागि अनुसन्धान तथा अभियोजनमा संलग्न जनशक्तिलाई व्यावसायिक बनाउँदै समयानुकूल स्रोत साधनको प्रयोगबाट फौजदारी न्यायप्रशासनलाई सबलीकरण गर्नु पर्दछ ।

फौजदारी न्याय प्रशासनलाई राज्यका अन्य कार्यसँग जोडी उच्च प्राथमिकतामा राखिनु पर्दछ । अपराध अनुसन्धान र अभियोजनको कार्य प्रहरी र सरकारी वकिलको मात्र हो भन्ने मानसिकता त्यागी उनीहरूको जिम्मेवारी भए पनि आवश्यक सहयोग र समन्वय सबै निकायबाट हुनु आवश्यक छ । यसभित्रका समस्या तथा  चुनौतीलाई पहिचान गरी सुधारका लागि बेलैमा ध्यान पुर्‍याउन आवश्यक छ ।

♦♦♦

नियात्रा

# ओइरेकाको मह मन्थन



✍ **युवराज नयाँघरे**

थोरै समयमा धेरै जना भेट्नु छ!

बिहान, बेलुका, साँझ, राति जतिबेलै पनि जान र हिँड्न तयारी हुन्थैँ म। जुनै बेला नि जोसुकै र जस्तै हालतमा भेट्नु पर्छ भन्ठान्थैँ म।

मिल्सन स्ट्रिटबाट फर्केपछि दुर्गा दिदी र म फेरि घरबाट बाहिरियौँ। एक जना पुराना र दिग्गज पण्डित भेट्ने हाम्रो योजना बन्यो।

'भाइ त्यहाँ जाँदा राम्रै हुन्छ।'

दिदीले भनेपछि भाइले आनाकानी गर्ने कुरै भएन।

हावा बेस्सरी चलेको थियो। तर घामले जितिरहेको थियो। पामस्टन नर्थको हरियालीले सजाएको मिठो मौसमले हृदय आलोकित थियो।

हामी दोबाटोमा थियौँ। बाटो काट्ने मोडमा एउटा कार आएर घ्याच्च रोकियो।

'बडी कतातिर हो ?'

गाडीबाट आवाज आयो।

'त्यहाँ पर जान लागेको। मेरा भाइ नेपालबाट आउनु भको। पण्डितलाई भेटाइदिन खोजेको।'

दिदीले बेलिबिस्तार लाइन्।

गाडीबाटै आवाज आयो- 'ए नमस्ते सर। जाऔँ घुम्न। म डुलाउँछु आज।'

'लु-लु भाइ विदुर।'

दुर्गा दिदीले यसो भन्दै गाडीमा पस्नु भयो। मै पनि भित्रिएँ।

गाडीभित्र एउटी सानी नानी आफ्नै झोलुङ्गो जस्तो सिटमा थिइन्। न्युजिल्याण्डमा केटाकेटी राख्ने छुट्टै सिट हुने रहेछ। ठूला मान्छेका काखमा राखिने छैन रहेछ।

दुर्गा दिदी र म आ-आफ्नो सिटमा बस्यौँ। मेरो भाग अगाडि जुऱ्यो। दिदी पछाडि।

'बडी र बुबालाई नमस्ते गर छोरी।'

विदुरले दुई पटक दोहोऱ्याए। ती सानीले आदर देखाइन् हामीलाई।

नयाँ, अनौठा र बेग्लै अनुहारसँग देख्दा सानी केटी अल्मलिएकी हुनु पर्छ। घरमा धेरैले अंग्रेजीमा कुरा गरिरहँदा सानीले झट्ट कुरा बुझेकी थिइनन् कि ?

गाडी हुइँकियो।

जोनिसा रहेछ- सानी छोरीको नाम । 'घरमा सानो छोरा छ' भनिन्- भाइ नभनेर । समाजबाट पर-पर भएको एउटा गतिलो संकेत थियो जोनिसाले केलाउन नसकेको सम्बन्ध ।

दिन उज्यालै थियो ।

पामस्टन नर्थको मूल सिटीतिर नलागी हामी अर्कै बाटोतिर लाग्यौँ । यहीँबाट निकै खेप विलिङ्टन र अन्य ठाउँ गएको हुनाले अब म धेरै कुरासँग चिनिएको थिएँ ।

बाटामा दायाँ-बायाँ ठूला-ठूला पाटा भएका खेत, बारी र फाँट थिए । त्यहाँ गाईका बथान एकनासले चरिरहेका देखिन्थे ।

कतै बाच्छा-बाच्छी मात्र, कतै कोरला-कोरली मात्रै, कतै बडेमानका कल्चौडा भएका गाई मात्रै चरिरहेका देखिन्थे । वेगिएको कारमा घर व्यवहारका, सन्तानका, कमाइ-धमाइका कुरा हुन्छन् ।

भुटान, अमेरिका, नर्वेतिर छरिएका आफन्तका कुरा हुन्छन् । डेनमार्क, अष्ट्रेलिया, क्यानडातिर गएका आफ्नाबारे चर्चा हुन्छ । नेपालमै बसेका नातेदारका बोली, व्यवहार र आनीबानीबारे नि राम्रै गफ चल्छ- विदुर पौडेल र दुर्गामाया पौडेलको ।

बाटोभरि गाडीका ताँती छन् । कतै होहल्ला, चर्को स्वा वा टाँटाँ-टिँटिँको एक थोपो सुनिदैन ।

कतै थुम्का र कतै टार, कतै खोल्सा र कतै फाँटिला लम्बेतान गराहरू झ्वासझ्वासी आइरहन्छन् ।

'भाइ, यो कस्तो जनावर हो ?'

'ल्याम भन्छन् यसलाई । ऊँट र भेडा मिसिएर बनेको रे दाइ यसको जन्म ।'

विदुरले देब्रेतिर ल्यामका बथान चिनाए । मैले धेरै ठाउँमा देखेथेँ यस्ता राता, काला, सेता ल्यामका बथान ।

मासु, छाला र भुत्लाका लागि न्युजिल्याण्डमा पनि पालिने रहेछ । ऊँटजस्तो अग्लो ज्यान र थुतुनो चैं नाटीकुटी भेडा जस्ता । बार नाघेर आउन नसक्ने गरी बसेका थिए- ल्याम । काठे बारलाई छेउ-छेउमा घाँसे धोक्रा निकै राम्रोसँग कसिकसाउ गरी राखिएथे । प्लास्टिकका बोराले दह्रोसँग बेरबार पारिएका त्यस्ता घाँसे बिटा बाटाभरि धेरै ठाउँमा देख्थेँ म ।

'यस्ता घाँसे भारी त ठूला-ठूला घोडा गाडी, ट्रक देशभरि यताउता पुऱ्याएका हुन्छन् ।'

विदुरले मेरो खसखस पूरा गरेथे अलिक अघि ।

राजधानी विलिङ्टन जाने मुख्य बाटो भएरै गएको बाटोमा हामी हुइँकिइरहेका छौँ । आज दिन उज्यालो र निकै न्यानो छ । न्युजिल्याण्डका मिठा दिनमै यो पनि पर्छ मेरा लागि ।

धेरै ठाउँमा घोडा पालिएका देखिन्थे । घोडालाई साह्रै माया गरेको लाग्थ्यो । हरेक घोडाका ढाडमा न्याना लुगा ओढाइएको थियो ।

न्युजिल्याण्डमा खेती, पशुपालनमा ठूलाठूला मेसिन, गाडी, हेलिकप्टर आदिको प्रयोग भए पनि घोडाको प्रयोग पनि हुने नै रै'छ ।

'छिटो, चाँडो र जहाँ पनि दौडाउन मिलेकाले घोडाको स्याहार बढ्ता होला ।'

हामीले गफ गर्‍यौँ ।

'साँच्चि मेरा भाइ, हामीलाई काँ लगेको ?'

दुर्गा दिदी बोलेको सुनेँ ।

'मह किन्न । दिदी, सरलाई मह नि चखाउनु पर्‍यो । घरमा बुबालाई मह खुवाउनु छ ।'

विदुर बोल्न थाले- 'अन्तको भन्दा ओइरेकाको मह दामी हुन्छ ।'

'त्यहाँ मानुका मह नि पाइन्छ ।'

भाइ बोलेपछि मलाई खसखस भो । उनै जानकार परेपछि नसोधी बस्ने कुरै भएन ।

'भनेपछि आज उखान पूरा उखान फेरिने भो ?'

विदुर मतिर फर्किए- 'कसो पो सर ?'

'मह काड्नेले हात चाट्छ भन्ने सुनेकै हो । अब मह ल्याउनेका साथ जाँदा बट्टा चैँ देखिने भो ।'

मेरो कुराले हँसायो सबैलाई ।

गफ र गाडी मिलेका छन् । हाम्रा कुराले ठेलेको हो कि गाडीलाई । उसको गति निकै चर्को देखिन्छ ।

म त हरिया झुप्पीका बोटलाई नै बार बनाएको खेत, फाँट जोगाएको देखेर रमाइरहेको छु । अग्ला-अग्ला बोटले नै बारबेरको काम गरेको देख्दा अनौठो लागेर आँखा पक्कै पर्छन् ।

'यता कत्तिको मह हुन्छ नि भाइ ?'

सोधिरहेको छु ।

छेउमा भएको हुनाले विदुरले गाडी चलाएको मज्जाले देखिरहेको छु । उनी कुइनेटो छलेर सजिलो बाटोमा पुगे पछि बोल्छन् ।

'हुन्छ नि । न्युजिल्याण्डभरि धेरै ठाउँमा हुन्छ । किबीहरू मह भनेपछि साह्रै हत्ते हाल्छन् ।'

ठूला-ठूला गाडी गएका देख्ता मन अत्तालिन्थ्यो । झन्डै रेल जस्ता डिब्बा जोडिएका लामा गाडीका लर्कन नाघेपछि विदुर बोले ।

'यिनको छेउछाउमा परिहाल्नु हुँदैन । कहिलेकाहीँ यिनको हावाले नै हुत्याइमा परिन्छ । फेरि यिनका टायरले उच्छिट्ट्याएको ढुंगाले लागेर ऐना झिरिप्पै हुन्छ ।'

'म त अगाडि नि पर्दिन । पछाडि

नि परिहाल्दिनँ ।'

भाइ बोल्दैछन्- बाटो कटिरहेकै छ।

निकै बाटो छिचोलेपछि हरियै पाखो देखियो । भेडाका बथानले छपक्कै ढाकिएथ्यो । भेडाका भुत्ला जिउबाट चुँडिएर भुइँतिर लत्रेको देखिन्थ्यो । भुइँमा अल्झेका ऊनका गुजुल्टाले भेडाको बाटो छेकेको देखिन्थ्यो । कति भेडाहरू कतै भुत्ला खुइलेर नाङ्गै त कतै लामा-लामा भएर माटैमा छुन पुगेको देख्दा हाँसो पनि लाग्थ्यो ।

'एउटै भेडो दुई खालको ?'

म आफैँसँग बोल्थेँ ।

'चारपाटे मुडिएको हालत भएछ यसको ।'

फेरि कुरा खेलाइरहेको छु ।

तोरी फुलेर पहेँलै भएका थुम्के चुलीहरू टुप्लुकिए । अब चैँ मौरी चर्ने डाँडा-पखेरा देखेपछि ठानेँ- 'अब त मह चाट्न पुगिने भइयो कि ?'

ओइरेका पुगिएछ।

अलिक वरैदेखि सूचना पाटीले महमय बनाएथ्यो । मैले अनुमान गरेको मिल्दै गएको लाग्यो ।

गाडी आएको बाटोबाट मोडिएर फेरि त्यही दिशामा बस्यो । किनारभरि निकै लस्कर थियो कार, पजेरो र साना साधनहरूको ।

'भाइ, हामी आइपुग्यौँ कि ?'

'हजुर । अब भेटघाट गर्न मात्र बाँकी छ।'

उत्तरसँगै ढोका खोलेर निस्के विदुर।

म, दुर्गा दिदी सानो चौतारीतिर लाग्यौँ घामको तापलाई छल्न । छेवै रहेको रूखे छहारीमुनि काठे फलेकहरू थिए। हामी बस्यौँ । भाइले छोरी ओराले गाडीबाट।

अगाडि ठूलो मह घर थियो । त्यसको ढोकैदेखि बीस-पच्चीस जनाको हूलहाल थियो । हात-हातमा गरूँगा झोला लिएर उभिएथे । ढोकैमा केटाकेटीको चर्को लस्कर थियो।

घरको मुखैमा मौरीको कलात्मक चित्र देखिन्थ्यो । मौरीका हूल ढोका, झ्यालतिर उडिरहेका चित्र सुन्दर थिए।

हामी घरभित्र पस्यौँ ।

'ओहो, कहाँबाट सुरू गर्नु ?'

'के पो हेर्नु नि ?'

दुर्गा दिदी आफ्नै पारामा बोलिरहेको सुनेँ ।

विदुरकी सानी छोरी जे देखे नि खाने भन्दै थिइन् । उनलाई थम्थमाउन गाह्रो परेको थियो उनलाई।

'पहिला हेर्ने, पछि किन्ने, अनि खाने है त छोरी।'

मैले पनि फकाएँ।

मह घरको पल्लो कुनाबाट म

घुम्न थालेँ।

यहाँ हरेक कुरा मौरी, महसँग सम्बन्धित सरसामग्री नै राखिएका थिए।

मौरीका प्रकारदेखि मौरी कहाँ-कहाँ पाइन्छन् भनेर लेखिएको थियो। क्लोभर, फोइटुक्वा, हनी डे, खेरिया, कमाट्टी, कम हनी, ब्लु बोरेज आदि न्युजिल्याण्डमा पाइने प्रसिद्ध मह रहेछन्।

अझै प्रसिद्धि र नामी रहेछ-मानुका।

अहिले त युरोपका धेरै देशमा मानुका खोजिने रहेछ। मानुका मह न्युजिल्याण्डले युरोपतिर निर्यात गर्ने रहेछ। एउटा टेबलभरि महका बट्टा र काठे चम्चा थिए।

पचासौँ रङ र गुणका थिए मह। मैले निकै कालो र अलिक हलुका घ्यू रङ्गे मह अलग-अलग चाखेँ। एउटा चैँ थोरै गुलियो स्वादको थियो। कालो रङको महमा काफलको जस्तो स्वाद भेटेँ मैले।

उत्तरपट्टि महको चाका नै निकै कलात्मकसँग राखिएथ्यो। त्यसमा भाले मौरी, कर्मी र रानी मौरीलाई ज्यादै सुन्दर पारामा देखाइएथ्यो।

महका लागि काठे घारदेखि आधुनिक खालका अनेक घार त्यहाँ राखिएका थिए।

मौरीबारे धेरै खालका विद्युतीय सामग्री देखिन्थे। छोटा-छोटा डकुमेन्ट्री पनि ठाउँ-ठाउँमा चलिरहेका थिए। मूल प्रदर्शनी कक्षभन्दा बाहिर काठे घार बनाउने ठूलो कारखाना नै रहेछ।

मौरीले रूचाउने अनेकौँ फूल र पानीका मुहान पनि त्यहाँ राखिएका थिए। कतै-कतै हातैले चलाउने मेसिनमा मौरी र चाकाहरू पनि भेटिए।

'घुम्नुस् है आफ्नै पाराले।'

विदुरले बोलेको सुनेँ।

यसो घुम्दै म कुनातिर पुगेँ। पाँच-छ जना केटाकेटी मौरीको घारमा झुम्मिएका थिए। शिशाभित्र राखिएको मौरीको चाकामा जिउँदा मौरी यताउता उड्ने, चाकाभित्र पस्ने गरिरहेथे।

केटाकेटी आफ्नै आँखाले मौरीले घार बनाएको, मह बनाउन जुटेको र चाकालाई हेरविचार गर्ने मौरीको गतिविधि देख्न पाएर फुरूङ्गै भइरहेथे।

दुर्गा दिदी यो र त्यो भन्दै महका बट्टा हेरिरहेकी थिइन्।

'भाइ, कुन पो राम्रो होला नि मह?'

'खोइ दिदी, म त पत्तै पो पाउँदिन।'

'रूघाखोकी लाग्दा अदुवा पानीमा मह घोलेर खानेभन्दा अरू कुरामा चाख दिइन घरमा। हो बाहिर चैं हनी दलेर ब्रेड टोस्ट खाइन्छ बेला-बेलामा।'

उनले कति बुझिन्- मुस्काएर

गइन् दाहिनेतिर ।

महका कथा धेरै रहेछन् यहाँ ।

मह कसरी काँड्ने ? मह कसरी छान्ने ? मह कसरी बट्टामा राख्ने ? यी सबै यहाँ व्याख्या गरिएथे । चित्रमा, छोटा सिनेमाहरूमा र आवाजमा पनि ।

यो निकै रमाइलो लाग्यो ।

प्रदर्शनी कक्षसँगै अर्को भागमा बिक्री कक्ष पनि थियो । त्यसैले हेर्ने, किन्ने र बुझ्नेहरूको भिड सरोबरी थियो । मेरा आँखाले अनौठा-अनौठा दृश्य देखिरहेका थिए ।

'मह काड्दा मौरीले त चिलोस् अब ।'

दुर्गा दिदीले बोलेतिर हेरेँ ।

मुखमा जाली रूमाल सहितको टोपी र तल पूरै शरीर कालो-कालो एउटै कपडा थियो । त्यसलाई प्लास्टिकको मान्छेलाई लगाइएको थियो ।

महका जुसको ताँती उत्तर थियो । अनेकौँ रङका ती जुस राखिएका भाँडा पनि साह्रै कलात्मक थिए ।

ओइरेका हनी सेन्टरले यो भेगमै नाम कमाएको रहेछ । महका आइस चिया, कफी समेत थिए ।

'यता चैँ हाम्रो लागि रहेछ ।'

दुर्गा दिदीले लिपिस्टिक, चिपिस्टिक, ग्लिसरिन लगायतका सिँगार पटारका सामानतिर देखाइन् । महबाट बनेका हरेक सामग्रीको व्यवस्थित प्रचारको प्रस्तुति साह्रै मन पऱ्यो ।

न्युजिल्याण्डको दक्षिणमाभन्दा उत्तरी क्षेत्रबाट धेरै मह उत्पादन हुने रहेछ । दक्षिणको ब्लु बोरेज र हनी डे लोकप्रिय रहेछन् । त्यस्तै उत्तरी भू-भागबाट पोहुटक्वा, क्लोयर, कम्ब हनी, कमही र रिवारिवाको उत्पादन र संकलन गरिने रहेछ । संसारमै रूचाइने मानुका मह पनि उत्तरतिर उत्पादित सामग्री रहेछ ।

महले बनेका चकलेट, केक देखेर रमाइलो लागिरहेको छ । महका अत्यन्तै कलात्मक तस्विर र पोस्टर आकर्षक रूपमा टाँसिएका थिए ।

'अरू के के छन् ?'

म हेर्दैछु र मनसँग कुरा गर्दैछु ।

मह छान्ने जाली, चाका काट्ने कैंची, चक्कु, मह भर्ने सोली थिए । त्यस्तै मौरीलाई आकर्षण दिने अनेकौँ सुगन्धित फूल र बिरूवाका गमला थिए ।

महले बनेका मल्हमका अनेकौँ बट्टाहरू सजाइएथे । मानिसहरू त्यतातिर पनि झुम्मिएको म देखिरहेथेँ ।

'भाइ यता हेर्नु त !'

दिदी बोलेको सुनेपछि म गएँ ।

'ओहो, खास्सा रै'छ त ।'

महका अनेकौँ स्वाद दिने वाइनका बोतल ज्यादै आकर्षक पारामा अनेकौँ लहरमा सुसज्जित थिए । सेता,

खैरा, घ्यू रङ्गे, गुलाबी, पहेँला, बैजनी र खरानी रङ वाइनका बोतल पनि साह्रै लोभलाग्दा थिए ।

मेरा छेउमा त्यसलाई व्याख्या गर्ने एरिना नाउँकी फिजी मूलकी भारतीय महिला थिइन् ।

उनले आफ्नो स्वाद वर्णन गरिन्- 'वाइन पनि औषधी हो । मह पनि औषधी हो । दुवै मिलेपछि झन् महाऔषधी भएन त ?'

उनका कुरा सुन्नेहरू सबैले ताली बजाएर स्वागत गरे । कतिले ताली ठोके । कतिले ओठ नचाएर समर्थन गरे । कतिले बूढी औँला ठड्याएर स्वीकारे ।

मैले पनि मनले ल्याप्चे ठोकेँ । किनभने किनिहाल्न एक सय पचहत्तर डलर थिएन मसँग । त्यसो त त्यहाँ ४ डलरदेखि ४१२ डलरसम्मका वाइन थिए ।

सबै महले तयार गरिएका ती उच्चकोटीका मदिरा थिए ।

१६ नोभेम्बरको घमाइलो दिन ।

म फेरि मह चाट्ने ठाउँतिर आएर अलिक कडा रङको महका तीन थोपा जति चाटेँ ।

भीर मौरीको जस्तो लाग्ने यो मह निकै तिख्खर थियो ।

मेरो छेउमा उभिएको एक जना पञ्जाबीले मलाई सोधे पनि- 'तिम्रो देशमा चिउरीको मह निकै स्वादिलो हुन्छ ।'

गोरखपुरका गुरप्रित अरोराले भने पनि- 'चिउरीको स्वादको मह पाइन्छ कि खोज्छु है ।'

अरोराका साथीले नेपालको कोसेली लगिदिएको उनले सम्झेर भने- 'निकै स्वादिलो र गुणकारी त्यो मह ।'

उनीसँग छुटेर म बाहिर आएँ ।

सबै जना मेरा पर्खाइमा थिए । विदुर, दुर्गा दिदीले महका बट्टा हात-हातमा लिएर हिँड्ने सुर कसेका देखिन्थे । म पनि छेउमै आइपुगेँ ।

'केही खाउँ न त यहाँको कोसेली पात ।'

विदुर बोले ।

मैले जिस्काएँ- 'खाने खालको त सबै ठूलठूला बोतलमा छन् । के पो खाने होला त ? मात्नेभन्दा सबै मताउने खाने कुरा मात्र देख्छु ।'

'जुस खानु नि त नानी ।'

दिदीले सोझो पारामा भनिन् ।

तर मौसम त्यो खालको थिएन । जेहोस्, केही चाखेरै जाने निर्णय भयो । नयाँ ठाउँको नयाँ स्वाद, नयाँ अनुभव- यही कुरा मनमा खेले ।

'लु, यै खाउँ सर ।'

विदुरले महको चखिलो स्वाद दिने आइसक्रिम मगाइ सकेछन् । त्यहीँ खाँदै शितलतिर लाग्यौँ । मन मात्रै होइन विदुरको व्यवहार नि रसिलो थियो– महजस्तै । ♦

# ट्राफिक व्यवस्थापन र मानवीय संवेगबिचको खाडल



✍ हरिहर नाथ योगी

**पृष्ठभूमि**

पछिल्ला दिनमा राजधानीको एकै स्थानमा केही महिनाको अन्तरालमा दुई वटा गम्भीर घटना भए । दुई सवारी चालकले आफूले आफैलाई आगो लगाएर जीवन समाप्त पारे । पहिलो घटनामा त्रिपुरेश्वरस्थित राहदानी विभाग कार्यालय अगाडि नगर प्रहरीले मोटरसाइकलमा ह्वील लक लगाइदिएपछि चालकले आफ्नै शरीरमा पेट्रोल खन्याई आगो लगाउने प्रयास गरे र उपचारको क्रममा निधन भयो । त्यस्तै दोस्रो घटनामा (मिडियामा आए अनुसार) हर्न बजाएकोमा ट्राफिक प्रहरीले कारबाही गर्न लाग्दा त्रिपुरेश्वरमै सार्वजनिक बसका चालकले बसभित्रै आगो लगाए र उपचारका क्रममा भोलिपल्ट निधन भयो ।

उनले के कारणले बसभित्र यस्तो कदम चाले भन्ने आधिकारिक रूपमा खुलेको छैन । तर समाचार माध्यममा ट्राफिक प्रहरीसँग भएको विवादपछि आक्रोशित भएर यस्तो कदम चालेको हुनसक्ने अनुमान गरिए पनि ट्राफिक प्रहरीको प्रत्यक्ष संलग्नता नरहेको समेत प्रहरीले प्रष्ट पारेको छ ।

यसैपनि दैनिक २० लाख सवारी चल्ने काठमाडौंका सडकमा ट्राफिक प्रहरीले दिनहुँ नियम उल्लङ्घन गर्ने सयौं चालकलाई कारबाही गर्नु कुनै नयाँ कुरा होइन । ट्राफिक प्रहरीले नियम लागु नगर्ने हो भने दुर्घटना, जाम र अव्यवस्था अझ बढ्न सक्छ । दुवै घटना मानवीय संवेगको तत्कालीन परिणाम थियो या ट्राफिक प्रहरीको कारबाहीको मात्र परिणाम थियो अनुसन्धानले खुल्दै जाला तर पछिल्ला दुई घटनाले राजधानीको ट्राफिक व्यवस्थापनसँग जोडिएको मानवीय संवेदनाबिचको सन्तुलनलाई गम्भीर बहसको विषय बनाइदिएको छ । यसलाई यसरी हेर्न सकिन्छ ।

**के चालकलाई मात्रै सास्ती छ ?**

काठमाडौं उपत्यकाको सवारी व्यवस्थापन आफैंमा जटिल चुनौतीले भरिएको छ । यहाँ न साना न ठुला न दुई पाङ्ग्रे सबै चालकलाई सवारी सहज रुपमा चलाउन हम्मे नै पर्छ । साँघुरा सडक,

अव्यवस्थित पार्किङ स्थल, बढ्दो सवारी संख्या, सडक पूर्वाधार एवं वैकल्पिक सार्वजनिक यातायातको कमी र प्रविधिमैत्री सूचना प्रणाली नहुनुले पनि हरेक चालकले गन्तव्यमा पुग्ने बेलासम्म अलग्गै दबाब झेल्नुपर्ने अवस्था छ । दैनिक आम्दानीको दबाब, लामो समयको ड्युटी, ट्राफिक जाम, मालिकलाई तिर्नुपर्ने रकमको चापमा हुने होडबाजी र त्यसमाथि जरिवानाको डर । यी सबै सास्ती र समस्याका चालकले भोगिरहेका छन् । तर सास्ती या पूर्वाधार कमीका कारण नियम तोड्न बाध्य हुने भन्ने चालक तर्फको तर्क कति पनि जायज हुँदैन ।

अर्कोतर्फ, ट्राफिक प्रहरीले पनि आफ्नै किसिमका चुनौती भोगिरहेको छ । साँघुरा सडक, बढ्दो सवारी संख्या, अव्यवस्थित पार्किङ र कमजोर पूर्वाधारले ट्राफिक व्यवस्थापनलाई दिनहुँ सकसपूर्ण बनाएको छ । जथाभावी पार्किङ गर्ने, लेन अनुशासन नमान्ने, जथाभावी मोड्ने दर्जनौं समस्याहरू छन् । सरोकारवाला निकायबिच समन्वय अभाव त छदैछ । पर्याप्त सीसीटीभी क्यामेरा छैन । म्यानुअली कारबाही गर्नुपर्दा विवाद र तनाव बढ्ने सम्भावना ज्यादा हुन्छ । सीमित जनशक्ति, प्रविधिको न्यून प्रयोग, बढ्दो सवारी चाप, र दैनिक असन्तुष्ट सर्वसाधारणसँगको प्रत्यक्ष भिडन्तले प्रहरी कर्मचारीलाई पनि उच्च मानसिक दबाबमा राख्छ । दिनभर धुलो, धुवाँ, गर्मी र वर्षामा सडकमा उभिनुपर्ने, चालक र पैदल यात्रीको गाली सहनुपर्ने र कारबाही गर्दा विवादको सामना गर्नुपर्ने जस्ता तनावकै बिचमा कार्य गरिरहेको हुन्छ ।

यातायात व्यावसायीहरूको मुनाफामुखी प्रवृत्ति, चालकको कम तलब, लामो ड्युटी समय र आरामको अभावले चालकहरूलाई मानसिक रूपमा थकित बनाउँछ । यस्तो अवस्थामा सेवाग्राही र सेवा लिने दुवै पक्ष तनावको अवस्थामा भए पछि सामान्य विवाद पनि ठुलो घटनामा परिणत हुन सक्छ ।

**चालक र व्यावसायी सधैँ प्रश्न भन्दा बाहिरै ?**

त्रिपुरेश्वरको घटनामा यसरी पनि प्रचार बाजी गरिएको छ की सबै परिणाम ट्राफिक प्रहरीकै कारणले भएको हो । कानुनले चालकका कर्तव्य स्पष्ट तोकेको छ । वैध लाइसेन्स, नवीकरण गरिएको कागजात, ट्राफिक नियमको पूर्ण पालना र सडकमा अरूको सुरक्षाप्रतिको सचेतता सहित सवारी चलाउनु हरेक चालकको न्यूनतम कर्तव्य हो ।

ट्राफिक प्रहरीले सवारी रोक्न संकेत गरेमा रोक्नु पर्छ । यात्रु चढाउने, ओराल्ने, सुरक्षित गन्तव्यमा पुर्याउने–यी सबै जिम्मेवारी हुन् । यी सबै काम नगरेकै कारण नियम लागु गर्न ट्राफिक खटिएको हुन्छ । नागरिकले नियम पालना गरे

जरिवाना गर्नुपर्ने अवस्था नै आउदैन ।

चालक तथा व्यावसायीका संघ-संगठनहरूले पनि जस्तो सुकै अवस्थामा ट्राफिक नियम पालना गर्नु भनेर आफ्ना चालकलाई उत्प्रेरित गरेका छन् ? त्यस्ता कुनै कार्यक्रम गरेका छन् ? सुरक्षित र नियमसंगत सवारी चलाउने चालकलाई पुरस्कृत गरेका छन् ? चालकको मानसिक स्वास्थ्य र तनाव व्यवस्थापनका लागि कस्तो कदम चालेका छन् ? या जे सुकै होस दैनिक तोकिएको रकम बुझाउनै पर्ने आदेश दिएका छन् ? भन्ने जस्ता कुराले के यस्ता घटनामा भूमिका खेलेको हुँदैन होला त ? के व्यावसायीको सरोकार आफ्नो लगानी सुरक्षित र नाफा केन्द्रित मात्र गराउने हो त ?

आक्रोशमा बसमा आगो लगाउँदा उनले आफ्नो ज्यान मात्र जोखिममा राखेनन्, सार्वजनिक सम्पत्तिको पनि विनाश गरे । सार्वजनिक सवारीको चालकको जिम्मेवारी निजी मोटरसाइकल चालकको भन्दा अझ ठूलो हुन्छ। किनकि उसको हातमा दर्जनौं यात्रुको जीवन हुन्छ। के भोलि यात्रुसहितका सवारीमा यस्ता घटना घटाए भने त्यसका सारा दोष ट्राफिकलाई थोपरेर मात्र अन्य सरोकारवाला पक्ष ओभानो हुन सकिन्छ ?

**मानवीय पक्षः आक्रोश या सनकीपन**

कानुनले त यो कार्य गर्नुपर्छ या गर्नु हुँदैन यदी त्यो विपरीत गरे यस्तो कानुनी परिणाम भोग्नुपर्छ भन्ने सम्म बोल्छ । सडक यातायात व्यवस्थापनका लागि गरिने धेरै प्रावधानमध्ये जरिवाना पनि एक हो। ट्राफिक जरिवानाको ५ सय होस या एक हजार रुपैयाँ । जरिवानाको एउटै रकमको भार करोडौंको निजी कार चढ्ने र बस/राइड शेयरिङ्ग गर्ने चालकका लागि फरक फरक हुन्छ। तर कानुनले त्यो वास्तविकता बुझ्दैन ।

एक सामान्य ट्राफिक कारबाही किन कसैका लागि यति असह्य हुन्छ कि उसले आफ्नो ज्यानै जोखिममा पार्ने कदम चाल्छ ? घटनाको तत्कालीन कारण जे भए पनि, त्यसभन्दा गहिरो मानसिक दबाब, आर्थिक असुरक्षाले जन्मिने आक्रोश वा दैनिक जीवनको संघर्ष लुकेको हुनसक्छ, जुन एउटा सानो घटनाले मात्र बाहिर निस्कने बिन्दुसम्म पुगेको हुनसक्छ ।

त्रिपुरेश्वरको घटनामा यी यावत कारणहरू धेरथोर विद्यमान भएपनि आपराधिक मनोवृत्ति समेत प्रमुख कारकको रूपमा रहेको हो की भन्ने देखिन्छ । अन्य तीन तीन जनाको लाइसेन्स प्रयोग गरेको देखिनु, पैदल यात्रुलाई ठक्कर दिई घाइते बनाएको मुद्दामा फरार रही पहिचान बदलेर चालकको काम गर्नु, यस अघि पनि ट्राफिक प्रहरीसँग अभद्र व्यवहार गरेको तथ्य बाहिरिएको छ। यस्ता विभिन्न पक्षले गर्दा

त्यो घटनामा मानवीय आक्रोशको अंश हुँदा हुँदै पनि चालककै उग्र या सनकी मानसिकताकै बढ्ता उपज भएको तर्फ संकेत गर्दछ। यो घटनाले के व्यावसायीले आफ्ना कर्मचारीको पृष्ठभूमि या कामका बेला प्रदर्शित व्यवहारलाई नजरअन्दाज गर्न छुट दिन्छ त ?

**अब के गर्नुपर्छ?**

त्रिपुरेश्वरको घटना हाम्रो सडकको अवस्था, सुरक्षा, यातायात व्यवस्थापन, प्रहरी कारबाही, चालक र व्यावसायीको जिम्मेवारीपना सबै पक्षको यथार्थ तस्विर हो । छानबीन आफ्नो तवरले हुँदै गर्छ, कानुनी कारबाही बढ्दै गर्छ । तर यसले ज्यानै जाने गरी भएको अति दुर्भाग्यपूर्ण घटनाले चिच्याई चिच्याई भनेको चाहिँ यही हो की "हाम्रा समग्र यातायात व्यवस्थापनका पक्षलाई सुधार्नै पर्ने टड्कारो भइसकेको छ।" चाहे त्यो पूर्वाधारका विषय होस, ट्राफिक प्रहरीको शैली र व्यवहार सुधारको विषय होस या व्यावसायी र चालकको नियमन या कानुनी र नीतिगत विषय।

यी समग्र समस्या र चुनौतीलाई सम्बोधन गर्न ढिला भइसकेको छ । दीर्घकालीन रुपमा हामीले ट्राफिक कारबाहीलाई प्रविधिमैत्री बनाउनै पर्छ, ट्राफिक प्रहरीको क्षमता विकास र मानसिक स्वास्थ्यमा लगानी गर्नै पर्छ, यातायात कम्पनी र ट्राफिक प्रहरीबीच नियमित संवादको संयन्त्र विकास गरिनै पर्छ । चालकलाई निश्चित अन्तरालमा पुनःप्रशिक्षण व्यवस्था प्रभावकारी बनाउनै पर्छ। अत्यधिक समय चलाउन लगाउने, यात्रु धेरै चढाउनुपर्ने दबाब, असुरक्षित सवारी सञ्चालन जस्ता चालकलाई अनुचित दबाब दिने व्यवस्थापन पक्षलाई पनि नियमन गर्नै पर्छ।

अनी, तत्कालै गर्न सकिने विषयमा यातायात व्यावसायीलाई पनि चालकको तनाव कम गर्ने, नियमप्रतिको प्रतिबद्धता बढाउने, उसको सामाजिक सुरक्षाको जिम्मा लिने आदि जस्ता कार्यको लागि जिम्मेवार बनाइनै पर्छ । ट्राफिक प्रहरीले पनि पटक पटक उसका कार्यशैली र व्यवहारका बारेमा सार्वजनिक रूपमै बारम्बार प्रश्न उठिसके पछि ठोस रुपमा सुधार गर्नै पर्छ। नियम उल्लङ्घन गरेको अवस्थामा सार्वजनिक सवारीका चालकप्रति अझ बढी सचेत, संवेदनशिल र मानवीय रुपमा पेश हुनुपर्छ। किनकि प्रहरी कानुन कार्यान्वयन गर्ने राज्यको अङ्ग हो।

यसको अर्थ यो हैन की चालकलाई जरिवाना गर्दा उसको चुल्हो बल्दैन भन्ने सोच्नुपर्छ बरु उसलाई उसका गल्ति गर्न लागिएको कारबाही, पुनरावेदन कसरी गर्ने जस्ता सबै कुरा सभ्य र सम्मानजनक भाषामा बुझाउनु पर्छ। यस्ता कार्यले पनि

चालक र प्रहरीबिच उत्पन्न हुनसक्ने विवाद कम गरी यस्ता अप्रिय घटना हुन रोक्छ।

**निष्कर्ष**

राजधानीका एकै ठाउँमा भएका ती दुवै घटनामा चालकले गरेको कार्य कुनै पनि हालतमा जायज ठहराउन सकिँदैन। निजी र सार्वजनिक सम्पत्तिको विनाश, आफ्नै ज्यानको जोखिम र सार्वजनिक सुरक्षामा खतरा–यी सबै गम्भीर कसुर हुन्। तर यसका पछाडि थुप्रै विषय अन्तरसम्बन्धित छन्। त्यसैले चालक आत्मदाहको निर्णयसम्म पुग्नुका कारणहरू बुझ्नु र सम्बोधन गर्नु व्यावसायी, समाज र राज्य सबैको जिम्मेवारी हो।

प्रहरीको अधिकारलाई नागरिकको सम्मानसँग र चालकको अधिकारलाई उसको कर्तव्यसँग जोड्न नसक्ने हो भने विवादको चक्र चलिरहन्छ। त्यसैगरी आत्मदाहजस्तो अत्यन्त गम्भीर व्यक्तिगत संकटलाई ट्राफिक कारबाहीसँग सरल कारण-परिणाम सम्बन्धमा जोड्नु पनि उचित हुँदैन।

हालका घटनालाई त्यसैले 'एउटा चालकको गल्ती' वा 'एउटा प्रहरीको व्यवहार' मा सीमित गरेर होइन, काठमाडौंको सम्पूर्ण सडक-व्यवस्थापन प्रणाली सुधार्ने अवसरका रूपमा हेर्नुपर्छ।

यी घटनालाई केवल "प्रहरी विरुद्ध चालक" भन्ने एकांकी फ्रेममा राख्न मिल्दैन। खाली ट्राफिक प्रहरीको शैली र व्यवहारमा प्रश्नका वर्षा गरेर मात्र हुँदैन, चालकको सवारी अनुशासन पालनाको अवस्थाले समेत उत्तिकै प्रश्नचिन्ह खडा गरिरहेको हुन्छ। यातायात व्यवस्थापन र उपभोगमा सम्बद्ध सबै पक्षको जवाफदेहिता हुनुपर्छ।

त्यसैले चालक समुदायले भोग्दै आएको आर्थिक र मानसिक दबाबको व्यापक चित्रको एउटा अंशको रूपमा हेर्नु बढी यथार्थपरक हुन्छ। यसले ट्राफिक व्यवस्थापन र मानवीय संवेगबिच गहिरो खाडल रहेको देखाएको छ। त्यसकारण यी घटनाबाट सिक्नै पर्ने पाठ भनेको, कानुन लागु गर्ने तरिकामै समेत पुनर्विचार गर्नुपर्ने देखियो।

दोहोरिरहने यस्ता घटनाले "हामी सडकमा कानुन लागु गर्दैछौँ कि सडकलाई साँच्चै सुरक्षित बनाउँदैछौँ?" भन्ने गम्भीर प्रश्न छोडेको छ। यसको उत्तर खोज्ने उत्तरदायित्व ट्राफिक प्रहरीको मात्र नभई चालक, यात्रु, यातायात व्यवसायी, प्रहरी, स्थानीय सरकार र राज्य सबैको हो। किनकि यातायात व्यवस्थापन र सडक अनुशासन हामी सबैको साझा जिम्मेवारी हो। त्यसैले समय छँदै चेतौं अन्यथा, ढिलो चाँडो अर्को यस्तै कारुणिक घटनाको प्रतीक्षामा बसेजस्तो हुनेछ।

♦♦♦

कविता

# जसले अरूलाई बचायो !



✍ **जयश्वर रिमाल**

भोटेकोशी उर्लिंदा,
उसको बेचैनी
बाढीको भेलभन्दा धेरै माथि उर्लियो ।

हातमा माइक लिँदै
बजारतिर दौडियो,
सयौं जीवन जोगाउन
आफैं खटियो ।

खै, नदीले उसको कर्तव्य चिनेन कि
उसले आफ्नो जीवन बुझेन !

सयौंलाई बचाउने कोसिसमा लाग्दा
आफैंलाई भने जोगाउन सकेन ।

सायद, अरूका लागि सहारा बन्दै गर्दा
आफ्नो लागि किनारा भेटेन ।

उर्लँदो नदीको भेलमा
कतै हरायो,
सधैंका लागि बिलायो ।
यो उसको दुर्भाग्य हो कि बेहोसी ?
बाध्यता हो कि समर्पण ?

यी प्रश्नहरू
अनुत्तरित नै रहे -
सबैका लागि,
सधैंका लागि ।

थाहा छैन अब,
आमाको आँखा
कहिलेसम्म दैलोमा अडिन्छ ?

श्रीमतीका कति रात
प्रतिक्षामा बित्छन् ?

अनि बाबाको अँगालोको खोजीमा
कहिलेसम्म
उसका सन्तान व्याकुल रहन्छन् ?

***विपदको घडीमा नेपाल प्रहरी तैनाथ छ,***
***नागरिकको दुःख पीडामा सधैं प्रहरीको साथ छ ।***

# दरको मौलिकता



✍ दीपा भट्ट जोशी

दर (आडिलो आहार) दरो कठिन कार्य गर्नु पूर्व आफूलाई दरिलो बनाउनु । सन्दर्भ नेपाली नारीहरूको महान चाड तिज, जसको पूर्व सन्ध्याको रात्री भोजनलाई दर भनिन्छ ।

अटल सौभाग्य घरको सुख समृद्धिका लागि निर्जला व्रत बसेर भगवान शिवको आशीर्वाद प्राप्त गर्ने चाहना र दृढ विश्वासले आज पनि हिन्दू नारीलाई भगवान र व्रतसँग जोडेर आस्थावान बनाएको छ । तिजको निर्जला व्रत विवाहित महिलाहरूले श्रीमानको दिर्घायु र सुस्वास्थ्यका निम्ति बस्छन् भने अविवाहित महिलाहरूले योग्य वर पाउने अपेक्षाले यो व्रत बस्ने गरेको पाइन्छ । तिजको अघिल्लो दिन छोरी चेलीलाई माइतीमा डाक्ने, लिन जाने र तिजसम्म माइतीमा र माइलो गरी व्रत बसेर नाचगान गर्ने चलन युगौंदेखि आजसम्म समुदायमा यथावत् देख्न सकिन्छ । संस्कृति, परम्परा, चालचलनले निरन्तरता पाउनु आजको आधुनिक समाजमा उदाहरणीय हो तर शैलीमा कति परिवर्तन गर्ने भन्नेमा व्यक्तिका आफ्ना धारणा र सामाजिक परिवेशले भूमिका निर्वाह गरेको पाइन्छ ।

“दर” तिजको अघिल्लो दिन द्वितीयाको राती खाने परिकारलाई भनिन्छ । “दर” अन्तर्गत (आडिलो, पौष्टिक, दरो) चामलको चाम्रे (लट्टे), खिर, कुराउनी आदि परम्परागत खानाका परिकारहरू पर्दछन् । समयसँगै व्यक्तिको खाने लाउने शैलीमा परिवर्तन हुनु स्वभाविक हो । परिवर्तन कति हुने भन्ने आधारको मापन नहुनु हाम्रो समाजको विडम्बना हो । विगत केही वर्षदेखि दर र तिज मनाउने शैलीमा निकै परिवर्तन आएको देखिन्छ । प्रत्येक नयाँ पुस्तामा चालचलन र संस्कृति प्रतिको धारणामा परिवर्तन आउनु स्वाभाविक हो । परिवर्तनले समाजमा नकारात्मक सन्देश दिनु र चालचलनलाई बोझिल बनाउनु दुःखको कुरा हो । उहीले छोरीहरू विवाह गरेर टाढा टाढाका गाउँ शहरमा जान्थे । आवागमनको साधन, सञ्चारको अभाव, संयुक्त परिवारमा कामको जिम्मेवारी र पितृसतात्मक सामाजिक धारणा, चेतनाको कमि अनेकौं यस्ता सामाजिक परिबन्दमा

जकडिएको सामाजिक जीवनशैली यी सबै कारणले गर्दा वर्षमा एकपटक तिजका निम्ति छोरीलाई लिन जाने र आफ्नो क्षमताले भ्याएसम्म मिठो परिकारहरू पकाएर खुवाउने, जसले गर्दा घरायसी वातावरण र जिम्मेवारी भन्दा पर उनीहरूले आनन्दका केही पलहरू बिताउने गर्दछन् । जीवनका अनुभव, आफ्ना दुःख सुखका भोगाईलाई शब्दद्वारा लय र भाकामा गाएर आफ्ना पीडा, माइतीका सम्झना, सासु, नन्द, श्रीमानबाट पाएको पीडाका बाबजुद पनि आफ्ना कर्तव्यबाट विमुख नभएका प्रसंग यस्तै अनेकौ भावहरू व्यक्त गरेर छोरीहरू आफ्नो पीडालाई कम गर्ने प्रयास गर्दथे । समयअनुसार चाडपर्वको स्वरूप परिवर्तन हुनु स्वभाविक हो ।

आज अनेक तामझामले दर र तिज मनाउनुको विरोधी म पक्कै पनि होइन तर आफ्नो पेसा, उमेर र सभ्यतालाई शिरोपर गरेर चाडपर्व मनाउँदा चाडको मौलिकता अझ बढी मूल्यवान बन्न जाने कुरामा दुईमत पक्कै पनि नहोला भन्ने मेरो धारणा हो । शालिनता र समाजका धुरीका रूपमा रहेका महिलाहरूको चाड मनाउने शैलीमा देखिदै आएको परिवर्तनले समाज कतातिर जाँदैछ र हाम्रा भावी पुस्ताका लागि हामीले चालचलनको अभ्यास कस्तो छोड्दै छौं ! भन्ने बारे सोच्ने बेला आएको छ । आज दरको नाममा एक महिना अगिबाटनै घर घरमा भोज गर्नुले दरको महत्व भन्दा पनि व्यस्त जीवनशैलीबाट पर साथीभाइ, दिदी-बहिनी, इष्टमित्रको सानिध्यता खोजेको हो जस्तो मलाइ लाग्छ । अहिलेको समयमा सामाजिक सञ्जालले जसरी राम्रा कुरा समाजमा साझा गर्न मद्दत पुर्याएको छ । त्यस्तै नकारात्मकता फैलाउन पनि उत्तिकै भूमिका खेलेको देखिन्छ । एक महिना अगाडिबाट गरिने रमाइलो र खानपानलाई दरको नाममा होइन व्यस्तताका बाबजुद पनि भेटघाटको समय मिलाउने प्रयास भन्दा उचित होला । दरको आफ्नै मौलिकता र गरिमा छ । जसलाई जोगाउनु हामी सबै दिदी-बहिनीको सकारात्मक भूमिकाको समाजलाई खाँचो छ । तसर्थ दरको दिनमा नै उक्त पर्वको मान राखौ बाँकी त जुन दिन जसले जसलाई खुवाए भयो नि ! दाजु भाइले मायाले डाकेको दरको महत्वलाई बेलैमा जोगाउ । यदि यस्तो सानो प्रयास सबैको तर्फबाट भएमा समाजमा सबै वर्गले आफ्नो क्षमताले सकेको व्यवहार गर्न सहज वातावरण पाउने थिए ।

महिला दिदी बहिनीको दर, स्कुल कलेज, अफिस, वडाले खुवाउने दर, राजनीतिक पार्टीले खुवाउने दरको ठाउँ बन्यो पार्टी प्यालेस, मेरो बिचारमा यसलाई दरभन्दा अङ्ग्रेजीमा भनिने “ह्याङ आउट” अर्थात् रमाइलो भेटघाटको संज्ञा दिँदा राम्रो होला ।

तसर्थ चाडबाडका भाव र भावना बुझौं, तिनको महत्व अवलम्बन गरौं । दाजुभाइ र माइती पनि जागौं अनि स-सम्मान घरका भाउजु बुहारीले आफ्ना चेलीबेटीलाई दरको मौलिकता र महत्व परिभाषित गरि शुभकामना आदानप्रदान गर्न प्रेरित गर्ने वातावरणको सिर्जना गर्न तर्फ लागौ । ◆◆◆

लघुकथा

# सन्तुष्टि



✍ **रन्जना पराजुली लम्साल**

बेलाबेला पैसा मागेर फिर्ता दिन आलटाल गर्ने गोथेले बलेसँग माग्न चाहिँ छोड्दैन ।

“बले अलिकति पैसा सापटी देन ।” “छैननी काहाँ हुनु । हैन कति नपुगेको तँलाई, त्यत्रो कमाउँछस् र पनि ।”

“तेरो पो एक्लो ज्यान । मेरो त दायाँ-बायाँ छननी, कहाँ पुग्नु । तँ चाँहि केमा खर्च गर्छस् र जहिले छैन भन्छस् ।”

आकाशका तारा गन्दै निदाएर सडकमा हुर्किएका बले र गोथे । दुःखका अनगिन्ती दिनसँगै जवानीले छोपेको पत्तै नपाई इमान्दारीलाई पछ्याउदै जाँदा एउटै कारखानामा काम गर्न थाल्छन् र थुप्रै पैसा कमाउँछन् ।

दिन बित्दै जाँदा गोथेले सँगै काम गर्ने एउटी केटीसँग बिहे गर्छ र दुई छोरा जन्मन्छन् । त्यसपछि गोथेको व्यवहार बढ्दै जान्छ भने बले एक्लै नै हुन्छ ।

तलब थापे पिच्छे गोथेले पैसा माग्दा दिक्क भएको बलेले छुट्टिको एकदिन गोथेलाई एउटा गाउँमा लैजान्छ । जहाँ पुग्ने बितिक्कै झोलाभरि सामान बोकेर आएको बलेलाई देखेर केटाकेटीदेखि बुढाबुढी सबै खुसी हुँदै छेउमा आउछन् ।

बलेले सबैलाई पालैपालो खानेकुरादेखि कपी कलम र औषधी बाड्न थाल्छ । यो देखेर गोथेले, “बले, यो सबै” भन्न नभ्याउँदै । “पैसा के गर्छस् भन्थिस् नि ! के गर्दो रहेछु देखिस् ।” बलेले प्रस्ट्याउँछ ।

“बले, यिनीहरू तेरा को हुन् ? यो सबै गरेर आखिर तैले के पाउँछस् ? “गोथेले सोध्छ । “यिनीहरू मेरा आफ्ना हुन् र मैले आफ्नालाई यति गर्न पाउँदा सन्तुष्टि मिल्छ ।”

# भगवान्‌को उत्पत्ति



✍ **यशु श्रेष्ठ**

हिँड्दा हिँड्दै पानी प्यास लाग्यो । बोतल रित्तो थियो । उत्तिस घारीमा कुवा फेला पारेँ । कुवाको पानी पनि खाएँ, बोतल पनि भरेँ । कुवा छेउछाउमा धेरै साथी भेटेँ, बाख्रा, पानी, ढुङ्गा, उत्तिसका रूख, चरा आदिआदि । खुबै रमाइलो लाग्यो ।

म एउटा यात्री, यात्रा त गर्नै पऱ्यो । फेरि लागेँ आफ्नै बाटो । गुनगुनाउँदै, अघि भेटिएका साथीहरू सम्झदैं लामै बाटो काटेँ । बाटै छेउमा एउटा चौतारो देखेँ । बसौँ बसौँ लाग्यो । म थचक्क चौतारामा बसेँ । आनन्द आयो । त्यहीँनेर एउटा मन्दिर रहेछ, ढोगेँ । मैले ढोग्ने बित्तिक्कै एउटा रूख हाँस्यो, पिपलको रूख । मलाई अचम्म लाग्यो । अचम्मले रूखतिर हेरेँ । सुगा ट्यूँ...ट्यूँ...ट्यूँ कराएर उड्यो । फेरि रूखमै आएर बस्यो । अलिउताको बरको बोट पनि बेस्सरी हल्लियो । खै, हाँसेको हो कि मलाई पत्तो भएन । रूखमा सारौँ रहेछ । सारौँ तल ओर्लिइन् । म भएकोनेरै आइन् । "नमार्नुस् है मलाई" अलि परैबाट भनिन्, "नसमाउनू पनि । किनकि म तपाईँलाई एउटा अचम्मको कथा सुनाउँछु ।" सारौँ देखेर म अलजिल्ल परेँ ।

"तपाईँ यस अघि पनि यहाँ आउनु भएको थियो ?" सारौँले सोधिन् । मैले सम्झदै भनेँ, "ए हो हो, आएको थिएँ ।" साह्रै अचम्मित हुँदै उत्तर दिएँ, 'धेरै वर्ष पहिलाको कुरा हो यो ! तर, कसरी थाहा पायौ ?'

सारौँ फिल्मी शैलीमा हाँसिन् । भुर्र उडेर अलि वरै आइन् । "हामी तपाईँका बारेमा कुरा गरिरहन्छौँ, यो मन्दिरलाई हेर्दै ।" उनले मन्दिरलाई हेरिन्, "आज तपाईँ नै आउनुभयो । मन्दिरलाई ढोग्नुभयो । तपाईँले जन्माउनु भएको भगवान्‌लाई तपाईँले ढोग्नुभयो । त्यसैले कुरा गर्न मन लाग्यो ।" सारौँको कुराले छक्क बनायो मलाई ।

"होइन, के कुरा गर्दैछौ ?" मैले छक्क पर्दै सारौँलाई सोधेँ, "मैले जन्माएको भगवान् रे ! कुरा बुझिनँ !"

"सम्झनुस् त ती दिन । तपाईँ यहीँ आएर बस्नु भएको थियो रे हैन ?" सारौँ फेरि हाँसिन्, "मलाई त तपाईँसँग कुरा गर्न पाउँदा साह्रै खुसी लागेको छ । साह्रै नै

धेरै ।" सार्रौंले भनेपछि मलाई याद आयो । त्यो बेलामा, म यो चौतारामै बसेको थिएँ । खाजा पनि खाएको थिएँ ।

"मलाई यो कुरा सुगाले भनेको हो । सुगालाई पिपलको बोटले भनेको रे । मैले पनि पिपललाई सोधेँ । पिपलले कथा झैँ सुनायो मलाई । आज तपाईँलाई देखेर पिपल पनि छक्क छ । पिपलले नै मलाई कुरा गर्न पठाएको हो ।" सार्रौंले बेलिविस्तार लगाइन्, "यो मन्दिरको कथा, मन्दिर भित्र भएको भगवान्को कथा बनाउने तपाईँ नै हो । मन्दिरले गरेर हामीले चारा खान पाइरहेका छौँ । गुँड बनाउन पाएका छौँ । मन्दिरको चरा भनेर सम्मान पनि पाएका छौँ । पिपलले सधैँ जसो पुजिने मौका पाएको छ । त्यसैले हामी दङ्ग छौँ । यो सारा कथाको नायक तपाईँ, तपाईँलाई देखेर झनै दङ्ग छौं ।' सार्रौंले यसो भन्दा सुगा पनि हामी नजिकै आयो । ट्यू..ट्यू.. गर्दै फेरि उड्यो, मानौ कि आज उसले हराएको आफन्त भेटेको छ । सुगा फेरि आयो । सार्रौंको कानमा खुसखुस गऱ्यो । अनि, अलि माथि हाँगामा गएर भन्यो, "कथा चाहिँ भनि हाल् न !"

"सुनेर छक्क पर्नुहुन्छ होला । तँ राम्ररी भन्न सक्छस् । लौ, भनिहाल् ।" पिपल पनि मुस्कुराउँदै थियो ।

"तपाईँ यहाँ आउँदा तपाईँको हातमा एउटा ढुङ्गा थियो । संयोग नै भन्नुपर्छ, तपाईँ यहाँबाट त जानुभयो तर ढुङ्गा चाहिँ यहीँ छोड्नुभयो । यी यहाँ, पिपलको फेदमै ।" सार्रौंले देखाइन् । सार्रौंले भन्दा मलाई पनि कताकता सम्झना आयो, 'हो, मैले ढुङ्गा छाडेको थिएँ ।'

"ढुङ्गा पनि गजबको थियो । गजबकै देखेर तपाईँले बोक्नुभएको थियो होला । ढुङ्गा यसै यहाँ पल्टि रह्यो । कति भरियाहरू आउँथे, भारी बिसाउँथे, थकाइ मार्थे अनि जान्थे । त्यो ढुङ्गाको कसैलाई वास्ता थिएन ।" सार्रौंले कथाजोडी, "एकदिन एक जना महिला आउनुभयो । साह्रै थाक्नु भएको थियो । उहाँले रातै सिन्दुर, पोते र टीका लगाउनु भएको थियो । पसिनाले उहाँका टीका, सिन्दुर बगिरहेका थिए । उहाँले रातै सिन्दुर लतपतिएको निधारको पसिना हातले पुछ्नु भयो । हातको पसिना कहाँ पुछौँ, कहाँ पुछौँ भयो क्यार । उहाँले यताउता हेर्नुभयो । त्यहीँ सफा ढुङ्गा देख्नुभयो । त्यही सफा ढुङ्गामा पसिना पुछ्नु भयो । फेरि पनि निधारको पसिना पुछ्दै हात ढुङ्गामै पुछ्नु भयो । निकैबेर बस्नु भयो उहाँ । शीतल हावाले उहाँलाई आनन्द दियो । सबै पसिना सुके । थकाइ पनि मेटियो क्यार । त्यसपछि उहाँ यहाँबाट जानुभयो ।"

"पिपलको फूलका कुरा पनि भनिदे न !" सुगाले भन्यो ।

"भन्दैछु त, कति हतारिएको ?" सार्रौंले सुगातिर हेरिन् । फेरि मतिर हेर्दै भनिन्,

"ती ढुङ्गाका वरपर पिपलका फूलहरू झरे । बरको पात पनि हावाले उडाएर ढुङ्गातिर ल्यायो । केही समय पछि दुई जना भरिया आए । भरियाहरू देखेर हामी छक्क पर्‍यौँ । भरियाहरू त ढुङ्गा देखेर धेरै नै खुसी भए । यहाँ त भगवान्को पूजा पो गरिएको रहेछ भन्दै ढुङ्गा वरपर सफा गरे। पैसा चढाए। नमस्कार गरे अनि गए। ढुङ्गा तपाईँले ल्याउनुभएको, ढुङ्गामा रातै सिन्दुर र अबिर ती महिलाको थियो, फूल पिपलको थियो । तर, ती भरियाहरूलाई केही थाहा भएन । उनीहरूले पैसा चढाए अनि गए ।"

कथा सुनेर म चकित भएँ। छक्क परेँ । "अनि के भयो नि ?" मैले पनि हतारिएर सोधेँ । "त्यसपछि, जो आए पनि पैसा चढाउथेँ। ढोग्थे। ढुङ्गासँग आर्शीवाद माग्थे ।" सारौँले भनिन्, "अलि सयमपछि त मानिसहरूले चामल, अबिर छरेर पूजा गर्न लागे। धूप, बत्ती पनि पो बाल्न लागे। स्याउ, अम्बा प्रसाद भनेर चढाउन लागे । चामल, स्याउ, अम्बा हामी खान्थ्यौँ । यो देखेर मानिसहरू झन् खुसी भए। तपाईँको ढुङ्गा, भगवान् भए । भगवान्लाई चढाएको पैसा साना नानीबाबुले लिन्थे । कुनै बेला त ठुला मानिसले पनि लिन्थे। जे होस्, पैसा हामीलाई काम थिएन। हामी त्यसको वास्ता गर्दैन थियौँ तर खाने कुरा चाहिँ खान्थ्यौँ ।"

सारौँले झन् चम्केर सुनाइन्, "एकदिन त गजबका दुई व्यापारी आए । भगवान्को आशीर्वादले गर्दा मेरो काम सफल भयो। तेरो पनि सफल हुन्छ। पूजा आराधना गर् भन्दै साथी चाहिँलाई सल्लाह दियो । दुवै व्यपारी मिलेर भगवान्को मन्दिर बनाउने वाचा गरे । उनीहरूले चन्दा, सहयोग पनि मागे क्यार।" सारौँले अलि उताको मन्दिर देखाउँदै भनिन्, "अनि...उःत्यही, मन्दिर बनाए, जुन मन्दिरमा तपाईँले ढोगेर आउनुभयो चिरियू.. चिरियू.. चिरियू..," सारौँ कराइन्। सुगा पनि करायो। पिपल र वरका रूख पनि गजबले हल्लिए। मलाई त अचम्म र अनौँठो लाग्यो।

"हो त यो कुरा ?" मैले शङ्का गरेँ। "लौ, यो यात्री दाजु त, विश्वासै पो गर्नुहुन्न...," सारौँ उडेर एउटा हाँगामा बसिन् । "एउटा गजबको कथा हो भन्ने ठान्नुस् न, यात्री दाजु ।' पिपलले भन्यो, "मैले नै सुनाएको हो यिनीहरूलाई । त्यो मन्दिरको ढुङ्गा तपाईँले ल्याएकै ढुङ्गा हो।" "अहिले त शिवरात्रि, ठुलो एकादशीमा मेला नै लाग्छ यहाँ। धुमधाम पूजा हुन्छ।" सुगा रमायो, "धेरै रमाइलो हुन्छ। त्यो दिन हामी तपाईँलाई सम्झन्छौँ, साँच्ची हो, तपाईँका कुरा पनि गर्छौं।"

"अब ती महिला र भरियासँग पनि भेट्न मन छ। कतै कुरा चल्दा थाहा पाउनु भयो, भेट्नु भयो भने हामीले भेट्न खोजेको छ भनिदिनुस् है ?" पिपल, सारौँ

र सुगा धेरै रमाए, "यो मन्दिरको भगवान् बनाउने तपाईँलाई भेटेर खुसी लाग्यो ।"

"तपाईँ कै ढुङ्गाबाट बनेको मन्दिरलाई, तपाईँले नै ढोगेको देखेर हामी हेरेको हेरेकै भयौँ । यो कथा नभनिकन रहनै सकेनौँ ।" सुगाले भन्यो, "तपाईँले यो कथा साँच्चै हो भनेर सोचे पनि नसोचे पनि हामी चाहिँ खुसी छौँ । हामीले साँच्चैको कथा, वास्तविक मानिसलाई सुनाउन पायौँ ।"

मैले उनीहरूलाई धन्यवाद दिएँ । फेरि मन्दिर भित्र हेर्न गएँ । आफैँले ल्याएको ढुङ्गा हो, हो जस्तो पनि लाग्यो । होइन होइन जस्तो पनि लाग्यो । फेरि भगवान्लाई ढोगेँ । आशीर्वाद मागेँ । कथा सुनाउने ती सारौँ, सुगा, पिपलसँग बिदा माग्दै, फेरि म आफ्नो यात्रामा अघि बढेँ । ♦♦

लघुकथा

# जन्मपूजा



✍ **रामकुमार पण्डित**

"गजबको साइतमा जन्मिएका रहेछन् बाबु । शिवरात्रिकै तिथिमा मेरो बाबु पनि जन्मिएको हो । गएर मनाउनुपर्छ ।" यति भन्दै पण्डितले बाबुलाई दियोको बत्ति बाल्न लगाए । उसले लाइटर बाल्न सकेन । मैले सघाएर बालिदिएँ । पण्डितले विभिन्न वैदिक मन्त्र उच्चारण गरिसकेपछि अष्टचिरञ्जीवीको पूजा गर्न लगाए बाबुलाई । एकएक गरी आठ वटा देवताहरूको पूजा गर्न उसलाई गाह्रो भएको झोकमा बोल्योः "ह्या, मैनबत्ती फुकेर पूजा नगरेर, कस्तो गाह्रो भो !"

"यसरी पूजा गरे भगवान्को आशीर्वाद मिल्छ बाबु ।" मैले सम्झाउँदै भनेपछि पण्डितले थपेः "हाम्रो परम्पराको मान राख्नुपर्छ बाबु ।" उनले फूलअक्षता छिटोछिटो गरी चढाउन लगाए । अन्तमा निकै हतारिएर एउटा मन्त्र तीन पटक दोहोराएः "ओम् अच्युताए नमः ।" उनले पूजा सकिएको जानकारी गराउँदै बाबुलाई फूलप्रसाद लगाइदिए । दहीचिउरामा सखर राखेर खान दिए । दूधमा तिल राखेर पिउन दिए । मैले छिटोछिटो गरी दानदक्षिणा दिएँ । पत्नीले "गुरु चिया र नास्ता लिनुहुन्छ ?" भनेर सोधिन् । उनले "हतार छ नानी !" भन्दै केही नखाइ बाहिरिए ।

खानापछि म कार्यालय गएँ । बेलुका फर्किएपछि मोबाइलमा फेसबुक हेरेँ । त्यहाँ गुरुको पोस्ट देखेर पत्नीलाई खुसुक्क बोलाएर देखाउँदै भनेँ "गुरुले आफ्नो नातिको जन्मदिन मैनबत्ती निभाएर पो मनाएछन् ।"

कविता

# औतारी भानु !



✍ पदम दाहाल

सत्कर्मी ! भक्त गाथा प्रियतम् रचना कर्मणामा रमायौ
औतारी भानु ! आशा अनुनय अनिँदा काव्यमाला सजायौ ।
आफ्नै लोली र बोली प्रकृतिमय छटा भाष्य भाका सिकायौ
हौँ हामी भाग्यशाली अभिनय बटुली भाग्य आफ्नो बनायौँ ।१।

रम्दैछौँ रम्यताका बिच दिनभर नै राम रामायणैमा
ज्योत्स्ना आदर्श सीतासित पुरुष उनै देव देवालयैमा !
तिम्रै हो शुद्ध बान्की रसमय कविता छन्द शास्त्री बनायौ
नेपाली वर्णमाला परिमल रसिलो भानु वैभव्य ल्यायौ ।२।

पर्गेलौँ भानुलाई परिवहन लिई प्राज्ञ प्रज्ञा घुमौँ रे !
औधी ठेली बिटा छन् अगणित विधा विज्ञ प्रज्ञान हौँ रे !
धेरै नै काव्यधारा कविवर प्रतिभा थाकका थाक ला'छन्
आऊ रम्घा चुँदी भै घुम थुम पृथिवी बोक ऐश्वर्य क्या छन् ।३।

तिम्रो हो कीर्ति अग्लो अनुपम सृजना बिर्सिऊँ बिर्सिंदैन
अध्येताका प्रणेता परिजन प्रपिता भुल्नु मैले हुँदैन ।
यौटै आषाढ मैना सबल सिजन भै रोपिने खेतबारी
मर्यादा भानु आस्था कवि मुटुदिलका अन्नबाली भकारी ।४।

आशाको दीप झुल्को तर किनकिन यो रूप आक्रान्तमा छ
बाक्लो घेरो हबिगत अमिलो रीत मौलाउँदैछ ।
आमा, बाबा र काका प्रियजन जति छन् साइँना फेरिंदैछन्
चालामाला पसारो दिनदिन किन हो डाइँना झैँ हुँदैछन् ।५।

बोल्दा चल्दा लठेप्रो सरह छ बिचरा स्वाँङ झैँ लाग्छ बोली
मैलो धैलो तुवाँलो बिरत छिचिमिरो पीर लाग्दो सहेली ।
सच्याऊ ! भानु आऊ ! अगलबगलमा देश होला बिरानो
नेपाली भाष्यगङ्गा जल सलल बगोस् दोष मेट्नै छ भानु !।६।

# जाहेरी दरखास्त दर्ता र प्रतिपादित नजिर



✍ **प्र.ना.उ. कृष्ण खड्का**

**क) विषय प्रवेशः**

कुनै कसुर वा अपराधको बारेमा प्रहरीमा दिइने जानकारी, सूचना आदिलाई अपराधको सूचना (First Information Report) भनिन्छ । कुनै व्यक्तिले कुनै अपराध वा कसुर भएको वा भइरहेको वा हुन लागेको छ भन्ने जानकारी वा सूचना आफूलाई प्राप्त भएपश्चात मौखिक वा विद्युतीय वा लिखित माध्यमबाट सोको जानकारी वा सूचना प्रहरी कार्यालयमा दिनुपर्ने र यसरी दिइएको सूचनालाई जाहेरी दरखास्त भनिएको छ। यसरी दिइने कसुर वा अपराधको सूचना लिखित पनि हुन सक्दछ र मौखिक पनि हुन सक्दछ तर मौखिक रूपमा प्राप्त अपराधको सूचनालाई तोकिएको ढाँचामा लेखबद्ध गर्नुपर्दछ । अपराधको सूचना जोसुकैले दिन सकिने र यसरी प्राप्त सूचना वा जाहेरी दरखास्तलाई रितपूर्वक दर्ता गरि आवश्यक अनुसन्धान कार्य शुरू गर्नु प्रहरीको कर्तव्य हुन आउछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(१)मा- “अनुसूची-१ मा उल्लिखित कुनै कसुर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसुरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशिघ्र दिनुपर्नेछ” भनि उल्लेख गरिएको छ । अतः कुनै फौजदारी कसुर वा अपराध जुन सरकारवादी भई मुद्दा चल्दछ, सो सम्बन्धी प्रहरीमा दिइने सूचनालाई नै जाहेरी दरखास्त हो भन्न सकिन्छ।

**ख) कानुनी व्यवस्थाः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा जाहेरी दरखास्तको विषयमा भएका व्यवस्था छोटकरीमा यस प्रकार उल्लेख गरिएको छ।

उल्लिखित संहिताको दफा ४ को उपदफा (१) मा अनुसूची-१ मा उल्लिखित कुनै कसुर वा अपराध भएको, भइरहेको वा हुन लागेको थाहा पाउने व्यक्तिले अनुसूचीमा भएको ढाँचामा प्रहरी कार्यालयमा

सूचना वा जाहेरी दरखास्त यथाशीघ्र दिनुपर्ने, उपदफा (३) मा कुनै व्यक्तिले जुनसुकै माध्यमबाट प्रहरी कार्यालयमा अपराधको सूचना दिए पनि सो सूचना वा जाहेरी दरखस्त दर्ता गरि प्रहरी कार्यालयले भरपाई दिनुपर्ने भनि उल्लेख गरिएको छ । सोही दफाको उपदफा (३क)मा हुलाक वा विद्युतीय माध्यमबाट प्राप्त भएको सूचनाको सनाखत गराउन सकिने, उपदफा (४)मा- अनुसूची- १ मा उल्लिखित कुनै कसुर भएको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैँले प्राप्त गरेमा सो सम्बन्धमा अनसूची-५ मा उल्लिखित विवरण सहितको प्रतिवेदन खडा गर्नुपर्ने र उपदफा (५)मा-प्राप्त जाहेरी दरखास्त वा सूचना अनुसूची-७ बमोजिमको ढाँचामा दर्ता किताबमा दर्ता गर्नुपर्नेछ भन्ने समेतको व्यवस्था रहेको पाइन्छ।

यसैगरी जाहेरी दरखास्तको सम्बन्धमा कानुनद्वारा छुट्टै अनुसन्धान गर्ने अधिकारी नभएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पठाउनु पर्ने, अनुसूची-२ मा उल्लिखित कुनै कसुर सम्बन्धी सूचना पनि अनुसूची-५ को ढाँचामा सम्बन्धित कार्यालय वा अधिकारी समक्ष दिनुपर्ने र सो बमोजिमको कसुरको सूचना सम्बन्धित कार्यालय वा अधिकारीबाट तत्काल दर्ता गर्न सम्भव नभएमा उक्त सूचना नजिकको प्रहरी कार्यालयमा दिन सकिने र उक्त सूचना वा जाहेरी प्रहरीले दर्ता गरि तीन दिनभित्र कारबाहीको लागि सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउनु पर्ने भन्ने समेतको व्यवस्थाहरू भएको पाइन्छ ।

**ग) के जाहेरी दरखास्त लिन वा दर्ता अस्विकार गर्न सकिन्छ ?**

सामान्यतः पीडित वा कुनै पनि व्यक्तिले कुनै कसुर वा अपराधको विषयमा कानुन बमोजिम सूचना वा जाहेरी दरखास्त दिन आएमा प्रहरीले जाहेरी दरखास्त लिन वा दर्ता गर्न अस्विकार गर्न सक्ने वा पाउने भन्ने कानुनले कल्पना गरेको पाइदैन । कानुनले अपराधको सूचना वा जाहेरी दरखास्त लिने, दर्ता गर्ने र सो सम्बन्धमा अनुसन्धान गर्ने जिम्मेवारी नेपाल प्रहरीलाई दिइएको छ । विगत तथा वर्तमान अवस्था समेतमा प्रहरीले अपराधको सूचना वा जाहेरी दरखास्त लिने वा दर्ता गर्ने विषयमा विभिन्न आलोचना र विवाद झेल्दै आएको देखिन्छ । प्रहरी कार्यालयमा जाहेरी दरखास्त लिएर जाँदा प्रहरीले जाहेरी बुझ्न नमानेको, दर्ता गर्न नमानेको भन्ने समेतका आक्षेप लाग्दै आएको र जसको कारण विवाद उत्कर्षमा पुग्न गई अनावश्यक आलोचना र क्षति व्यहोर्नु पर्ने विगत प्रहरी सामु रहेको छ ।

कानुनतः कोही कसैले रितपूर्वकको अपराधको सूचना वा जाहेरी दरखास्त

प्रहरी कहाँ लिएर आउछ भने उक्त जाहेरी लिन वा दर्ता गर्न अस्विकार गर्न मिल्दैन। जाहेरवालालाई जाहेरी दरखास्तमा भएका प्राविधिक,कानुनी र सानातिना त्रुटी वा फर्मेट बमोजिम नभएकोमा सच्याई ल्याउन सम्म भन्न त सकिएला तर आरोपी, घटनाको मूल विषयवस्तु, साक्षी आदि समेतका विषयमा निर्देशित गर्न र सोही आधारमा जाहेरी दरखास्त अस्विकार गर्ने छुट भने छैन। प्रहरीलाई "अनुसन्धान पहिले नै न्यायाधिश बन्ने"(Don't judge a book by its cover) छुट कानुनले प्रदान गरेको छैन। तसर्थ प्रहरीमा आएका अपराधको सूचना वा जाहेरी दरखास्तलाई कानुन बमोजिम दर्ता गरि अनुसन्धान समेतको कार्य गरि निष्कर्षमा पुग्नुको विकल्प देखिदैन।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ५ को उपदफा(१) र (२)मा- रित पूर्वकको जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा त्यस्तो व्यहोरा खुलाई जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्ने र त्यसरी प्राप्त हुन आएको जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने भन्ने उल्लेख छ। यसरी प्राप्त हुन आएको जाहेरी दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दर्ता गरि कारबाही गर्नुपर्ने भन्ने उपदफा-३ मा उल्लेख गरिएको छ। यसैगरी अनुसूची-२ मा उल्लिखित कसुर वा अपराधको सूचना दर्ता गर्न सम्बन्धित कार्यालय वा अधिकारीले इन्कार गरेमा सोहि व्यहोरा खुलाई प्रमुख जिल्ला अधिकारी समक्ष उजुर गर्न सकिने र निजले पनि त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेमा गृह मन्त्रालयमा त्यस्तो उजुर गर्न सकिने भन्ने समेतको व्यवस्था दफा ५ को उपदफा (४) मा रहेको छ भने प्रमुख जिल्ला अधिकारी वा गृह मन्त्रालयबाट निर्देशन प्राप्त भएपछि सम्बन्धित कार्यालय वा अधिकारीले सो निर्देशन बमोजिमको कारबाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ।

अपराधको सूचना वा जाहेरी दरखास्त बुझ्ने-नबुझ्ने, दर्ता गर्ने वा नगर्ने भन्ने प्रहरीको स्वविवेकीय अधिकार होइन तथापि कतिपय अवस्थामा प्रहरीमा आउने सबै अपराधको सूचना वा जाहेरी सत्य घटनामा आधारित, पूर्वाग्रहरहित र पूर्ण हुन्छन् भन्ने कुरामा विश्वास गर्न कठिन छ। बदनियतबस झुठा सूचना वा जाहेरी आउन सक्ने परिस्थितिको पूर्वानुमान गर्दै संहिताको दफा ११ मा भ्रमपूर्ण, झुठा वा काल्पनिक सूचना वा जाहेरी आएमा प्रहरीले

तामेलीमा राख्न सक्नेछ भनि उल्लेख छ। उक्त दफाको उपदफा (१) मा अनुसूची १ वा २ मा उल्लिखित कुनै कसुर वा अपराध सम्बन्धि प्रहरी कार्यालयमा प्राप्त सूचना वा जाहेरी दरखास्त भ्रमपूर्ण, झुठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नदेखिएमा सम्बन्धित प्रहरी कार्यालय वा सम्बन्धित अनुसन्धान अधिकारीले सोही कुरा खुलाई सामान्यतया तीनदिन भित्र सरकारी वकिल कार्यालयमा प्रतिवेदन पठाउनु पर्ने भन्ने व्यवस्था भएकोमा सोही दफाको उपदफा (२)मा त्यस्तो प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित सरकारी वकिल कार्यालयले तत्काल अनुसन्धान गर्न मनासिब आधार नदेखिएमा त्यसको कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका बखत अनुसन्धान गर्न सकिने गरी तत्काल तामेलीमा राख्ने वा तत्काल अनुसन्धान गर्न उपर्युक्त हुने देखेमा कारण खुलाई थप अनुसन्धान गर्न निर्देशन दिन सक्ने भन्ने व्यवस्था छ।

यसरी सरकारी वकिलबाट अनुसन्धान गर्न निर्देशन प्राप्त भएपश्चात अनुसन्धान अधिकारीले कसुरको सम्बन्धमा अनुसन्धान गर्नुपर्नेछ भनि सोहि दफाको उपदफा (३)मा उल्लेख गरिएको छ। यसरी कानुनले कुनै अपराधको सूचना वा जाहेरी दरखास्त दर्ता गर्ने नगर्ने वा अनुसन्धान गर्ने नगर्ने भन्ने कुरा प्रहरीको स्वविवेकीय अधिकार नभए पनि झुठा, तथ्यहिन र काल्पनिक सूचनाहरूलाई तामेलीमा राख्न पाउने सुनिश्चित गरेको पाइन्छ।

यसैगरी मुलुकी फौजदारी अपराध संहिताको दफा ९६ को उपदफा (१)र (२) मा -कुनै कसुर भएको वा हुन लागेको थाहा पाउने कसुरको जानकारी दिनुपर्ने कानुनी कर्तव्य भएको व्यक्तिले जानकारी नदिई बस्न वा कसुर भएको थाहा पाउने व्यक्तिले जानीजानी झुठा जानकारी दिन नहुने र उल्लेखित बमोजिमको कसुर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बिस हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरेको छ।

सोही संहिताको दफा ९८ को उपदफा (१) र (२) मा कसैलाई क्षति पुऱ्याउने वा हैरान गर्ने नियतले न्यायिक कारबाही गर्ने अधिकारी समक्ष झुठा दाबी लिई वा अभियोग लगाई उजुरी वा सूचना दिन नहुने, उपरोक्त बमोजिम कसुर गर्ने वा गराउने व्यक्तिलाई जुन कसुरको झुठो अभियोग लगाएको हो त्यस्तो कसुरको उपल्लो हदको आधासम्म सजाय हुने तर सरकारवादी हुने मुद्दाको हकमा भने यो व्यवस्था लागु नहुने भनि उल्लेख भएको पाइन्छ । साथै झुठा कुराको दाबी लिई वा अभियोग लगाई उजुरी दिएकोमा कुनै किसिमको हानी, नोक्सानी भएको भए पीडित व्यक्तिलाई त्यस बापतको क्षतिपूर्ति

कसुरदारबाट भराई दिनुपर्ने भन्ने व्यवस्था उपदफा(३)मा गरिएको पाइन्छ ।

**घ) अपराधको सूचना वा जाहेरी दरखास्त दर्ता सम्बन्धमा प्रतिपादित नजिर (ने.का.प. २०७५, नि.नं ९९३७)**

अपराधको सूचना वा जाहेरी दरखास्त लिन इन्कार गरेको, हदम्याद र विलम्बको सिद्धान्त समेतको सन्दर्भमा सम्मानित सर्वोच्च अदालत(संयुक्त इजलास)बाट फैसला हुँदा विभिन्न विषयमा सिद्धान्त (नजिर) प्रतिपादन भएको र सरोकारवाला निकाय एवम् व्यक्तिसमेत उपर परमादेशको आदेश जारी गरेको पाइन्छ। जमुना महतोको छोरा, पर्सा जिल्ला, वसन्तपुर गा.वि.स. वडा नं.१ घर भई हाल ऐ. वीरगञ्ज उपमहानगरपालिका वडा नं.१७ राधेमाई टोलमा बस्ने असर्फी महतो केवट रिट निवेदक/पुनरावेदक र विपक्षी जिल्ला प्रहरी कार्यालय पर्सासमेत भएको प्रस्तुत मुद्दामा विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने भनि फैसला भएको प्रस्तुत मुद्दाको सारसंक्षेप देहाय बमोजिम रहेको छ ।

१) पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१/०१/२३ को फैसलाको सारः रिट निवेदक असर्फी महतोले आफूले अपहरण मुद्दामा दिएको जाहेरी दरखास्त कानुनबमोजिम अनुसन्धान तहकिकात गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन पुनरावेदन अदालत, हेटौंडामा मिति २०७१/०१/२२ मा दायर गरेकोमा उक्त विषयमा सम्मानित अदालतबाट फैसला हुँदा वारदात भएको भनिएको करिब ६ महिनापछि जाहेरी दिएको र जाहेरी दिएको करिब १ वर्षपछि निवेदकले यस अदालतमा निवेदन दिएको, अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर अपराधमा मौकामा नै रिट निवेदन दिने लगायतका काम कारबाही गर्नुपर्नेमा सो नगरी विलम्ब गरी आएको निवेदनको कारबाही बढाउनु युक्तिसङ्गत नभएकोले प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्तसमेतको आधारमा खारेज हुने ठहर्छ भन्ने समेत व्यहोराको फैसला भएको ।

२) रिट निवेदकले सम्मानित सर्वोच्च अदालतमा पेस गरेको रिट निवेदनपत्र र पुरावेदनपत्रको सारः मेरो छोरा वृजेशकुमार महतोले वीरगञ्ज-१० स्थित बजाज सोरूमबाट मिति २०६९/०८/२१ गते मोटरसाइकल खरिद गरेकोमा विपक्षीहरू मध्येका राकेश महतो कम्करले उक्त मोटरसाइकलमा मेरो पनि संयुक्त लगानीमा खरिद भएको भनी विवाद खडा गरी आफ्नो नाउँ समेतमा दर्ता गराएको विषयमा विवाद भएको, सोही विषयलाई लिएर विपक्षीहरूले पछि योजना बनाई मेरो छोरालाई मिति २०६९/०८/२६ गतेका दिन बिहान १०/११ बजेको समयमा

कलेजमा काम छ भनी बोलाई अपहरण गरी बेपत्ता पारेकामा जिल्ला प्रहरी कार्यालय पर्सामा मिति २०७०/०२/१३ मा जाहेरी दिएकोमा सोलाई दर्ता गरी कारबाही नगरेपछि मिति २०७०/०२/२३ मा हुलाकबाट जाहेरी दरखास्त पठाएको हो । यसरी जाहेरी पठाउँदासमेत मलाई सनाखत गर्न नबोलाएकोले मिति २०७१/०१/०४ का दिन जिल्ला प्रशासन कार्यालय, पर्सामा हुलाकमार्फत जाहेरी दरखास्त दर्ता गराई पाउँ भनी निवेदन पठाएको थिएँ ।

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १३ नं. मा अपहरण गरी शरीर बन्धक लिई ज्यान मारेकोमा नालेस गर्ने हदम्याद लाग्ने छैन र सो बाहेक अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले वा शरीर बन्धकबाट छुटेको मितिले ६ महिनाभित्र नालिस नदिए लाग्न सक्तैन भन्ने व्यवस्था रहेको हुँदा वारदात भएको मिति २०६९/०८/२६ को २ दिनभित्रै सम्बन्धित कार्यालयमा निवेदन गरी सूचना गरेको र सूचना घटनाका सम्बन्धमा विभिन्न पत्रपत्रिकामा खबरसमेत प्रकाशित भएको अवस्थामा सोतर्फ बुझ्दै नबुझी अपहरण जस्तो संवेदनशील विषयमा बेवास्ता गरी निवेदन खारेज गरेको पुनरावेदनको आदेश उल्टी गरी मागअनुसारको आदेश जारी गरिपाउँ साथै अपहरण सम्बन्धमा मैले पठाएको जाहेरी दरखास्त मलाई सनाखत गराई दर्ता गरी कानुनबमोजिम अनुसन्धान तहकिकात गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने समेत ।

३) **जिल्ला प्रहरी कार्यालय पर्सा समेतको लिखित जवाफको व्यहोरा**: निवेदकले आफ्नो छोराको मिति २०६९/०८/२६ गते अपहरण भएको भनी मिति २०७०/०२/२३ मा हुलाकमार्फत यस कार्यालयमा जाहेरी दरखास्त पठाएकोमा मिति २०७०/०२/२३ मा अपहरण भएको मितिले ६ महिना १ दिनपछि अर्थात् ६ महिनाको हदम्याद नघाई उक्त जाहेरी दरखास्त यस कार्यालयमा प्राप्त हुन आएकोले उक्त जाहेरीबाट कारबाही अगाडि नबढाएको हो । सोभन्दा अगाडि निजले सो सम्बन्धमा कुनै जानकारी, सूचना तथा जाहेरी दिएको होइन । तसर्थ उक्त रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको लिखित जवाफ ।

ङ) **प्रतिपादित सिद्धान्त (नजिर)**

सम्मानित सर्वोच्च अदालतले उल्लिखित मुद्दाको रोहमा सरोकारवाला निकायहरूका नाममा परमादेशको आदेश जारी गरि आवश्यक निर्देशन समेत दिएको छ । सो सम्बन्धमा सम्मानित अदालतले देहाय बमोजिमको नजिर स्थापित गरेको पाइन्छ।

उल्लिखित मुद्दाको फैसलाको

प्रकरण नं ३ मा- "कसैको जाहेरी नपरेको अवस्थामा प्रहरी कार्यालयले आफैँले वा अन्य कुनै स्रोतबाट त्यस्तो सूचना पाएमा पनि त्यस्तो सूचना वा जानकारीका आधारमा सम्बन्धित प्रहरी कार्यालयले कानुनअनुसार अनुसन्धानको कारबाही अगाडि बढाउनुपर्ने कानुनी कर्तव्य हुन्छ । त्यसैले प्रहरी कार्यालयले कानुनअनुसारको हदम्यादभित्रको नभएको वा अन्य कानुनी सीमाभित्रको नदेखिएको अवस्थामा बाहेक कुनै पनि वहानामा अपराधका सम्बन्धमा प्राप्त हुन आएका सूचना वा जानकारीलाई बेवास्ता गर्न नमिल्ने ।" भनि उल्लेख भएबाट प्रहरीले हदम्यादभित्रको नभएको वा अन्य कानुनी सीमाभित्रको नदेखिएको बाहेकको अपराधको सूचना वा जाहेरीलाई वेवास्ता गर्न नमिल्ने, कोही कसैबाट घटनाको सूचना वा जाहेरी नआएको तर प्रहरीले कुनै स्रोतबाट आफै त्यस्तो सूचना पाएको छ भने पनि कानुन बमोजिम कारबाही अगाडि बढाउनु प्रहरीको कर्तव्य हो भनिएको छ ।

उक्त फैसलाको प्रकरण नं ४ मा- "हुलाक एक सरकारी कार्यालय भएको र हुलाकबाट पठाएको कुरा सम्बन्धित ठाउँमा पुग्ने सम्बन्धमा पठाउनेले कुनै निश्चितता गर्न नसक्ने भएको तथा सोमा पठाउनेको नियन्त्रण नहुने भएको हुँदासमेत हदम्यादभित्र हुलाकमार्फत पठाएको देखिएमा सोलाई हदम्याद भित्रैको मान्नुपर्ने हुन्छ। यसमा पनि वारदात भएको मितिले सो हुलाकमार्फत पठाएको मितिसम्मलाई जाहेरी दरखास्त दर्ता गर्ने प्रयोजनका लागि हदम्यादको हिसाब गर्नुपर्ने" भनि व्याख्या गरिएको छ । यस प्रकरणमा हदम्यादभित्रै हुलाकमार्फत जाहेरी पठाएको देखिएमा सोलाई हदम्यादभित्रैको मान्नु पर्ने र जाहेरी दरखास्त जहिलेसुकै सम्बन्धित कार्यालयमा पुगे पनि हुलाकबाट पठाएको मितिलाई नै आधार मानी हदम्यादको हिसाब गर्नुपर्दछ भनि व्याख्या गरिएको छ।

यसैगरी फैसलाको प्रकरण नं ५ मा -"कुनै प्रहरी कार्यालयले जाहेरी सूचनाको आधारमा कारबाही अगाडि बढाएन भने यसबाट कुनै व्यक्तिको जीउ ज्यान र हकहितमा त असर पर्ने नै हुन्छ तर यसभन्दा पनि अझ महत्वपूर्ण यसबाट समाजमा शान्ति सुरक्षा अमन चयन कायम राख्नुपर्ने प्रमुख दायित्वबाट राज्य नै विमुख भएको देखिन आउँछ । यस्तो राज्य तथा यसका निकायले दायित्व निर्वाह नगरेको विषयलाई लिएर सम्बन्धित व्यक्ति अदालतमा आएकोमा अदालतले विलम्ब गरी रिट दायर गर्न ल्याएको भनी अर्थ गर्दा राज्य र यसका निकायहरूले आफ्नो कर्तव्यबाट उन्मुक्ति पाई राज्यको अकर्मण्यता बढी समाज अराजक बन्न

पुग्ने । अधिकार पाउनेभन्दा पनि अझ बढी कसैको दायित्व वा कर्तव्य पालनासँग जोडिएका विषयहरूमा विलम्ब जस्ता प्राविधिक कुराहरूका आधारमा रिट खारेज गर्दा नकारात्मक परिणाम निस्कने हुन्छ।

विलम्बको सिद्धान्तलाई हदम्याद जस्तो कठोर सिद्धान्तको रूपमा हेरिनु पनि नहुने ।" वारदात भएको १ वर्षपछि रिट निवेदक उपचारको लागि पुनरावेदन अदालत, हेटौंडा आएकोमा सो अदालतले विलम्ब गरी उपचारका लागि आएको भनी विलम्बको सिद्धान्तका आधारमा रिट निवेदन खारेज गरिदिएको सन्दर्भमा उक्त नजिर प्रतिपादन भएको देखिन्छ । राज्य तथा यसका निकायले दायित्व निर्वाह नगरेको विषयलाई लिएर सम्बन्धित व्यक्ति अदालतमा आएकोमा अदालतले विलम्ब गरी रिट दायर गर्न ल्याएको भनी अर्थ लगाई निर्णय गर्दा नकारात्मक परिणाम निस्कने र विलम्बको सिद्धान्तलाई हदम्याद जस्तो कठोर सिद्धान्तको रूपमा हेरिनु हुँदैन भन्ने कुरामा जोड दिइएको पाइन्छ।

फैसलाको प्रकरण नं ६ मा-"आफ्नो हकहित अधिकारको प्रचलनका लागि लामो समयसम्म बेवास्ता गरी बसेको अवस्थामा मात्र विलम्बको सिद्धान्त लागु हुने हुन्छ। तर आफ्नो हकहित र अधिकारको लागि प्रयत्नशील रही उपाय अपनाइरहेको अवस्थामा समय तत्वलाई मात्र प्रधानता दिई विलम्बको सिद्धान्त लागु नहुने ।" अतः सम्मानित अदालतले कुन अवस्थामा बिलम्बको सिद्धान्त लागु हुने वा नहुने भनि फैसलामा बोलेको छ । सम्बन्धित निकायले कानुनी कर्तव्य पूरा नगरेको तर व्यक्तिले आफ्नो हकहित र अधिकारको लागि प्रयत्नशील रही उपाय अपनाइरहेको अवस्थामा समय तत्त्वलाई मात्र प्रधानता दिई विलम्बको सिद्धान्त लागु गर्न नहुने भनि फैसला भएको पाइन्छ।

साथै मिति २०७०/०२/२३ मा हुलाकमार्फत पठाएको अपहरण मुद्दाको जाहेरी दरखास्त हदम्यादभित्रै हुलाकबाट पठाएको देखिएकोले उक्त जाहेरी दरखास्त दर्ता गरी निज पुनरावेदक/ रिट निवेदकबाट सनाखत गराई वा सो जाहेरी नभए वा फेला नपरे पुनः अर्को जाहेरी दिन लगाई नियमानुसार अनुसन्धान प्रक्रिया अगाडि बढाउनु भन्ने समेतको निर्देशन सहित सम्मानित सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालय पर्सा समेतको नाममा परमादेशको आदेश जारी गरेको पाइन्छ।

तसर्थ अपराधको सूचना वा जाहेरी दरखास्त समाजमा अपराध गर्ने व्यक्ति माथि समाज र राज्यले गर्ने निर्मम सजायको विषय मात्र होइन,यो पीडितले पाउने न्यायसँग पनि जोडिएको विषय समेत भएको हुँदा कोही-कसैलाई कुनै पनि बहानामा न्यायको पहुँचबाट वञ्चित गरिनु हुँदैन। ♦♦♦

निबन्ध

# तराजु



✍ डा. प्रेमराज सिलवाल

कुनै पनि वस्तुको तौल पत्ता लगाउन नाप्नु पर्दछ। जोख्नु पर्दछ। नाप्नु र जोख्नु भनेको त्यसको तुलनात्मक अध्ययन गर्नु पनि हो। तौलने र नाप्नेसम्बन्धी कार्य गर्ने मानिसले जोख्ने तथा तुलना गर्ने कला र सिपको विकास गरेका हुन्। समाजमा आफूलाई 'सर्वज्ञानी र अर्कोलाई अज्ञानी देखाउन' मूल्याङ्कनको तराजु आफूतर्फ ढल्काएर बोल्नेहरूको आधुनिक र सभ्य भनिएको सहरिया समाजमा हालीमुहाली देखिन्छ।

आफूलाई 'बढी ओजन'को पार्नु तराजुको सन्तुलन बिगार्नु हो। हेर्ने अर्को मान्छेको आँखा, मन, मस्तिष्क, ध्यान, सोच र दिमागमा भ्रम पार्नु हो। दिमागमा धुलो छर्नु हो। अर्काका आँखा, मन र दिमागमा धुलो हालेर आफू धनि, सम्पन्न र ठूलो देखिने प्रवृत्तिका मानिसहरूले समाजको सामाजिक तराजुको सन्तुलन बिगार्ने गरेका छन्।

प्राचीन मानव सभ्यतामा समेत कुनै न कुनै प्रकारको तराजु थियो। आधुनिक किलो ग्रामका जोख्ने प्रविधि, साधन र तारिका नहुँदा पनि परम्परागत ग्रामिण समाजमा 'भाग लगाएर मासु बेच्ने' गरिन्थ्यो। हातैले अनुमान गलाएर जोखेर पनि तराजुको काम चलाइने हुन्थ्यो। कुखुरा, खसी, बोका, च्याङ्ग्रा, भेँडा, बङ्गुर, बँदेल, हाँस आदि मानिसले उचालेर वा बोकेर तौलको अनुमान गर्ने प्रचलन अझैं पनि छ।

'खलाको धानदेखि ड्याङ्गको आलु'को तौल मानिसहरू हातैले उचालेर अनुमान लगाउने गर्दछन्। त्यस्ता अनुमान धेरै हदसम्म मिलेको पनि देखिन्छ। अर्थात् 'तराजुबिनाका पाखुरे तराजु' ग्रामिण समाजमा अनेकौं वस्तुको प्रचलनमा छन्। नुनदेखि सुनसम्म जोख्ने तराजुका बहुआयाम छन्। बहुरूपका तराजु बजारमा देखिन्छन्। तराजु जोख्ने, नाप्ने र मापन गर्ने वस्तु मात्र होइन। न्याय, समानता, भागबन्डा, सन्तुलन र नापको आधार हुन्। खासमा तराजु न्यायको प्रतीक र प्रतिविम्ब पनि हो। न्यायको तराजुको सन्तुलन बिग्रियो भने सामाजिक, आर्थिक र सांस्कृतिक न्यायको तराजु भत्कन्छ।

तराजुका अनेक खालका डिजिटल विधि र प्रयोग बढेका छन् । तराजुको काम सन्तुलन पहिचान गर्नु पनि हो । देश/विदेशको यात्रामा डिजिटल तराजुको प्रयोग हुन्छ । साइकलमा बजार-बजार डुलाएर 'फलफूल बेच्नेले' जोख्ने तराजुको कुनै भर हुँदैन ।

पाँच किलो भनेर किन्दा साढे चार किलो मात्र हुने सम्भावना हुन्छ । ढक तुलो नमिल्दा बजारमा उपभोक्ता मारिन्छन् । मूल्यमा मारिएको उपभोक्ता तौल, किलो, गुणस्तर, ब्रान्ड, साइजदेखि गुणस्तरका अनेकौं मिश्रणबाट ठगिने गरेका छन् ।

साहुजीलाई नाफाले कहिल्यै पुग्दैन । क्रेतालाई मूल्य घटाएर कहिल्यै कम हुँदैन । सरकारलाई कर लगाएर कहिल्यै अर्थतन्त्र वृद्धि हुँदैन, पुग्दैन । पुँजीपतिलाई मूल्य बढाएर कहिल्यै चित्त बुझ्दैन । गरिब र दुःखीलाई धनले कहिल्यै पुग्दैन । जड्याँहालाई रक्सीले कहिल्यै पुग्दैन । त्यस्तोमा तराजुले पनि काम गर्न सक्दैन । धनका लोभीलाई आफूतिर जतिनै तराजु ढल्काए पनि कम नै हुन्छ ।

जीवन पनि एउटा तराजु नै हो । तराजुमा व्यालेन्स (सन्तुलन) हेरिन्छ। जीवनमा व्यालेन्स खोजिन्छ। व्यालेन्स भएन भने जीवन अस्तव्यस्त हुन्छ । खाँदादेखि बोल्दासम्म, सुत्दादेखि उठ्दासम्म व्यालेन्सले मात्र काम गर्न सक्दछ । जीउमा शक्ति र तागत भएन भने खुट्टाले शरीर उठाएर हिँडन सक्दैन । जिब्रोको व्यालेन्स भइदिएन भने समाजमात्र होइन आफन्त र परिवार बटारिएको पत्तो हुँदैन । तसर्थ जिब्रो जोगाउनु पर्दछ । थुतुनो जोगाउन नसक्नेले दुःख पाउँछ ।

जिब्रोको कारण कति सत्तामा पुगे । कतिपय सत्ताबाट बढारिए । जिब्रोमा हड्डी नहुने भएकाले यसको प्रयोगमा सुन जोख्ने तराजुको जस्तै सन्तुलन मिलाउन सक्नु पर्दछ । चार ग्राम बढी गयो भने आफू सकिने । चार ग्राम कम भयो भने ग्राहक ठगिने ।

'तराजुको झेला र खेला'बाट ग्राहकको खल्ती काट्न पल्केकाहरू बजार भरि देखिन्छन् । मासु काट्ने बगरेले एउटा टुक्रो बोसे आन्द्रो पनि छोड्दैन । कालीमाटीमा तरकारी बेच्नेले काउलीको एउटा डाँठ पनि सित्तैमा दिँदैन । गाउँमा आलु बेच्ने किसानले चाहिँ एक बोरा आलु किन्दा चार छाक पुग्ने आलु 'आजको भान्छामा खानको लागि सित्तैमा' दिन सक्दछ । कुरो धनको होइन । मनको हो । किनकि उसको मन बगरेको जस्तो बोसेआन्द्रो मासुमा मिसाएर बेच्न सक्ने पनि हुँदैन ।

बगरे चनाखो हुन्छ । पसले छट्टु हुन्छ । ग्राहक पनि चोर हुन सक्दछन् । तसर्थ सबैतिर आँखा लगाउन सक्नु पर्दछ ।

तराजुको आफ्नै आँखा नहुने भएकोले मान्छे नै चनाखो हुनुपर्दछ। एअरपोर्टको 'डिजिटल डिस्प्ले' मा आँखा लगाएन भने टनका टन सुन डिजिटल तराजुले देख्दैन। टनका टन सुन पनि सुलुत्तै भित्र पस्न बेर लाग्दैन। एक पोका नुन छिर्न कठिन हुने ठाउँबाट पनि किलोका किलो सुन कसरी छिर्दछ ? प्रश्न गम्भीर छ। आखिर तराजु भनेको पनि मान्छेको आँखा नै रहेछ।

एउटा मानिसले अर्को मानिसलाई हेर्ने, सोच्ने, बोल्ने र व्यवहार गर्ने कुरामा पनि मनको तराजुले काम गरेको हुन्छ। उही मानिसले कसैलाई सम्मान गर्दछ। कसैलाई हेला होचो गर्दछ। कसैलाई अपमान गर्दछ। कसैलाई घोर अपमान गर्दछ। जन्मले मानिस उही रगत र मासुको डल्लोबाट बनेको हो।

कोही पनि जन्मँदै गौतम बुद्ध हुँदैनन्। कोही पनि प्लेटो हुँदैनन्। कुनै पनि मानिस हाकिम र कारिन्दा भएर जन्मेका होइनन्। उच्च जाती र तल्लो जाति जन्मको आधारले छुट्टिने होइन। समाजको 'असमान सोचको तराजु विचार' र हेराइले नै मानिसलाई ठूलो र सानो मान्यो, ठान्यो र भन्यो।

कति समान छ वा कति असमान छ भनेर हेर्ने काम तराजुले गर्दछ। तराजुले गर्ने तुलनामा विज्ञान छ। मानिसले समाज र अर्को मानिसलाई जोख्ने कुरामा चाहिँ उसको दृष्टिकोण, सोच, विवेक, बुद्धि, ज्ञान र सामाजिक तथा सांस्कृतिक परिवेशले भूमिका खेल्ने रहेछ। आफूलाई किलो वा बढी तौलको ठान्ने र अर्कोलाई पाउ वा कम तौलको ठान्ने संस्कृतिले असमनाता बढायो। राजनीतिक विभेद र द्वन्द्व वृद्धि गऱ्यो। त्यही कारण समाजमा साम्यवाद हुनु पर्दछ भन्नेहरू पनि छन्। साम्यवादले आर्थिक, सामाजिक र सांस्कृतिक समानताको वकालत गऱ्यो।

त्यस्तो साम्यवाद कहिले कसरी आउने त्यो कसैले भन्दैन। आर्थिक, सामाजिक र राजनीतिक अधिकार पुँजीपतितर्फ मात्र ढल्केकोले त्यो असमान तराजुलाई सन्तुलनमा ल्याउन साम्यवाद ल्याउनु पर्ने कुरा बोल्नेहरू छन्। खासमा तराजुको पूर्ण सन्तुलन हुनु एक प्रकारको साम्यवाद पनि हो। तराजुले आफैँ कसैलाई अन्याय गर्दैन।

अन्याय गर्ने सोचका मानिसले तराजुको सन्तुलन बिगार्ने गरेका हुन्। तराजुको सन्तुलन मिल्यो भने न्याय हुन्छ भन्ने अदालती मान्यताले अदालतका ढोकामा तराजुकको संकेत टाँसिएका हुन्छन्। तराजु एकातर्फ बढी ढल्कियो भने अन्याय हुन्छ। तराजुको पूर्ण सन्तुलन न्याय, समानता र अधिकारको सुरक्षा हुनु हो। तराजु सर्वत्र छ। यसलाई देख्न र बुझ्न चाहिँ सक्नु पर्दछ। ♦♦♦

# नेपालमा मिटर ब्याज समस्या, असर र समाधान



✍ पूर्व प्र.ना.उ. भोजराज पाण्डेय

पछिल्लो केही समयदेखि नेपालमा मिटर ब्याज समस्याले चर्को रूप लिएको छ। यो समस्याले नेपाली समाजको पिछडिएको वर्ग बढी आक्रान्त रहेको छ । शिक्षाको प्रचुर अज्ञानताको कारण गरिबीसँग पिल्सिएको नेपाली समाजमा यो डर लाग्दो समस्याको रूपमा रहेको छ । यसले सामाजिक मर्यादा, संस्कार र मानवीयताको हद समेत पार गरि जरो गाडेको छ। मिटर ब्याज गम्भीर सामाजिक, आर्थिक तथा कानुनी समस्या पनि हो । आर्थिक अभावका कारण चर्को ब्याजमा ऋण लिने र ब्याजमाथि ब्याज थपिँदै जाँदा ऋणी ऋणको दुष्चक्रमा फस्ने अवस्था नै मिटर ब्याजको मुख्य समस्या हो।

कतिपय अवस्थामा वास्तविक भन्दा बढी रकमको तमसुक बनाउने, लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने, लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने, लेनदेन गर्दाकै बखत ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने, ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने, ऋणीले तिरे बुझाएको र कमको भरपाई नदिने वा लिखत नबनाउने, ऋणको साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने, अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने तिरेको रकमको भरपाई नदिने तथा धम्की वा दबाबबाट ऋणीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति जबरजस्ती हडप्नेलगायतका कार्यहरूले गर्दा यो समस्याले उग्ररूप लिएको हो।

मिटर ब्याज समस्याको असर अत्यन्त गम्भीर छ । ऋणीले आफ्नो आयको ठूलो हिस्सा ब्याज तिर्न खर्च गर्नुपर्दा आर्थिक अवस्था झन् कमजोर हुन्छ । घरजग्गा गुम्ने, परिवारमा तनाव बढ्ने, सामाजिक सम्बन्ध बिग्रने र मानसिक पीडा सिर्जना हुने अवस्था देखिन्छ। कतिपय परिवार ऋण रकम चुक्ता गर्न नसक्दा वास्तविक जायजेथा गुमाउनु परेको कारण सुकुम्बासी समेत हुन पुगेका

छन् । केही परिवार विस्तापित भएका छन् भने कतिपयले यो समस्यालाई झेल्न नसकेर आत्महत्याको बाटो समेत रोजेका छन् ।

मिटर ब्याज समस्या समाधानको लागि विगत केही समयदेखि नेपालमा अस्तित्वमा रहेका सबै सरकारहरू निरन्तर लागेका छन् । सरकारको अधीनमा रहेका र नरहेका कानुन कार्यान्वयन गर्ने निकायहरू, अदालत, प्रहरी, स्थानीय तह, विभिन्न संघ संस्थाहरू, समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरू र सरोकारवाला अन्य निकायहरू पनि निरन्तर लागेका छन, तर परिणाम निस्कन सकेको छैन् । यसको कानुनी हिसाबले समाधान हुन नसक्नुको प्रमुख कारण भनेकै ऋणीसँग आफूले तिरेको साँवा तथा ब्याज रकमको भर्पाई वा कुनै भरपर्दो लिखत नहुनु हो । साहुलाई साँवा तथा ब्याज रकम तिर्ने क्रममा साहुले बदनियत राखि भर्पाई नदिने, भर विश्वास दिलाई चिन्ता लिनु पर्दैन भनि भन्ने तर तमसुक कागज वा लिखत जस्ताको तस्तै राख्ने लगायतका कार्यहरूले गर्दा पीडितलाई कानुन बमोजिम न्याय दिलाउन कठिनाई उत्पन्न भएको हो ।

मिटर ब्याज समस्या लेनदेनसँग सम्बन्धित रहेको र यसको मुद्दा प्रक्रिया सिधैँ अदालतमा प्रवेश गर्न र त्यसको छिनोफानो हुन वर्षौ लाग्ने भएकोले यस समस्याबाट आक्रान्त पीडितलाई तत्काल न्याय दिलाउन असहज भएको भनि तत्कालीन सरकारको पालामा यस समस्यालाई देवानी तथा फौजदारी दुबै ढाँचामा कानुनी प्रक्रिया अगाडि बढाउन सहज हुने गरि ऐन संसोधनलाई प्रमुखता साथ चासो दिई २०८० सालमा मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा संसोधित मिटर ब्याज समस्यालाई समाधान गर्ने हेतुले यसलाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २१ को ठगि, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटरसन) सम्बन्धी कसुर कायम गरि सोहि ऐनको दफा २४९क मा अनुचित लेनदेन गर्न नहुनेः दफामा समाविष्ट गरिएको छ ।

सो ऐनको दफा २४९(क) मा अनुचित लेनदेन गर्न नहुने भनि व्यवस्था गरिएको छ । जसमा कसैले अनुचित लेनदेन गर्न वा गराउन हुँदैन भनि स्पष्ट रूपमा लेनदेनको कारोबार उचित र कानुनमा लेखिए देखि बाहेक हुनु हुँदैन भनि फौजदारी दायरामा ल्याई लिपिबद्ध गरिएको छ । जसमा उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायको काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछ भनि उल्लेख गरिएको छ ।

(**क**) लेनदेन नभएको वा नगरेको रकम

दिएको भनी लिखत तयार गर्ने,

(**ख**) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(**ग**) लेनदेन गर्दाकै बखत ब्याज रकम समेत साँवामा जोडी लिखत तयार गर्ने,

(**घ**) ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने,

(**ङ**) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(**च**) ऋणको साँवाभन्दा बढी ब्याज लिने,

(**छ**) ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने,

(**ज**) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने ।

साथै सोही ऐनको उपदफा (३) मा यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउन हुँदैन भनि उल्लेख गरिएको छ । यो कसुरलाई गम्भीर कसुरको रूपमा लिई सजायको दायरालाई पनि फराकिलो बनाइएको छ । जसमा यस बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई कसुरको गम्भीरता हेरी सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुनेछ भनि उल्लेख गरिएको छ ।

अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानुन बमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइदिनु पर्नेछ र अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुनेछ भनि उल्लेख गरिएको छ ।

मिटरब्याज समस्या विकराल समस्या रहेको भए तापनि यो समाधान नै हुन नसक्ने समस्या चाहिँ होइन । यसको समाधानका लागि निम्न उपायहरू अपनाउन सकिन्छ ।

♦ वास्तविक साँवा र वैधानिक ब्याजको निष्पक्ष हिसाब गरी ऋणको वास्तविक दायित्व निर्धारण गर्ने ।

♦ ब्याजमाथि ब्याज (चक्रवृद्धि/साँवामा ब्याज जोड्ने) कार्यलाई पूर्ण रूपमा नियन्त्रण गर्ने ।

♦ वास्तविक कारोबारभन्दा बढी रकमको तमसुक वा लिखत बनाइएको भए त्यसलाई बदर गर्ने ।

♦ ऋणीले तिरेको रकमको भरपाई नदिएको अवस्थामा प्रमाणका आधारमा भुक्तानी समायोजन गर्ने ।

♦ अनुचित लेनदेनबाट हडपिएको घरजग्गा तथा अन्य सम्पत्ति कानुनी प्रक्रियाबाट फिर्ता गराउने ।

♦ धम्की, हिंसा, दबाब वा शोषण गरी ऋण असुल्ने व्यक्तिमाथि कडा फौजदारी कारबाही गर्ने ।

♦ पीडित र साहुबीचको विवाद समाधान गर्न स्थानीय तहमा प्रभावकारी मेलमिलाप तथा कानुनी सहायता केन्द्र स्थापना गर्ने ।

♦ पीडितलाई अदालतमा मुद्दा लड्न निःशुल्क कानुनी सहायता र सरल न्यायिक प्रक्रिया उपलब्ध गराउने ।

♦ गरिब तथा न्यून आय भएका नागरिकका लागि सहज, सुलभ र न्यून ब्याजदरको संस्थागत ऋण उपलब्ध गराउने ।

♦ बैंक तथा वित्तीय संस्थाले वास्तविक आवश्यकता भएका नागरिकलाई ऋण दिने व्यवस्था सुधार गरी अनौपचारिक साहुमाथिको निर्भरता घटाउने ।

♦ ऋण कारोबारलाई सकेसम्म बैंकिङ प्रणाली तथा डिजिटल भुक्तानीमार्फत पारदर्शी बनाउने ।

♦ घरसारमा हुने ऋण कारोबारमा लिखत, रकम, ब्याजदर, भुक्तानी र धितोको स्पष्ट अभिलेख अनिवार्य गर्ने ।

♦ मिटर ब्याजको जोखिमबारे ग्रामीण तथा विपन्न समुदायमा वित्तीय साक्षरता र कानुनी चेतना विस्तार गर्ने ।

♦ मिटर ब्याजसम्बन्धी उजुरीको केन्द्रीय डिजिटल अभिलेख राखी दोहोरिने तथा संगठित रूपमा यस्तो कारोबार गर्ने व्यक्तिको निगरानी गर्ने ।

♦ विगतका उजुरीहरूको समयबद्ध रूपमा पुनरावलोकन गरी वास्तविक पीडितलाई न्याय र दोषीलाई कारबाही गर्ने ।

♦ सरकारले बनाएका आयोग तथा कार्यदलका सिफारिसलाई अध्ययन गरेर स्पष्ट कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने ।

मिटर ब्याज समस्या समाधानका लागि वास्तविक साँवा, कानुनी ब्याज र तिरिसकेको रकमको निष्पक्ष हिसाब गरी अनुचित लिखत खारेज गर्नुपर्छ । ऋणीलाई जुनसुकै हालतमा रकमको आवश्यकता परेको कुरालाई साहुले मौकाको रूपमा लिने परिपाटीको अन्त्य नभए सम्म यो समस्यालाई समाधान गर्न कठिनाई नै हुने देखिन्छ ।

पीडितले तत्काल न्याय पाउने खालको कानुनी संरचनाको आवश्यकता टट्कारो बन्दै गएको छ । हडपिएको सम्पत्ति फिर्ता, दोषीमाथि कडा कारबाही, पीडितलाई निःशुल्क कानुनी सहायता तथा सहज र सुलभ संस्थागत ऋणको व्यवस्था गर्नुपर्छ । साथै, कानुनको प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन नै दीर्घकालीन समाधानको आधार हो ।

♦♦♦

संस्मरण

# डाँडामाथिको आशाः इच्छाकामनासम्मको यात्रा



✍ मुरारीराज मिश्र

नेपालका तीर्थस्थलहरू नेपाली धार्मिक चेतनाका अभिन्न आधारस्तम्भ हुन् । ती केवल पूजा-आराधनाका केन्द्र मात्र होइनन्, आस्था, इतिहास, संस्कृति र जनविश्वासका जीवित अभिलेख पनि हुन् । कतिपय तीर्थहरू युगौँदेखि जनमानसमा प्रतिष्ठित छन् भने कतिपय अझै पहाडका कुना-कन्दरामा मौन साधनारत ऋषिजस्तै आफ्नै प्रतीक्षामा छन् ।

एक दिन मनमा एउटा अनौठो प्रश्न उठ्यो- यदि मनका कामना पूरा गर्ने मनकामना छिन् भने इच्छाका कामना पूरा गर्ने इच्छाकामना कहाँ छिन् ? नाम सुनेको थिएँ, तर त्यहाँ पुगेका मानिसका अनुभव कमै सुनिन्थे । मनमा फेरि अर्को प्रश्न उब्जियो- के आस्थाको मूल्य पनि प्रसिद्धिले निर्धारण गर्छ ? कि मानिसको भिडले मात्र कुनै स्थानलाई पवित्र बनाउँछ ? यिनै प्रश्नहरूको उत्तर खोज्ने जिज्ञासाले मनमा एउटा सानो यात्रा जन्मायो । त्यो यात्रा केवल एउटा मन्दिरसम्म पुग्ने यात्रा थिएन; त्यो ओझेलमा परेको एउटा आस्थास्थल, एउटा भूगोल र एउटा सम्भावनाको खोजी पनि थियो ।

२०७९ साल मंसिर २४ गते बिहान पाँच बजे हाम्रो पारिवारिक टोली यात्रामा निस्कियो । सानीआमा र ठूलीआमाका सन्तानहरू तथा चालकदलसहित करिब तीस जनाको हाम्रो टोलीमा उत्साह, कौतूहल र आत्मीयता एकसाथ मिसिएका थिए । बसभित्र कसैले पुराना पारिवारिक सम्झनाहरू सुनाइरहेका थिए, कसैले गन्तव्यबारे अनुमान गर्दै प्रश्नहरू सोधिरहेका थिए । एकजना भाइले हाँस्दै भने, “हेरौं न, इच्छाकामनाले साँच्चै इच्छा पूरा गरिदिन्छिन् कि दिँदिनन् !” सबै हाँस्यौँ । तर भित्रभित्रै प्रत्येकले आ-आफ्ना मौन इच्छाहरू बोकेका थियौँ ।

पृथ्वी राजमार्ग हुँदै अघि बढ्दै गर्दा पूर्व क्षितिजमा उज्यालो बिस्तारै फैलिँदै थियो । निद्राबाट ब्युँझँदै गरेका गाउँहरू, स्वागतका लागि पर्खिरहेका झैं लाग्ने घरहरू र चिसो बिहानीको सन्नाटा हाम्रो यात्राका मौन सहयात्री बनेका थिए । बिहानको त्यो उज्यालोले केवल आकाश मात्र उजिल्याएको थिएन, यात्राप्रतिको

उत्सुकतालाई पनि उज्यालो बनाइरहेको थियो।

कुरिनटार नजिकैको फिस्लिङ बजारबाट माथि उक्लिने सडकले भने यात्राको स्वरूप नै फेरिदियो । घुमाउरा मोडहरू, उकालो चढाइ र ठाउँ-ठाउँका खाल्डाखुल्डीले सडक अझै विकासको प्रतीक्षामा रहेको संकेत गर्थे। तर प्रकृतिले भने त्यो असजिलोपनलाई सजिलै ढाकिदिएको थियो । सडकका दुवैतर्फ सुनौलो रङले झलमल्लिएका सुन्तलाका बगैंचाहरू थिए । कतै किसान बारीमा व्यस्त देखिन्थे, कतै पहाडका काखमा अडेस लागेका घरहरू।

बीच-बीचमा झ्यालबाट टाढा हिमालतर्फ दृष्टि पुग्थ्यो। निलो आकाशमुनि चम्किरहेका हिमशृङ्खलाहरूले यात्रालाई कुनै कुशल चित्रकारको जीवित क्यानभासमा रूपान्तरण गरिदिएका थिए । यात्रालाई कहिलेकाहीँ गन्तव्यभन्दा पनि बाटोले सुन्दर बनाउँछ। त्यो दिन मलाई पनि यस्तै लागिरहेको थियो। प्रकृतिका ती दृश्यहरूले मानौँ भनिरहेका थिए- "गन्तव्यमा पुग्नुअघि बाटोलाई पनि मनले पढ्न सिक।"

घरबाट हिँडेको करिब पाँच घण्टापछि हामी इच्छाकामना देवीको मन्दिर परिसरमा पुग्यौँ । समुद्री सतहबाट झण्डै १८०० मिटर उचाइमा अवस्थित त्यो स्थानमा पाइला टेक्नेबित्तिकै एउटा अनौठो शान्ति अनुभूत भयो । तल बेँसीतिरका हल्ला, भिडभाड र दैनिक जीवनका चटारोहरू त्यहाँ आइपुग्दा कतै टाढा छुटिसकेका जस्ता लाग्थे । हावामा चिसोपन थियो, तर त्यसमा एउटा पवित्र स्पर्श पनि मिसिएको अनुभूति हुन्थ्यो।

मन्दिर परिसरबाट चारैतिर दृष्टि डुलाउँदा प्रकृतिले आफ्ना सबै रङहरू उदारतापूर्वक खर्च गरेको जस्तो लाग्थ्यो। डाँडामाथि डाँडा, हरियालीका तहहरू, टाढा हिमरेखा र तलतिर छरिएका गाउँबस्तीहरू सबै मिलेर एउटा विशाल दृश्य-कविता रचिरहेका थिए। मनले भन्यो, "यहाँ केवल देवीको दर्शन गर्न मात्र होइन, आफ्नै मनलाई भेट्न पनि आउनुपर्ने रहेछ!"

त्यो क्षण म केहीबेर निस्पन्द उभिइरहेँ । मानिस जीवनभर कतै न कतै पुग्न हतार गरिरहन्छ, तर कहिलेकाहीँ यस्ता स्थानहरूले उसलाई रोकिन, आफैँलाई हेर्न र आफ्नै मौनसँग संवाद गर्न सिकाउँछन् । डाँडाको त्यो शान्त वातावरणमा प्रकृति र अध्यात्म एकअर्कामा विलीन भएझैँ लाग्थे।

हामी पुगेका बेला मन्दिरको पुनर्निर्माण कार्य चलिरहेको थियो। देवीको मूर्ति अस्थायी रूपमा राखिएको सानो कोठामा श्रद्धापूर्वक पूजा-आराधना गऱ्यौं। घण्टीको मधुर ध्वनि, अगरबत्तीको सुगन्ध र भक्तजनका प्रार्थनाले वातावरणलाई अझ आध्यात्मिक बनाइरहेको थियो । त्यहाँ उपस्थित प्रत्येक व्यक्तिको मनमा

कुनै न कुनै अधूरो चाहना, कुनै न कुनै मौन प्रार्थना अवश्य थियो । सायद कसैले स्वास्थ्य मागेको थियो, कसैले सफलता, कसैले सन्तानको सुख, कसैले मनको शान्ति । देवीको सामुन्ने उभिँदा सबैका अनुहार फरक थिए, कामना फरक थिए; तर प्रार्थनाको भाषा भने एउटै थियो- मौन । त्यो मौनमा पनि एउटा संवाद थियो- मानिस र देवीबीचको संवाद । शब्दले व्यक्त गर्न नसक्ने कुरा कहिलेकाहीँ मौनताले सहजै व्यक्त गरिदिन्छ । सायद प्रार्थनाको वास्तविक भाषा पनि यही हो ।

दर्शनपछि हामीले मन्दिर परिसर वरिपरि समय बितायौँ । घरबाटै तयार पारेर ल्याइएको भोजन सामूहिक रूपमा ग्रहण गर्दा यात्राको आत्मीयता झन् प्रगाढ बन्यो । हाँसो, ठट्टा, सम्झना र सामूहिकताले त्यो दिनलाई केवल धार्मिक भ्रमण नभई पारिवारिक उत्सवमा रूपान्तरण गरिदियो । कसैले बाल्यकालका रमाइला प्रसङ्ग सुनायो, कसैले पुराना पारिवारिक भेटघाट सम्झियो । ती क्षणहरूमा यात्रा केवल गन्तव्यसम्म पुग्नु मात्र होइन, सम्बन्धहरूलाई पुनः नजिक ल्याउने माध्यम पनि हो भन्ने अनुभूति भयो । देश बाहिर रहेका र विविध कारणले आज आउन नपाएका पारिवारिक सदस्यहरूको सम्झनाले भने केही खल्लो पनाको आभाष दिलायो ।

त्यही क्रममा स्थानीय बुढापाकासँग कुराकानी गर्ने अवसर पनि मिल्यो । उनीहरूका अनुसार वि.सं. १९६५ तिर मनिराज दर्लामी नामका एक गोठालाले यस स्थानमा देवीको दर्शन पाएका थिए । त्यसपछि गाउँलेहरूले ढुंगाको मन्दिर निर्माण गरी पूजा-आराधना सुरु गरेका हुन् । भक्तजनको इच्छा पूरा गर्ने शक्तिका कारण देवीको नाम ‘इच्छाकामना’ रहन गएको विश्वास गरिन्छ ।

स्थानीय जनश्रुतिले यस मन्दिरलाई अझ रोचक बनाउँछ । गोरखाको मनकामना, गोरखकाली, तनहुँकी छिम्केश्वरी र चितवनकी इच्छाकामनालाई दिदीबहिनीका रूपमा मान्ने चलन रहेछ । मनकामना र इच्छाकामनाबीच भएको भनिएको श्रापको कथा आज पनि स्थानीयहरू रोचक ढङ्गले सुनाउँछन् । किंवदन्तीअनुसार, कुनै समय मनकामना र इच्छाकामनाबीच ‘को ठूलो’ भन्ने विषयमा विवाद परेछ । रिसको झोंकमा इच्छाकामनाले मनकामनालाई ‘सुँगुरको बलि चढाइने’ श्राप दिइन् भने मनकामनाले इच्छाकामनालाई ‘भक्तजनको अभाव हुने’ श्राप दिइछन् । यद्यपि किंवदन्तीको सत्यता प्रमाणित गर्न सकिँदैन, तर मनकामनामा लाग्ने भिड र इच्छाकामनाको अपेक्षाकृत सुनसान परिवेश हेर्दा ती कथाहरू लोकस्मृतिमा किन टिकिरहेछन् भन्ने सहजै बुझ्न सकिन्छ ।

तर इच्छाकामनाको वास्तविक

कथा जनश्रुतिभन्दा पनि यसको अदृश्य सम्भावना र भविष्यमा लुकेको देखिन्छ । धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र पदयात्राको आकर्षण एकै ठाउँमा भेटिने यस्तो स्थल नेपालमा धेरै छैनन् । तर पर्याप्त पूर्वाधारको अभाव, सार्वजनिक यातायातको न्यूनता, विश्रामस्थल, खाने पानी, शौचालय तथा सूचना केन्द्रहरूको कमीले यसको विकासलाई सीमित बनाएको देखिन्छ। प्रकृतिले प्रशस्त दिएको छ, तर समाजले त्यसलाई व्यवस्थित रूपमा उजागर गर्न अझै सकेको छैन।

दिउँसो साढे एक बजे फर्किने बेला भयो । बस ओरालो झर्दै गर्दा म बारम्बार पछाडि फर्केर त्यो डाँडातर्फ हेरिरहेँ । बिस्तारै मन्दिर आँखाबाट ओझेल पर्दै गयो, तर मनबाट भने हटेन । केही ठाउँहरू यस्ता हुन्छन्, जहाँबाट हामी फर्किन्छौँ, तर ती ठाउँहरू हामीभित्रै बसिर हन्छन्। इच्छाकामना पनि मेरो लागि त्यस्तै ठाउँ बनेर रह्यो।

घर फर्किएपछि पनि एउटा प्रश्न मनमा घुमिरह्यो- आखिर 'इच्छाकामना' भनेको के हो ? सायद इच्छाकामना केवल देवीको नाम मात्र होइन, त्यो मानिसभित्र कहिल्यै नमर्ने आशाको अर्को नाम पनि हो । जीवनका असंख्य संघर्ष, अभाव र अनिश्चितताबीच पनि मानिसले भोलिको कुनै सुन्दर सम्भावनामा विश्वास गरिरहनु नै इच्छाकामना हो । त्यसैले त्यहाँ पुगेर फर्कँदा लाग्यो- "मानिसहरू देवीसँग इच्छा माग्न जान्छन् र फर्कँदा आफूभित्र सुतेको आशालाई फेरि ब्युँझाएर ल्याउँछन्।"

वास्तवमा मानिसको सम्पूर्ण जीवन नै आशाको यात्रामा अडिएको हुन्छ। आशा नहुने हो भने न प्रार्थनाको अर्थ रहन्छ, न तीर्थको, न यात्राको, न भविष्यका सपनाहरूको । आशाले नै मानिसलाई बाँच्न, नाच्न र हाँस्न सिकाएको छ। आशा नै त्यस्तो तत्व हो जसले अन्धकारको गहिराइमा पनि उज्यालोको सम्भावना देखाउँछ, असफलताका बीच पुनः उठ्ने साहस दिन्छ र पीडाका क्षणहरूमा धैर्यको दीप बालिरहन्छ । यही आशाकै भरमा मानिस कठिन बाटो हिँड्छ, संघर्षसँग जुध्छ र भोलि आजभन्दा राम्रो हुनेछ भन्ने विश्वासका साथ जीवनलाई अगाडि बढाइरहन्छ।

सायद यही कारणले डाँडाको टुप्पोमा शान्त भावले विराजमान इच्छाकामना देवी आज पनि केवल भक्तहरूको प्रार्थना सुन्दै छैनन्; उनी मानिसभित्र बाँचेको विश्वास, आशा र सम्भावनाको दीपशिखालाई पनि जोगाइरहेकी छिन्। त्यसैले इच्छाकामनाको यात्रा एउटा मन्दिरसम्म पुगेर समाप्त हुँदैन; त्यसले मानिसको आफ्नै अन्तर्मनसम्म पुगेर मात्र पूर्णता पाउँछ। ♦♦

# योजनाबद्ध विकासको महत्व



✍ **सुदर्शन अधिकारी**

कुनै पनि विकासका कार्यहरू निश्चित समयमा निश्चित उद्देश्य हासिल गर्न सञ्चालन गरिने कार्यक्रमलाई योजना भनिन्छ । नेपालमा योजनाबद्ध विकासको थालनी वि.स.२०१३ सालबाट भएको हो । विकास निर्माणका हरेक कार्यहरू योजना निर्माण गरेर गर्न सकिएमा त्यसको प्रभावकारिता पनि ज्यादा रहन्छ । योजनाबद्ध विकासबाट धेरै लाभ लिन सकिन्छ । यसबाट वातावरण जोगाएर भएका स्रोत र साधनहरूको समुचित उपयोग गर्न सकिन्छ । योजना बनाएर गरिएका विकासबाट जनसहभागिता रहन्छ भने विकास निर्माणका कार्यबाट कम लागतमा उच्च प्रतिफल वा लाभ लिन सकिन्छ ।

योजनाबद्ध विकासका कार्यहरूबाट आम नागरिक ज्यादा लाभान्वित हुन्छन् । योजना बनाएर विकासका कार्यहरू सञ्चालन गर्दा कार्य पनि दिगो र ज्यादा फाइदा दिने हुन्छ । यस्ता योजनाहरूबाट जनचाहना पनि पूरा गर्न सहज हुन्छ । तसर्थ हरेक विकासका कार्यहरू सम्पादन गर्दा योजनाबद्ध भएमा मात्र त्यसले आम नागरिकको आवश्यकताको सम्बोधन गर्न सकिन्छ ।

योजनाको विशेषता पनि ज्यादै महत्वको हुन्छ । योजना आवधिक हुन्छ यसको निर्दिष्ट उद्देश्य रहेको हुन्छ भने योजना लोक कल्याणकारी पनि हुन्छ । योजनाका सबै आर्थिक क्रियाकलापहरू योजना अनुसारनै हुन्छन् । योजनामा राज्यको स्रोत साधनको वितरण गर्ने उद्देश्य रहेको छ । योजनामा विभिन्न रणनीति रहेका हुन्छन् । जसमा कृषि क्षेत्रको रुपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तार मार्फत उत्पादन वृद्धि गर्ने रणनीति रहेको छ । यसै गरी उर्जा, सडक तथा हवाइ यातायात, सूचना तथा सञ्चार र ग्रामीण सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने रहेको छ ।

सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने, आर्थिक, समाजिक एवम् शासकीय

सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै समग्र सुशासनको प्रवर्धन गर्ने रहेको छ। यसैगरी लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान र प्रविधिको उच्चतम् प्रयोग तथा संस्थागत क्षमता विकास गर्ने जस्ता विषय समेटिएका छन्।

योजनाबद्ध विकासका चुनौतीहरू पनि अनेकौँ रहेका छन्। द्रुततर आर्थिक विकास र त्यसको न्यायपूर्ण वितरण मार्फत शीघ्र गरिबी निवारण गर्नु, मानव विकासका पक्षमा उल्लेख्य वृद्धि गर्ने र समग्र अर्थतन्त्रलाई सम्वृद्धि एवम् दिगो आर्थिक सामाजिक विकासको मार्गमा लैजानु रहेको छ।

यसैगरी आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा आउन सक्ने असमानता कम गरी नेपाललाई सामाजिक न्यायमा आधारित समतामूलक तथा लोक कल्याणकारी राज्यका रूपमा स्थापित गर्नु, सघन आर्थिक क्षेत्रको विस्तार मार्फत रोजगारीका अवसर सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम् उपयोग गर्ने र स्वदेशमा नै पर्याप्त मात्रामा रोजगारीका अवसरहरू सिर्जना गर्नु अर्को चुनौतीका रूपमा रहेको छ। आजको निर्वाहमुखी कृषिलाई रुपान्तरण गरी प्रतिस्पर्धात्मक एवम् व्यावसायिक बनाउदै यसलाई देशको औद्योगिक विकासमा आबद्ध गर्नु पनि चुनौतीको रुपमा रहेको देखिन्छ।

देशमा रहेको उर्जा सङ्कट हटाउने, प्रकोप सम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउनु, पूर्वाधारहरूका निर्माण तथा विकास र आबद्धताका साथै ग्रामीण तथा सहरी विकासलाई अन्तरसम्बन्धित गरी यसलाई आर्थिक वृद्धिको स्रोतको रुपमा स्थापित गर्नु योजनबद्ध विकासका चुनौतीका रूपमा रहेका छन्।

यसैगरी विकासका कार्यक्रमहरूलाई एकीकृत गर्ने कार्यका साथै निक्षेपण सम्बन्धी कार्यलाई प्रभावकारी बनाई आम नागरिकको अति नजिकको शासकीय तहसम्म सार्वजनिक सेवाको प्रवाह र वितरणलाई निश्चितता प्रदान गर्ने सार्वजनिक वित्तीय व्यवस्थापन लगायतका अन्य शासकीय सुधार सम्बन्धी कार्यहरू गर्नु, प्रादेशिक र स्थानीय तहसम्म विकास व्यवस्थापनको क्षमता बढाउँदै सबै तहमा जवाफदेही, स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्नु, राज्यको पुनर्सरचनाको कार्य छिटो सम्पन्न गर्दै प्रादेशिक एवम् स्थानीय विकासको नेतृत्व यथा सम्भव

छिटो निर्वाचित जनप्रतिनिधिहरूबाट नै गराउने चुनौतीसँगै केन्द्रीय योजना कार्यान्वयन प्रणालीलाई पनि सुदृढ बनाउनु पनि चुनौतीका रूपमा रहेका छन् ।

योजनाबद्ध विकासका केही महत्त्वपूर्ण अवसरहरू पनि सिर्जना गर्छन् । हाम्रो उर्भर जमिन, जलस्रोत, वन, खानी जैविक विविधता, भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमत्तापूर्ण उपयोगबाट देशको सम्वृद्धि हासिल गर्न सक्ने प्रशस्त सम्भावना रहेका छन् । कुल जनसंख्यामा आर्थिक रूपले सक्रिय हुने जनसंख्याको अनुपात बढ्दै जाँदा आर्थिक सामाजिक विकासलाई द्रुतता प्रदान गर्न स्वस्थ र क्रमश शिक्षित हुँदै गईरहेका सक्षम जनशक्ति विकास हुँदैछ यसलाई सही तरिकाले उत्पादनका क्षेत्रमा परिचालन गरी मनग्य लाभ लिन सकिन्छ ।

देशको चौतर्फी विकासका लागि सहकारी र निजी दुबै क्षेत्र प्रवर्धन गर्ने सरकारी नीतिबाट प्राप्त अवसरको उपयोग गर्दै देशलाई आर्थिक रुपले सम्वृद्ध बनाउन सरकारसँग परिपुरकको भूमिका निर्वाह गर्न तत्पर रहेको अवस्था छ यसलाई हर तरहले प्रभावकारी रूपले उपयोगमा ध्यान दिनु जरुरी रहेको देखिन्छ। हालसम्मको सामाजिक र आर्थिक क्षेत्रमा भएको लगानीको उच्चतम् प्रतिफल लिन सक्ने अवस्था पनि विद्यमान रहेको छ । ठूलो संख्यामा रहेका गैरआवासीय तथा अन्य लगानीकर्तालाई आकर्षित गरी उत्पादनमुखी क्षेत्रमा लगानी वृद्धि गर्न सक्ने सम्भावना पनि उच्च रहेको अवस्था छ । त्यसैगरी वैदेशिक रोजगारीबाट प्राप्त सिप, पूँजी र उद्यमशीलताबाट पर्याप्त मात्रामा फाईदा दिन सक्ने वातावरणको पनि सिर्जना भएको देखिन्छ ।

देशमा योजनाबद्ध तरिकाले चालिएका प्रयास र कदमहरूबाट सामाजिक परिवर्तनका विभिन्न सम्भावनाहरू देखिन्छन् । समाजको विकाससँगै राज्य व्यवस्थाको उत्पत्ति र विकास भएको हो । राज्य व्यवस्थाको प्रकृति र स्वरूपले सामाजिक र आर्थिक परिवर्तनलाई प्रभाव पारेको हुन्छ । राज्यस्तरबाट जारी गरिएका कानुन तथा नियमहरू, मान्यताहरू अनि विकास निर्माणका साथै जनचेतना लगायत अन्य प्रजातान्त्रिक परिपाटीबाट परिवर्तनहरू हुन्छन् । लोकतान्त्रिक र लोककल्याणकारी राज्यमा परिवर्तनको अपेक्षाहरू पनि ज्यादा हुने गर्छ ।

प्रजातान्त्रिक शासन व्यवस्थाले समाजको विद्यमान संरचना परिवर्तन गरी नयाँ, सभ्य, सुसंस्कृत र विकसित समाजको निर्माणका लागि विभिन्न प्रकारका कार्यक्रमहरू योजनाबद्ध रूपले तर्जुमा गरिएको हुन्छ । हरेक राज्यका राज्य व्यवस्थाले खासगरी देशको विकास मार्फत

समाजको परिवर्तन गराउन प्रयास गरेको हुन्छ । राज्यस्तरबाट चालिएका शिक्षा, स्वास्थ्य, विकास निर्माण, सामाजिक, आर्थिक र प्राविधिक क्षेत्रको विकासमा योजनाबद्ध विकासको प्रभावकारी कार्यान्वयनको खाँचो रहन्छ । वर्तमान सन्दर्भमा हेर्ने हो भने विश्वस्तरका साझा कार्यक्रमहरू पनि विकास गरिएका छन् । साझा संस्था सयुक्त राष्ट्रसंघीय कार्यक्रम र क्षेत्रीय सहयोगको आदान प्रदान मार्फत प्रत्येक देशले साझा कार्यक्रमहरूको अवलम्बन गरेका हुन्छन् ।

योजनाबद्ध विकासका कारण सफलता प्राप्त गरिएका केही कार्यक्रमहरू यहाँ दृष्टान्तका रुपमा हेरौँ । स्वास्थ्य सम्बन्धी पोलियो उन्मुलन, बालश्रम उन्मुलन अभियान, मानव अधिकार, जातीय छुवाछुत विरुद्धका अभियानहरू, महिला जागरण जस्ता दर्जनौँ कार्यक्रमहरूले समाजमा सामाजिक र आर्थिक विकासमा समेत ज्यादै महत्त्वपूर्ण परिवर्तन गर्न सफल भएको देखिन्छ । यस्ता विकास र परिवर्तनसँग जोडिएका विभिन्न कार्यक्रमहरूले सामूहिक प्रयास, अनुभवको हस्तान्तरण र पारस्परिकताका आधारमा समाजको समग्र विकासको तहलाई माथि उकास्न सहज वातावरणको सिर्जना गराउँछ । विकासकै सन्दर्भ जोड्दा वर्तमान समयमा विश्वव्यापीकरणको प्रभाव पनि उच्च मात्रमा रहेको पाइन्छ । विकासको मोडेलहरू मध्ये विश्वव्यापीकरण पनि विश्वका धेरै देशहरूले अवलम्बन गरेको देखिन्छ । निजीकरणलाई विशेष प्राथमिकता दिइने यस प्रणालीमा बजार विस्तार, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको क्षेत्रलाई पनि वृद्धि गरिएको छ । यस प्रक्रियाबाट विश्वमा आर्थिक स्तरीकरणको प्रारम्भ भएको पाइन्छ । विश्वव्यापीकरणका कारणले गर्दा नै आज नेपालमा विभिन्न देशका लगानीकर्ताहरू लगानीका लागि तयार भएको देखिन्छ ।

विश्वव्यापी रूपमा थालिएका सामाजिक सुधारका कार्यक्रमहरूले, आर्थिक विकासका कार्यक्रमहरूले, मानव अधिकारको प्रतिस्थापन सम्बन्धी कार्यक्रमहरूका साथै मानवीय भेदभावरहित समाज सम्बन्धी विभिन्न प्रकारका योजनाबद्ध कार्यक्रमहरूले देशको आर्थिक तथा सामाजिक विकास र परिवर्तनमा ज्यादै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । व्यवस्थित तरिकाले गरिएका कार्यले आर्थिक अवस्थामा आएको सुधार र परिवर्तनले सरकारी लगानी, सामाजिक र आर्थिक क्षेत्रको विकासमा केन्द्रित गरेको देखिन्छ । यसबाट आर्थिक प्रगति, औद्योगिक विकास, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य, खानेपानी आदिका अवसरहरूमा वृद्धि भएको छ ।

योजनाबद्ध विकासका कार्यक्रमहरूले समाजमा रहेका विभिन्न प्रकारका अन्धविश्वास तथा कुरीतिहरूलाई पनि हटाउन सकिन्छ । सामाजिक परिवर्तनका योजनाबद्ध प्रयासहरू ती अन्तरदेशीय, स्वदेशीय वा विश्वव्यापी नै किन नहोस् तिनका मूल उद्देश्य भनेको समाजमा आर्थिक र सामाजिक परिवर्तन गर्ने नै रहेको हुन्छ । जसका उद्देश्यहरू, प्राथमिकताहरू, स्रोत र साधनहरूका उचित परिचालन, उचित लगानी तथा कार्यक्रम तर्जुमा, मूल्याङ्कन र अनुगमनका प्रक्रियाहरू अवलम्बन गरी कार्य गरिनुपर्छ ।

योजनाबद्ध विकासका हरेक कार्यक्रमहरू प्रभावकारी रूपले सम्पन्न गर्नका लागि राज्यका योजनासँग सम्बन्धित सबै निकायका बीचमा आपसी समन्वय कायम गरी निर्धारित समयमा नै कार्य सम्पादन गर्न सक्नुपर्छ । अर्को महत्त्वपूर्ण विषय के रहेको छ भने बजेटको व्यवस्था तथा अन्य प्राविधिक समस्याहरूका समाधान बिना योजनाहरूका कार्यान्वयनको तहमा पुग्नु पनि हुँदैन । यसले योजनामा ढिलाई भएर लागत उच्च मात्रामा वृद्धि हुने समस्या आउँछ ।

यसैले बजेटको विनियोजन गर्दा नै सानो सानो योजनाहरू धेरै नबनाउने र ठूला र ज्यादा महत्त्वका योजनाहरू प्रभावकारी रूपले सम्पन्न गर्नेतर्फ चनाखो भएर कार्य गर्नुपर्छ । देशको आर्थिक तथा सामाजिक विकास र परिवर्तनका लागि योजना छनोटका चरण देखि नै ध्यान दिनु जरुरी हुन्छ । जसका लागि तीनवटै तहका सरकारका बीचमा प्रभावकारी समन्वयको पनि खाँचो रहन्छ । ♦♦♦

राष्ट्रिय गीत

## आमाजस्तै मुलुक हो



✍ **डा.बमबहादुर थापा 'जिताली'**

आमाजस्तै मुलुक हो, हामी छोराछोरी
सनातनी सन्तानको माया बराबरी ।
मुटु हाम्रो नेपाल हो सम्पदाको खानी
मूल हाम्रो नेपाली हो सादा जिन्दगानी ।

फुल्छन् जहाँ सप्तरङ्गी वसन्तका फूल
सबै वर्ग, जाति, धर्म संस्कृतिका मूल ।
तराई र पहाड हुन् हाड-मासु, छाला
मानौं अन्न, काफल र गुराँसको माला ।

आमाजस्तै मुलुक हो...

चन्द्र-सूर्य झन्डा हाम्रो वीरता र शान्ति
गाई, डाँफे, सिम्रिक र गुराँसको कान्ति ।
मेची-काली नसा हाम्रो शिर सगरमाथा
मादलमा घन्किएको वीर लोक-गाथा ।

आमाजस्तै मुलुक हो...

# गौरवको गाथा र उम्दाको उर्दी



✍ श्रीहरि के.सी.

कहिलेकाहीँ जीवनले हामीलाई कुनै व्यक्तिसँग होइन, एउटा शब्दसँग गहिरो परिचित गराउँछ । त्यो शब्द विस्तारै अनुभव बन्छ, अनुभवले दृष्टि बदल्छ र अन्ततः जीवन-दर्शनमा रूपान्तरित हुन्छ । मेरो जीवनमा 'उम्दा' त्यस्तै एउटा शब्द बनेर आयो । जसले मलाई विभिन्न अनुभव गरायो । नौलो अनुभूति दिलायो ।

पहिलोपटक 'उम्दा' शब्द सुन्दा मैले त्यसलाई केवल एउटा सम्बोधन ठानेको थिएँ । सायद कसैको उपनाम, पद वा परिचय हो भनेर । तर अफ्रिकी मुलुक सुडानको मरुभूमि, युद्धको छाया र मौन पीडाले भरिएको गाउँ, समाज, टिम साइट र आइडिपि क्याम्पभित्र केही समय बिताएपछि मैले बुझेँ त्यो के भने 'उम्दा' कुनै एक व्यक्तिको नाम होइन रहेछ, त्यो त एउटा सामाजिक जिम्मेवारी रहेछ । जुन पहिला-पहिला हाम्रो गाउँ, घर, टोलतिर मुखिया वा प्रधानपञ्च नामले पनि चिनिन्थ्यो ।

सुडानको मरुभूमि, युद्धको छाया र मौन पीडाले भरिएको समाजभित्र पस्दै र बस्दै जाँदा उम्दा एउटा व्यक्ति मात्र होइन रहेछ भन्ने मैले बुझेँ ।

अल्फासेरस्थित युनामिडको सुपर क्याम्पमा मैले सन् २०१५ ताका पहिलो पटक एकजना उम्दा देखेको थिएँ । सेतो पोसाक र शिरमा सेतै पगरीमा सजिएका उक्त उम्दाको हातमा कालो ब्रिफकेस र एउटा अनौठो लौरो थियो । उनको अनुहारमा गहिरो केही भयावह, चिन्ता र त्रास देखेको थिए । तर पनि उनी आफ्नो जीविकोपार्जनमा तल्लिन र लगनशील देखिन्थे ।

अल्फासेर स्थित युएन सुपर क्याम्पबाहिर युद्धको त्रास थियो, तर क्याम्पभित्र सुरक्षाको घेरा थियो । सुडानमा ती उम्दा बेलाबखत शान्तिको खोजीमा भौतारिन्थे । तर उनी आफ्नै लयमा हिँडिरहेका थिए । रमाइरहेका थिए । आफ्नो दैनिक गुजाराको लागि कर्म गरिरहेका थिए । युएनका कर्मचारीहरूको लागि उनी बैंकको क्यासियर झै भएर काम गरिरहेका थिए । प्रत्येक अफिस र एकोमोडेसनमा गएर दैनिक आफ्नो कालो ब्रिफकेसबाट नोट सटही गर्दथे । डलरलाई सुडानिज पाउण्डमा साट्थे । जसले गर्दा त्यहाँका कर्मचारीहरूलाई क्याप

बाहिर गइरहने झन्झट र अनावश्यक तनाव कम हुन्थ्यो । सबैले उनलाई 'उम्दा' भन्थे । माया र सम्मानले उनलाई उम्दा-उम्दा भनि बोलाउँथे । उनीसँग सबैले भलाकुसारी पनि गर्थे। हाँस ठट्टा पनि गर्थे। सुडानको रहनसहन, रीतिरिवाज, भेषभूषा र कला-संस्कृतिको बारेमा जानकारी पनि लिन्थे ।

ती सुडानिज पाउण्ड सटही गर्ने उम्दाको वास्तविक नाम मोहम्मद इब्राहिम थियो । उनी कुनै औपचारिक सरकारी पदमा थिएनन्, न कुनै ठूलो संस्थाका अधिकारी । तर युद्धग्रस्त समाजमा उनको उपस्थिति एउटा संस्था जत्तिकै प्रभावशाली थियो । जहाँ राज्यको पहुँच कमजोर हुन्छ, त्यहाँ समाजले आफ्नै विश्वासबाट नेतृत्व जन्माउँदो रहेछ ।

उम्दा धेरै बोल्दैनथे । तर उनको मौनता खाली थिएन । त्यसमा अनुभव थियो, विवेक थियो र जिम्मेवारीको भार थियो । त्यहीँ रापिलो सुडानको मैदानमा मैले महसुस गरेँ-कहिलेकाहीँ मौनताको पनि एउटा भाषा हुन्छ; अझ कतिपय परिस्थितिमा त्यो बाँच्ने रणनीति र सही निर्णयको शक्ति पनि बन्न सक्छ ।

युनामिड मिसन सुडानमा म बस्ने घरको नाम नेपाल हाउस थियो । नेपाल हाउसमा म र मेरा सहकर्मीको सुरक्षार्थ खटिने सुरक्षा गार्ड मोहम्मद सुलेमान पनि त्यही बस्दथे । उनले मलाई हाम्रो संवादको क्रममा पछि 'उम्दा' शब्दको गहिरो अर्थ बुझाए । अनि उम्दाको उर्दीको बारेमा विस्तृत जानकारी पनि गराए ।

सुडानी समाजमा उम्दा केवल पद होइन रहेछ; त्यो परम्परा, विश्वास र उत्तरदायित्वको संगम रहेछ । गाउँ, टोल र समाजको विवाद समाधान गर्ने देखि समुदायको अभिभावक बन्ने सम्म, सरकार र जनताबीच सेतु बन्ने देखि सामाजिक शान्ति कायम राख्ने सम्म उम्दाहरूको अहम भूमिका हुँदो रहेछ ।

चरन क्षेत्रको विवाद, पानीका स्रोत र कृषियोग्य जमिनको प्रयोगसम्बन्धी वादविवाद होस् वा पारिवारिक झगडा -सबै ठाउँमा उम्दा पुग्दा रहेछन् । अदालतभन्दा पहिले पुग्ने न्यायको ढोका नै बन्दा रहेछन् ती उम्दा । विभिन्न रीतिरिवाज, विवाह, अन्त्येष्टि र अन्य सांस्कृतिक कर्ममा समेत उम्दाहरूको नेतृत्व अतुलनीय नै देखिन्थ्यो । कानुनले राज्य चलाए पनि विश्वासले समाज जोडिँदो रहेछ भन्ने कुरा मैले त्यहीँ सुडान बसाईकै क्रममा बुझेँ ।

सुडान अल्फासेरको एउटा निश्चित इन्डक्सन र सेभ तालिम पश्चात हामीलाई प्रत्येक टिम साइटमा विभिन्न मुलुकको प्रतिनिधिहरूलाई शान्ति दूतको रूपमा खटाइयो । मेरो पहिलो डिप्लोयमेन्ट (Deployment) को क्रममा म कोर्मा टिमसाइट (KORMA TEAM

SITE) मा खटिएको थिए । त्यहाँका गाउँहरूमा भेटिएका केही उम्दा अझ निडर र गम्भीर देखिन्थे । उनको अनुहारमा युद्ध, अभाव र विस्थापनका असंख्य कथा, व्यथा थिए । तर उनी पीडालाई शब्दमा पोख्दैनथे । सायद आँसु देखाउनु कमजोरी मानिने संस्कृतिमा उनले पीडा लुकाएर पनि समुदायलाई थामिरहेका थिए ।

उनी केवल गाउँका नेता र नेतृत्वकर्ता मात्र थिएनन; इतिहासका मौन साक्षी पनि थिए । हाम्रै नेपालका कतिपय गाउँ, घरका मुखिया र पञ्चझैं थिए । असहाय र दुःखीहरूको सारथी थिए । भरोसा थिए । न्यायाधीश थिए । युद्ध र अन्याय देखेर पनि समाजलाई भत्किन नदिने अदृश्य स्तम्भ थिए ।

सुडानको युनामिड मिसनबाट फर्किँदा 'उम्दा' मेरो लागि एउटा शब्द मात्र रहेन । त्यो एउटा गहिरो अनुभूति बन्यो । अनुभव भयो । मैले त्यहाँबाट अनगिन्ती पाठ सिकेँ । धेरै शिक्षा हासिल गरे । त्यसमा मान्छे पदले ठूलो हुँदैन, जिम्मेवारीले ठूलो हुन्छ भन्ने कुरा बुझेँ । युनामिड मिसन पूरा गरेर सुडानबाट फर्किँदा म एउटा गहिरो अनुभूति लिएर फर्किए ।

मान्छे पदले ठूलो कहिले हुँदैन, जिम्मेवारीले ठूलो हुन्छ । त्यसैले, मेरो मानसपटलमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अत्यन्त सुन्दर भनाई सधैँ गुञ्जिरहन्छ । "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।"

हो साँच्चै मानिसको महानता उसको धन, दौलत, पद, प्रतिष्ठा र जात, वर्ग वा बाहिरी वैभवले होइन, उसको विशाल हृदय, मानवीयता, करुणा, उदारता र असल कर्मले निर्धारण गर्छ भन्ने हो ।

'उम्दा' अब मेरो लागि एउटा शब्द मात्र रहेन । त्यो जीवन-दर्शन बन्यो । अफ्रिकी मुलुक सुडान र मरुभूमिको सन्नाटा, युद्धको छाया, मृत्युको भय र मानिसहरूको मौन पीडाबीच मैले एउटा कुरा ग्रहण गरे त्यो के भने गाउँ, समाजलाई थाम्ने शक्ति सधैँ कुनै औपचारिक पदमा हुँदैन । कहिलेकाहीँ त्यो शक्ति कुनै गाउँको साधारण मानिसमा हुन्छ, जसलाई समुदायले विश्वास गरेर आफ्नो अभिभावक बनाएको हुन्छ । नेतृत्वकर्ता चुनेको हुन्छ । भगवान ठानेको हुन्छ ।

जुनसुकै जागिरले पेट पाल्न सक्छ, परिवार हुर्काउन सक्छ । तर एउटा निश्चित यात्राले चेतना जगाउँछ । र चेतना नै जीवनको असली पूँजी हो । अदृश्य शक्ति पनि हो । आज म मेरै मातृभूमि नेपालमा रहँदा पनि 'उम्दा' सम्झँदा मेरो आँखाअघि सुडानको अत्यास लाग्दो हबुब र तातो मरुभूमि आउँछ, कानमा युद्धको मौन आवाज सुनिन्छ । एउटा शान्त र मौन अनुहार सम्झनामा उभिन्छ ।

तसर्थ, 'उम्दा' सम्झँदा मलाई एउटा व्यक्ति मात्र सम्झना आउँदैन ।

सम्झना आउँछ केवल मरुभूमिको त्यो मौनता, युद्धको त्यो भय, मानिसहरूको त्यो सहनशीलता, गाम्भीर्यता र समाजलाई थामेर उभिएको एउटा अदृश्य स्तम्भ ।

त्यो अनुहारले मलाई आजसम्म एउटा कुरा भनिरहेझैँ लाग्छ, त्यो के भने - नेतृत्व भनेको सधैँ अगाडि उभिएर बोल्नु मात्र होइन; कहिलेकाहीँ मौन रहेर पनि आफ्नो समाजलाई भत्किन नदिनु हो । अनि बाँध बनेर उभिनु पनि हो ।

सायद मौन भएर पनि समाज थामिरहने साहसको नाम नै 'उम्दा' हो ।

अफ्रिकी मुलुक सुडानका गाउँ-समाजमा 'उम्दाको उर्दी' केवल आदेश वा निर्देशनको शब्द होइन; त्यो त परम्परा, विश्वास र सामुदायिक नेतृत्वको एउटा जीवित विम्ब हो । पुस्तौँदेखि समाजको सुख-दुःख, विवाद-विपत्तिको साक्षी बन्दै आएको 'उम्दा' त्यहाँको सामाजिक संरचनाको एउटा बलियो आधार हो । उम्दाको उर्दीमा शासनको कठोरता भन्दा विश्वासको न्यानोपन हुन्छ, आदेशको अहंकारभन्दा जिम्मेवारीको गहिराइ हुन्छ ।

उम्दा बोल्दा समुदाय सुन्छ, मौन रहँदा पनि उनको मौनताले धेरै कुरा बोलिरहेको हुन्छ । त्यसैले 'उम्दा' एउटा पद मात्र होइन, समाजले आफ्नो विश्वास र जिम्मेवारी सुम्पिएको एउटा जीवित संस्था हो ।

युद्धको धुवाँले आकाश ढाकेको होस्, अभावले जीवनलाई थिचेको होस् वा द्वन्द्वले सम्बन्धहरू चिरिएको होस्-उम्दा त्यहीँ उभिन्छ, जहाँ समाजलाई थाम्ने एउटा भरोसाको खाँचो हुन्छ । जहाँ काँधको आवश्यकता हुन्छ । उनीहरूको नेतृत्व भाषणमा कम र व्यवहारमा बढी देखिन्छ; अधिकारमा कम र उत्तरदायित्वमा बढी ।

सायद यही कारणले सुडानको गाउँ-समाजमा 'उम्दाको उर्दी' एउटा आदेश मात्र होइन, गौरवको गाथा पनि हो । त्यो उर्दीभित्र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको परम्पराको आवाज छ, समुदायको विश्वास छ र संकटमा पनि समाजलाई भत्किन नदिने अदृश्य साहस छ । सुडानको भयावह हबुब र मरुभूमिको तातो हावामा मैले शान्ति दूत भएर महसुस गरेको 'उम्दा' त्यही मौन शक्तिको प्रतीक थियो ।

न पदको चमक, न धनको वैभव; न वर्ग, लिङ्ग वा जातको सवाल केवल विश्वासले उभ्याएको एउटा मान्छे, जसको काँधमा पूरै समाजको भरोसा अडिएको थियो । र त्यही क्षण मनले फेरि महाकवि लक्ष्मीप्रसाद देवकोटाको भाव सम्झियो- "मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।" सायद उम्दाको वास्तविक गौरव पनि यही हो । ऊ ठूलो पदमा भएर होइन, ठूलो जिम्मेवारी बोकेर ठूलो हुन्छ । महान हुन्छ । नेतृत्वकर्ता हुन्छ । अनि मात्र उम्दाको उर्दीको गौरव गाथा सफल र सबल हुन्छ । ◆◆◆

# सामाजिक सञ्जालमाः स्याडो र ज्याकी

**पात्रहरूः**
**स्याडोः अमेरिकी वाल्ड चील (भाले)**
**ज्याकीः अमेरिकी वाल्ड चील (पोथी)**
**हामी**



✍ **स.प्रा.गोबिन्द बहादुर कुँवर**

**आगाज**

म कुनै ब्लगर टिकटकर वा युटुबर कोही पनि होइन । प्रकृतिले उपहार स्वरूप प्रदान गरेका वनस्पती, जनावर, खोला, नाला, आदि मनलाई आनन्दित, अच्चमित र रोमाञ्चित पुऱ्याउने यस्तै हृदयस्पर्शी भिडियो बनाएर अपलोड गर्ने गर्छु । मेरा केही भिडियोले मेरो शुभचिन्तक रूपी फलोअरहरूको लाइक र कमेन्टले गर्दा मलाई यस्तै थप भिडियोहरू बनाउन प्रोत्साहन प्रदान गरिरहनुहुन्छ । आत्म आनन्दका लागि बनाइएका यी भिडियो हरूको मन खोलेर प्रशंसा गरी मलाई फलो गर्ने मेरा प्रिय फलोअरहरूको सङ्ख्या सय, हजार गरी अहिले लाखौँ भइसक्नु भएछ । यो कुराले मलाई आनन्दित र गौरवान्वित बनाएकोत छ नै, उहाँहरूको इच्छा आकांक्षा पूरा गर्न यस्तै मनोरम भिडियो बनाउन देश विदेश घुम्ने अवसर प्रदान गरिरहन्छ ।

**अलास्का प्रान्त**

म अहिले उत्तर अमेरिकाको अलास्का प्रान्तको हेन्स भन्ने ठाउँमा छु । ब्राहै महिना मुटु कमाउने जाडो यस ठाउँको विशेषता भए तापनि यहाँको चिसोसँग लड्दै भिड्दै पछिल्लो दुई महिनादेखि अमेरिकी वाल्ड चिलको एक जोडीलाई पछाइरहेको छु । त्यो अमेरिकी वाल्ड चिलको जोडी जस्तै मेरो जोडा, मेरी अर्धाङ्गिनी, मसँग हातेमालो गर्दै, क्यामराका लेन्सबाट, मेरा भिडियोहरूलाई सुन्दर तरिकाले खिच्ने काममा मलाई सघाइरहेकी छिन् ।

तीन वर्षअघि यो जोडीको मिलन भएको थियो । आफ्नो कला कौशल प्रस्तुत गरेर स्याडोले ज्याकीलाई आफ्नो मायाको डोरीले बलियो गरी कसेर जीवनभर एक अर्कालाई साथ दिने बन्धनमा बाँधेको थियो । यिनीहरूको मिलनबाट ज्याकीले दुईवटा अण्डा दिएकी थिई । स्याडो र ज्याकीले आफ्नो वंशलाई अगाडि बढाउन पालैपालो गरी आफ्ना सन्तानरूपी अण्डालाई ताप दिइरहेको दृश्य खिच्न

पाउँदा हाम्रो जोडी पनि आफ्नै वंश अघि बढाउने सपना बुनिरहेका थियौ । अलस्काको त्यो मुटु काम्ने चिसो तथा निरन्तर परिरहने हिउँले यो जोडीको जीवन कष्टकर बनाउँदा पनि एक असल मातापिताले निर्वाह गर्नुपर्ने भूमिकामा त्यो जोडी कहिल्यै चुकेको थिएन ।

**मन अत्याउने प्रश्नहरू**

रातभरिको हिमपातले गर्दा होला घाम लागेको धेरै बेरसम्म पनि हामी हाम्रो टेन्टको सुरक्षा घेराबाट बाहिर निस्कन हिम्मत गरिरहेका थिएनौं । दिउँसोको करिब २ बजेतिर होला मेरी धर्मपत्नी आत्तिँदै टेन्ट भित्र छिरेर के भन्न खोज्दै थिइन् । लडबडाएको आवाजले गर्दा मैले केही बुझ्न सकिन । उनले मलाई क्यामेरा नजिक लगेर स्याडो र ज्याकीको गुँड हेर्न लगाइन् । क्यामेराको लेन्सबाट जुन दृश्य मैले देख्नु पर्यो त्यसले मलाई ज्यादै दुःखी तुल्याइरहेको थियो । स्याडो आफ्नो गुणमा बसी फुटेका अण्डाहरू खाइरहेको थियो । हामी एक अर्कालाई हेरी छक्क परिरहेका थियौ । त्यत्तिकैमा त्यहाँ ज्याकीको पनि आगमन भयो । ज्याकीको त्यो करूणाले भरिएको चित्कार खिच्न मैले हिम्मतै गर्न सकिन । उनी एकोहोरो कराइरहिन्, हाम्रो मनमा हजारौं प्रश्नहरू समुन्द्रका छालहरू झैँ उठिरहे । किन स्याडोले आफ्नो वंशनाश गर्‍यो ? के मजबुरी थियो होला ? यो घटनालाई ज्याकीले कसरी लिने छिन्, अरू यस्तै थुप्रै प्रश्नहरू हाम्रा मनमा उब्जिरहेका थिए ।

**अपूरणीय क्षति**

हामीहरूले यी प्रश्नहरूका उत्तर खोज्ने जमर्को गर्‍यौँ। हाम्रो स्टिल क्यामेरा हाम्रो सहयोगी बन्न गयो । भिडियोमा प्रष्ट थियो जब स्याडो र ज्याकी गुँडमा थिएनन् तब एउटा जंगली काग (Raven) आएर उनीहरूका अण्डा फुटाइ दिएको रहेछ । जब स्याडो गुणमा फर्केको थियो हामीले स्पष्ट देख्यौ ऊ पनि निकै तनावमा देखियो । मानव भएको भए ती बिग्रिसकेका अण्डा कतै लगेर फ्याकिदिन्थे होलान् तर स्याडो चरा भएर होला आफ्नो गुण सफा गर्नका लागि होला ती काम नलाग्ने भइसकेका अण्डाहरू खान राम्रो ठानेनछ क्यारे । तर खुसी ऊ कति पनि थिएन । हामी क्यामेराको लेन्स बन्द गर्दा स्याडो र ज्याकीका करूणाले भरिएका चित्कारले पूरै जंगल गुञ्जयमान भएको स्पष्ट सुनिरहेका थियौँ । आज तीन वर्षपछि हाम्रो जोडी त्यही स्थान, त्यही रूख, त्यही गुँड र त्यही जोडी चिलको भिडियो बनाइरहेका छौं । फरक यति छ कि अहिले म टिकटक, युट्युब तथा केही सामाजिक सञ्जालसँग जोडिएको छु र मेरा भिडियोहरू अपलोड गरिरहेको छु । मेरा अनगिन्ती शुभचिन्तकहरूबाट कमेन्टका रूपमा नियमित फिडब्याक पाइरहेको छु ।

हाम्रो क्यामराको लेन्सबाट हामी

स्पष्ट देखिरहेका छौं स्याडो र ज्याकीले यसपटकको गुँड पहिलेको भन्दा ठूलो अनि सुरक्षित बनाएका थिए । सामाजिक सञ्जालमा अपलोड भएका मेरा यी भिडियोहरूमा हजारौं 'बेस्ट विसेज स्याडो तथा ज्याकी' भन्ने कमेन्टहरू प्रति सेकेन्ड आइरहेका थिए ।

आफ्नो आहारा खोज्न बाहेक आज एक हप्ता भइसक्यो ज्याकीले अरू बेला गुँड छोडेकी छैन । हामी र हाम्रा शुभचिन्तकहरू दिनानुदिन उत्साहित भइरहेका छौं । ज्याकी छिट्टै अण्डा दिने अवस्थामा छिन् भन्ने हामीले बुझिसकेका छौं साथै मनमा डर पनि छ विगतमा घटेको त्यो हृदय विधारक घटना कतै दोहोरिने त होइन ? आज जनवरीको अन्तिम हप्ता चलिरहेको छ । ज्याकी रातभरि गुँडमा बसिरहेकी थिइन् । बिहान बिहानै हामीले अपलोड गरेको भिडियोमा हाम्रो फलोअर्सबाट हजारौं धन्यवाद र शुभकामनाका सन्देशहरू बिना रूकावट हामी प्राप्त गर्दै थियौ । भिडियोमा स्पष्ट देखिन्छ ज्याकीले गुँडमा दुईवटा अण्डा दिइसकेकी थिइन् । हाम्रो हर्षको सिमा थिएन साथै हाम्रो खुसी दोब्बर भयो जब ज्याकीले तेस्रो अण्डा पनि दिइन् । यो निकै दुर्लभ र अविस्मरणीय क्षण थियो । यी अमेरिकी चिलहरूको र हाम्रो जोडी लगायत हाम्रा समस्त फलोअर्सहरूको उत्साहमा उमङ्ग थपिएको थियो ।

**प्रकृतिको उपहारः स्याडो र ज्याकी**

ज्याकीको गुँडमा रहेका ती तीनवटा सेता अण्डाहरू अहिले केवल अण्डा मात्र थिएनन्, ती त विश्वभरिका लाखौँ मानिसका आशाका किरण थिए । अलास्काको सिरेटो पहिलेभन्दा अझ कडा हुँदै गइरहेको थियो, तर स्याडो र ज्याकीको तत्परताले त्यो हिउँलाई पनि चुनौती दिइरहेको थियो । यसपटक स्याडोमा एउटा फरक सतर्कता देखिन्थ्यो । विगतको त्यो पीडादायी घटनाले सायद उसलाई थप जिम्मेवार बनाएको थियो । जब ज्याकी अण्डालाई न्यायो दिन व्यस्त हुन्थिन्, स्याडो गुँडभन्दा केही फिट माथिको अर्को हाँगामा 'गार्ड' झैँ बसेर चारैतिर निगरानी गरिरहन्थ्यो ।

**गो स्याडो, गो, गो.....**

फेब्रुअरीको एक रात, अलास्कामा भीषण हिमआँधी चल्यो । हावा यति जोडले चलेको थियो कि लाग्थ्यो त्यो पुरानो सल्लोको रूख नै जरैदेखि उखेलिनेछ । मेरो क्यामेराको 'नाइट भिजन' मोडमा हामीले देख्यौँ–ज्याकी आफ्नो पखेटा फैलाएर ती तीन अण्डालाई आफ्नै शरीरले ढाकेर चट्टान झैँ अडिग थिइन् । हिउँले उसको पूरै ढाड छोपिएको थियो, तर उनी हलचल गरिनन् । बिहान हुनै लाग्दा, फेरि त्यही पुरानो शत्रु–एउटा ठूलो जङ्गली

काग (Raven) गुँडको वरिपरि मडारिन थाल्यो । मेरो मुटुको धड्कन बढ्यो । के इतिहास दोहोरिने त होइन?

तर, यसपटक दृश्य फरक थियो । काग गुँड नजिकै झर्न खोज्दै मात्र के थियो, कतैबाट बिजुलीको गतिमा स्याडो देखा पर्यो । उसले हावामै कागलाई यस्तो झम्टा मार्‍यो कि कागले आफ्नो ज्यान बचाउनु बाहेक अरू केही सोच्न सकेन । त्यो दृश्य देखेर टेन्टभित्रैबाट मेरी पत्नीले ताली बजाइन् । हाम्रा फलोअर्सहरू 'लाइभ' स्ट्रिममा "Go Shadow !" भन्दै कमेन्टको वर्षा गरिरहेका थिए ।

**चमत्कारको दिन**

करिब ३५ दिनपछिको कुरा हो । मार्चको एउटा शान्त बिहान, ज्याकीको गुँडबाट 'टिक-टिक' जस्तो सानो आवाज आयो । हाम्रो क्यामेराले जुम गरेर हेर्दा एउटा अण्डामा सानो प्वाल परेको देखियो । केही घण्टाको संघर्षपछि, एउटा सानो, फुस्रो र रौंले भरिएको चल्लाले आफ्नो टाउको बाहिर निकाल्यो ।

त्यो क्षण वर्णन गर्न मसँग शब्द छैन । अर्को २४ घण्टाभित्रै बाँकी दुईवटा अण्डाबाट पनि साना शावकहरू बाहिर निस्किए । स्याडोले गर्वका साथ एउटा ठूलो माछा लिएर गुँडमा प्रवेश गर्दाको दृश्य कुनै सिनेमाको 'क्लाइमेक्स' भन्दा कम थिएन ।

**खुसीको दोहोरो संयोग**

त्यही बेलुका, जब म सामाजिक सञ्जालमा यी साना 'लिटिल इगल्स' को भिडियो अपलोड गर्दै थिएँ, मेरी पत्नीले मेरो हात समातेर भावुक हुँदै भनिन्, "हेर न, स्याडो र ज्याकीको नयाँ संसार सुरू भयो । अनि हाम्रो पनि..." उनले मलाई एउटा सानो रिपोर्ट देखाइन् । तीन वर्षको प्रतीक्षापछि, हाम्रो जीवनमा पनि नयाँ सदस्य आउने सुनिश्चित भएको थियो । मार्चमा नयाँ वर्ष आए जस्तो लायो । अलास्काको त्यो चिसोमा पनि हामीले एकअर्कालाई अँगालो हालेर न्यानो महसुस गर्‍यौँ । 'My Happiness knows no bound' एउटा स्टेटस पुस गर्नै पर्‍यो ।

**प्रकृतिको कठोर परीक्षा**

ज्याकीको गुँडमा तीनवटा चल्लाहरू देख्दा हामी मात्र होइन, संसारभरका लाखौँ शुभचिन्तकहरू खुसीले गद्गद थिए । तर, अलास्काको प्रकृति सधैँ सोचेजस्तो सरल हुँदैन । मार्चको पहिलो सातातिर मौसमले अचानक भयानक रूप लियो । 'आर्कटिक ब्लास्ट' भनिने त्यो हिमआँधी यति शक्तिशाली थियो कि मानौं त्यसले हिमाल नै हल्लाइदिन्छ ।

**त्यो घातक रात र सङ्घर्ष**

लगातार ४८ घण्टासम्म चलेको हिमपात र हावाहुरीका बीच स्याडो र ज्याकीले एउटा अभेद्य किल्ला झैँ आफ्ना

नवजात चल्लालाई जोगाउने प्रयास गरिरहे । ज्याकी उनीहरूमाथि यसरी टाँसिएर बसिन् कि उनको शरीरमा हिउँको थुप्रो जमेर उनी हिउँकै एउटा ढिस्को जस्तै देखिन्थिन् । स्याडोले कतैबाट अलिअलि झ्याउ र सुकेका झारहरू ल्याएर गुँडलाई न्यानो पार्ने अन्तिम कोसिस गरिरह्यो । हामी टेन्टभित्रबाट क्यामेराको स्क्रिनमा यो सङ्घर्ष हेरिरहेका थियौँ । अचानक राती एउटा ठूलो रूखको हाँगा हिउँको भारले थिचिएर गुँडको ठिक माथि खस्यो । ज्याकीले फुत्त उडेर आफूलाई त जोगाइन्, तर त्यो हाँगाको झट्काले एउटा चल्लो गुँडको किनाराबाट उछिट्टिएर तल गहिरो खोचमा खस्यो। त्यो नवजात चल्लो होइन, हाम्रो मुटु खसेको हामीलाई भान भयो। यो रातको बिहानी कहिले नहोस् ।

**अर्को अपूरणीय क्षति**

आँधी थामिएपछि बिहानको पहिलो किरणसँगै हामीले देख्यौँ–ज्याकी त्यो रित्तो ठाउँलाई हेरेर टोलाइरहेकी थिइन् । स्याडोले तल खोचसम्म पुगेर त्यो चल्लो खोज्ने प्रयास गऱ्यो, तर सयौँ फिट तल हिउँमा पुरिएको त्यो चल्लो भेटिने सम्भावना थिएन । सामाजिक सञ्जालमा यो खबर फैलने बित्तिकै मानिसहरू भावुक भए । कसैले "प्रकृति कति निष्ठुरी" भनेर कमेन्ट गरे त कसैले "बाँकी दुईवटालाई जोगाउन" प्रार्थना गरे । ज्याकी र स्याडोका लागि यो ठूलो धक्का थियो । केही दिनसम्म उनीहरू शान्त र उदास देखिए, तर प्रकृतिले उनीहरूलाई शोक मनाइरहने छुट दिएको थिएन ।

**नयाँ आशाको सञ्चार**

"एउटा गुमाउनुको पीडा त छ, तर बाँकी दुईको जीवन अब यिनीहरूकै पखेटामा छ," मेरी अर्धाङ्गिनीले क्यामेराको लेन्स पुछ्दै भनिन् । हो, स्याडो र ज्याकीले आफ्नो बाँकी शक्ति ती दुईवटा चल्लाको सुरक्षामा लगाए । उनीहरूले बुझिसकेका थिए कि जीवन भनेकै गुमाउनु र पाउनुको चक्र हो । अन्ततः, केही हप्ताको कडा मेहनत र हेरचाहपछि, आज ती दुईवटा 'लिटिल इगल्स' पखेटा फिँजाएर आकाश नाप्ने तयारीमा छन् । यो घटनाले हामीलाई सिकायो कि-सङ्घर्ष गर्दागर्दै पनि कहिलेकाहीँ हामी हार्न सक्छौँ, तर त्यो हारमा अल्झिनु भन्दा बाँकी रहेका सपनाहरूलाई जो गाउनु नै वास्तविक जीवन रहेछ । स्याडो र ज्याकीले आज अलास्काको आकाशमा फेरि गर्वका साथ उडान भरिरहेका छन्, र उनीहरूको साथमा छन् ती दुई सन्तान, जो उनीहरूको अदम्य साहसका प्रतीक हुन् ।

**आजको अवस्था**

आज ती दुईवटै चल्लाहरू (जसलाई हाम्रा फलोअर्सहरूले 'होप' र 'ब्रेभ' नाम दिएका छन्) निकै ठूला भइसकेका छन् । उनीहरू पखेटा फट्फटाउँदै उड्ने अभ्यास गरिरहेका छन् ।

मैले अहिले एउटा कुरा बुझ्केको छु-प्रकृतिले कहिलेकाहीँ कठोर परीक्षा लिन्छ, तर यदि हामीले आशा र धैर्यता कायम राख्यौँ भने, त्यसले सङ्घर्षभन्दा कयौँ गुणा ठूलो पुरस्कार पनि दिन्छ। स्याडो र ज्याकीले आफ्नो विगतको शोकलाई शक्तिमा बदले र आज उनीहरूको परिवार अलास्काको आकाशमा राज गर्न तयार छ। हाम्रो यात्रा पनि जारी छ। क्यामेराको लेन्सबाट मात्र होइन, अब हामी आफ्नै सन्तानलाई यो सुन्दर संसार देखाउने सपना बुनिरहेका छौँ। ♦♦♦

कविता

# नसाबाट आशातिर



✍ **प्र.नि. राजेन्द्र लामा**

अहिले तिमीले मलाई पिउदैछौ
किनकि पहिले मैले तिमीलाई पिएँ
आज तिमी हिसाब बुझ्काउदैछौ
किनकि तिमीलाई पाउन मैले धेरै बुझ्काएँ ॥

कहिले उत्सवमा अरुको मन बुझ्काउन पिएँ
कहिले दुःखमा आफ्नै मन भुलाउन पिएँ
मैले तिमीलाई यस्तै बहानै-बहानामा पिएँ
तिमीसँगै मैले परिवारका सपना र खुसी पनि पिएँ ॥

कहिले त लाग्छ तिमीबाट टाढा हौ
परिवार र धेरैका सपनाहरू पूरा गरौ
तिम्रो र मेरो सम्बन्ध कति गाढा भएछ
मृत्युले चाहिँ हामीलाई छुट्याउन सक्ने रहेछ ॥

तिमीलाई नखाने भनी हजार कसमै खाएँ
जति कसम खाए पनि तिमी मात्र सहारा पाए
कहिले मन थाम्न त कहिले शरीर काँपेको थाम्न
आज घुमीफिरी रुमजाटार भनेझै भयो जीवन ॥

मैलै त तिमीलाई पिएर सकाउन सकिन
तिमीले त मलाई सकाउछन् होला एकदिन
तिमी त एक्लो छैनौ अझ्क कति आउदैछन्
आज एक्लो भए र कोही एक्लो बन्दैछन् ॥

दोषी को भनौ खै ? उत्सवमै तिमीलाई पिलाउने
वा जो क्षणिक दुःख भुल्नलाई सारा खुसी नै पिउने
तर थाहा भएन कहिले तिमी मालिक बन्यौ,
मेरो जीवनको डोरी बिस्तारै तिमीले नै तान्यौ ॥

अब,
हजार कसम खान्न तिमीलाई पनि खान्न
उठेको छु म जिम्मेवार व्यक्ति बन्न
तिमीले होइन सपना र आशाले मन भर्छु
अस्तित्वसँगै उज्यालो भविष्य बनाउने प्रण गर्छु॥

# मालवाहक सवारीको भारः क्षमता, कानुन र सडक सुरक्षाबीचको सन्तुलन



✍ **प्र.व.ना.नि.बिष्णु थापा**

सडकमा गुड्ने मालवाहक सवारी साधन केवल सामान ओसार्ने यान्त्रिक साधन मात्र होइनन्; ती राष्ट्रिय उत्पादनलाई बजारसँग, उद्योगलाई कच्चा पदार्थसँग र उपभोक्तालाई अत्यावश्यक वस्तुसँग जोड्ने अर्थतन्त्रका गतिमान मेरूदण्ड हुन् । नेपालजस्तो भूपरिवेष्ठित र सडक यातायातमा उच्च निर्भर मुलुकमा ढुवानी प्रणालीको प्रभावकारिताले समग्र आपूर्ति शृङ्खला र आर्थिक गतिविधि निर्धारण गर्छ । त्यसैले मालवाहक सवारीको सञ्चालन सहज, व्यावसायिक, सुरक्षित र व्यावहारिक हुनु राज्य र निजी क्षेत्र दुवैका लागि अनिवार्य शर्त हो ।

तर, सहजता र व्यावसायिक लाभका नाममा सवारीको निर्धारित भारवहन क्षमताभन्दा बढी भार (ओभरलोड) बोक्ने प्रवृत्ति बढ्दै जाँदा यसले नेपालको यातायात क्षेत्रमा गम्भीर चुनौती सिर्जना गरेको छ । क्षमताभन्दा बढी भार बोक्ने परिपाटीको असर कुनै एउटा सवारी वा व्यवसायीमा मात्र सीमित रहँदैन; यसले चालकको जीवन, अन्य सडक प्रयोगकर्ताको सुरक्षा, सडक तथा पुलको संरचनागत आयु र समग्र सडक सुरक्षामै गम्भीर जोखिम निम्त्याइरहेको छ ।

यसै सन्दर्भमा अहिले सडक र नीतिगत तहमा एउटा गम्भीर बहस सतहमा आएको छ - मालवाहक सवारीको वास्तविक भारवहन क्षमता कति हो ? यसको निर्धारण कुन आधारमा हुन्छ ? र सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) मा उल्लेखित क्षमताको कानुनी एवं व्यावहारिक अर्थ के हो ?

यस विषयको व्यावहारिक जटिलता बुझ्न हालै चितवनको जुगेडीमा घटेको एउटा प्रतिनिधिमूलक घटनालाई विश्लेषण गर्न सकिन्छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवन मातहत अस्थायी ट्राफिक प्रहरी पोष्ट तथा प्रहरी चौकी जुगेडीको संयुक्त चेकिङका क्रममा २०८३ साउन १७ र १८ गते दुईवटा मालवाहक ट्रक नियन्त्रणमा लिइयो ।

नियन्त्रणमा लिइएका मध्ये १० चक्के

(तीन एक्सल) भएको एउटा ट्रकमा ५० किलोका ५४० बोरा सिमेन्ट लोड गरिएको थियो, जसको कुल वजन २७ हजार किलो (२७ टन) हुन्थ्यो।

सवारीको आफ्नै वजनसमेत जोड्दा कुल वजन (GVW) करिब ३८ टन पुगेको देखियो। तीन एक्सल/१० पाङ्ग्रे सवारीका लागि तोकिएको २५ टनको अधिकतम कुल वजनको तुलनामा यो १३ टन बढी थियो। सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट रू. ११,५०० जरिवाना निर्धारण भई तोकिएको राजस्व दाखिला र भार मिलान पछि मात्र सवारी छाडियो।

तर, यो कारबाही केवल नियम उल्लङ्घन र जरिवानाको दायरामा मात्र सीमित छैन। यसले एउटा दूरगामी प्रश्न खडा गरेको छ - यदि कुनै सवारीको दर्ता प्रमाणपत्रमा निर्माता कम्पनीले उल्लेख गरेको प्राविधिक क्षमता (GVW) र राष्ट्रिय सडकमा लागु हुने कानुनी भार सीमाबीच भिन्नता छ भने सार्वजनिक सडकमा वास्तविक सञ्चालन सीमा कुनलाई मान्ने ?

नेपालमा 'सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४' को नियम १६ मा मालवाहक सवारीको वर्गीकरण तथा भारवहन क्षमतासम्बन्धी व्यवस्था छ। यसैगरी, 'मालवाहक सवारी साधनको भार वहन नियमन सम्बन्धी कार्यविधि, २०७४' को अनुसूची-१ ले सवारीको एक्सल र पाङ्ग्राको संरचनाका आधारमा अधिकतम कुल भार निर्धारण गरेको छ।

जसअनुसारः

- दुई एक्सल (४ पाङ्ग्रे): अधिकतम कुल भार १२ टन
- दुई एक्सल (६ पाङ्ग्रे): अधिकतम कुल भार १६.२ टन
- तीन एक्सल (१० पाङ्ग्रे): अधिकतम कुल भार २५ टन

यहाँ प्राविधिक र कानुनी रूपमा बुझ्नुपर्ने मुख्य विषय के हो भने 'भार' भन्नाले केवल गाडीमा राखिएको सामानको तौल मात्र होइन। यहाँ 'कुल भार' भन्नाले सवारीको आफ्नै वजन र त्यसमा लोड गरिएको सामानको वजनको योग अर्थात् Gross Vehicle Weight (GVW) बुझिन्छ। तसर्थ, २७ टन सामान बोकेको ट्रकको सडकमा पर्ने वास्तविक भार २७ टन मात्र नभई सवारीको वजनसहित ३८ टन हुन पुग्छ, जुन विद्यमान मापदण्डभन्दा धेरै बढी हो।

यस बहसको अर्को संवेदनशील पाटो Gross Vehicle Weight (GVW) को व्याख्या हो। व्यवसायी तथा सवारीधनीहरूको प्रश्न स्वाभाविक छ- "यदि निर्माता कम्पनीले गाडीको प्राविधिक क्षमता ३५ वा ३८.५ टन तोकेको छ र

त्यही विवरण यातायात कार्यालयको दर्ता किताबमा प्रमाणित गरी लेखिएको छ भने सडकमा सोही क्षमताअनुसार सामान बोक्न किन नपाउने ?”

यो तर्कलाई सतही रूपमा बेवास्ता गर्न मिल्दैन । तर, यहाँ निर्माता कम्पनीको प्राविधिक क्षमता (Vehicle Design Capacity) र सार्वजनिक सडकले धान्न सक्ने क्षमता (Road Infrastructure Capacity) फरक-फरक विषय हुन् भन्ने बुझ्न आवश्यक छ ।

निर्माता कम्पनीले गाडीको च्यासिस, इन्जिन र एक्सलको तागत लगायतका आधारमा क्षमता तोक्छ । तर, राज्यले सडकको भौगोलिक बनावट, कालोपत्रेको मोटाइ, पुलको भारवहन क्षमता र सुरक्षा जोखिमका आधारमा सञ्चालन सीमा तोक्छ । दर्ता प्रमाणपत्रमा उल्लेखित उत्पादकको विवरण र सडकमा अनुमति दिइएको कानुनी सीमाबीच स्पष्टता नहुँदा प्रहरी, यातायात कार्यालय र व्यवसायीबीच बारम्बार अन्योल र टकराव उत्पन्न हुने गरेको छ ।

क्षमताभन्दा बढी भार बोकेर सवारी गुड्न त सक्छ, तर प्रश्न ‘गुड्छ कि गुड्दैन’ भन्ने मात्र होइन, ‘सुरक्षित रूपमा गुड्छ कि गुड्दैन’ भन्ने हो । अत्यधिक भार परेको सवारीमा ओभरलोडिङले सवारीको ब्रेकिङ दूरी (Stopping Distance) अस्वाभाविक रूपमा बढाउँछ, जसले गर्दा आकस्मिक अवस्थामा गाडी रोक्न कठिन हुन्छ । त्यस्तै, ओरालो, घुम्ती र चिप्लो सडकमा स्टेयरिङ, एक्सल, सस्पेन्सन वा टायरमा अत्यधिक तनाव र ताप उत्पन्न भई सवारी अनियन्त्रित हुने सम्भावना रहन्छ । साथै, अनियन्त्रित भारी ट्रक दुर्घटनामा पर्दा त्यसको प्रत्यक्ष चपेटामा साना सवारी, मोटरसाइकल र पैदल यात्रु पर्छन् । तसर्थ, ओभरलोडिङ केवल नियम उल्लङ्घन नभई प्रत्यक्ष रूपमा नागरिकको जीवनसँग जोडिएको विषय हो ।

यसका साथै, सडक र पुलको भार क्षमताको संरक्षण अर्को महत्त्वपूर्ण पक्ष हो । हाम्रा सडक र पुलहरू निश्चित एक्सल लोड र यातायात चापलाई ध्यानमा राखेर बनाइएका हुन्छन् । निरन्तरको अत्यधिक एक्सल भारले सडकको कालो पत्रे उप्किने, खाल्डाखुल्डी पुर्ने र पुलहरूको संरचनात्मक आयु घट्ने गर्छ । सडक र पुल भत्किँदा हुने अर्बौं रूपैयाँको पुनर्निर्माण खर्च अन्ततः करदाता नागरिककै टाउकामा पर्छ ।

ओभरलोडिङको समस्या समाधान गर्दा व्यवसायीलाई मात्र दोषी देखाएर पन्छिने परिपाटी व्यावहारिक हुँदैन । ढुवानी व्यवसायमा निजी क्षेत्रको ठूलो पूँजी, बैंकिङ ऋण, चालक तथा मजदुरको रोजगारी र देशको आपूर्ति व्यवस्था गाँसिएको छ ।

अहिले नेपालमा उच्च क्षमता र आधुनिक प्रविधिका नयाँ पुस्ताका ट्रकहरू भित्रिइरहेका छन् । यस्तो अवस्थामा हाल प्रचलित भारवहन मापदण्ड र नयाँ पुस्ताका उच्च क्षमताका सवारीबीच आवश्यक प्राविधिक तथा नीतिगत सामञ्जस्य कायम गर्न नीतिगत पुनरावलोकन आवश्यक भइसकेको छ । कुन क्षमताको सवारीलाई कुन सडक (राजमार्ग, सहायक मार्ग वा पहाडी सडक) मा, कति एक्सल लोडसहित चल्न दिने भन्ने विषय प्राविधिक अध्ययनका आधारमा स्पष्ट गरिनुपर्छ ।

यसका लागि सरोकारवाला निकायहरू र यातायात व्यवसायी प्रतिनिधिहरूबीच निरन्तर बहुपक्षीय समन्वय र नीतिगत स्पष्टता अनिवार्य छ । जरिवानाको रकम बढाएर वा सडकमा कडा चेकिङ गरेर मात्र समस्याको दीर्घकालीन समाधान हुँदैन; यसका लागि सुरूवाती विन्दुमै तौल पुलको प्रभावकारी सञ्चालन र कानुनी स्पष्टता चाहिन्छ ।

मालवाहक सवारीको भार वहन क्षमतासम्बन्धी बहसलाई केवल 'ओभरलोड गर्ने व्यवसायी' र 'कारबाही गर्ने प्रहरी' बीचको द्वन्द्वका रूपमा हेरिनु हुँदैन । यो व्यवसाय, आधुनिक प्रविधि, कानुनी स्पष्टता, सडक पूर्वाधार र मानव जीवनको सुरक्षाबीचको सन्तुलन मिलाउने गम्भीर नीतिगत प्रश्न हो ।

व्यवसायीलाई व्यावहारिक र स्पष्ट नियम चाहिएको छ, चालकलाई द्विविधारहित निर्देशन चाहिएको छ, नियमनकारी निकायलाई एकरूप मापदण्ड चाहिएको छ, राज्यलाई दीर्घजीवी पूर्वाधार चाहिएको छ र आम नागरिकलाई सुरक्षित सडक चाहिएको छ। अबको बहस "कति टन बढी बोकेमा कति जरिवाना हुन्छ ?" भन्नेमा मात्र सीमित नभई "कुन सवारीले, कुन सडकमा, कुन प्राविधिक र कानुनी मापदण्डअन्तर्गत कति भार सुरक्षित रूपमा बोक्न पाउँछ?" भन्ने स्पष्ट नीति निर्माणमा केन्द्रित हुनुपर्छ ।

मालवाहक सवारी अर्थतन्त्रका संवाहक हुन्, तिनको गति रोक्नु कसैको ध्येय होइन । तर अतिरिक्त भारका कारण तिनै सवारी दुर्घटना र विनाशको कारण बन्न नदिनु सम्बद्ध सबै पक्षको साझा जिम्मेवारी हो । सडकमा सामान मात्र होइन, मानिसको अमूल्य जीवन पनि यात्रा गरिरहेको हुन्छ; तसर्थ भारको गणना गर्दा 'टन' सँगै जोखिमको मूल्य पनि गणना गरौं ।

♦♦♦

रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ ।

नियात्रा

# अन्धकारमा गह्रौं पाइला



✍ **लीलाराज दाहाल**

चारदिने बिदाको सदुपयोग गर्न आठजना भेला भएका छौं । स्कार्पियोका चालक दिपेश खड्काले हाम्रो समूहलाई नौ जना बनाइदिए । नत्र हाम्रो मनस्थितिमा पुरानो सोचले फँणा उठाउन पनि सक्थ्यो होला ।

गाडीभित्र मसहित राष्ट्रिय न्यायिक प्रतिष्ठानका निर्देशक पारस पौडेल, सर्वोच्च अदालतका उपरजिष्ट्रार भेषराज कोइराला, ललितपुर जिल्ला अदालतका श्रेस्तेदार शैलेन्द्र खड्का, ललितपुर जिल्ला अदालतका तहसिल्दार हरि भट्टराई, सर्वोच्च अदालतका शाखा अधिकृत सुदीप पोखरेल, ललितपुर जिल्ला अदालतका शाखा अधिकृत जीवन कालाखेती र चालक नारायण पौडेल छौं ।

२०८३ साल जेठ १४ गते बिहान ८ बज्दा हाम्रो गाडी ब्रम्हखेल पार गरेर अगाडि बढिसकेको थियो । गाडीभित्र हामी गफगाफमा लागेका छौं । हाम्रो बहसले समसामयिक राजनीति, कर्मचारीतन्त्रको वर्तमान अवस्था र भविष्य, सेवाग्राहीका सन्तुष्टि/असन्तुष्टिका कुरा हुँदै ननभेज विषयवस्तुलाई समेत समेट्दै छ । एउटै निकायका सहकर्मी र धेरैपटक यस्ता घुमफिरमा सामेल भएको कारणले आपसी सम्बोधन आत्मियताको आसनमा उक्लेर तँ - तँ र तिमी - तिमीको तहमा सिमित छ । घरि गाडीभित्रै हाँसोको बाढी पस्छ । चालक अल्पभाषी छन् । सोधेको कुराभन्दा बढी बोल्दैनन् ।

गाडी साँखु कटेर जहरसिंपौवातिर सोझिएको छ । देख्दै भद्र पारस सर कुरा गर्ने शैली र मृदु बोलीका कारण झन् भद्र लाग्दै हुनुहुन्छ । मेरो त पहिलो भेट हो उहाँसँग । भेषराज सर, शैलेन्द्र सर र हरि सरको मित्रता र मित्रताको झोलीभित्र लुकेर बसेका ठट्टा मजाकले गाडीभित्रको वातावरण झन् रमाइलो हुँदै गएको छ ।

जहरसिंपौवामा चिया खाजाको लागि रोकिन्छ गाडी । कुखुराका फूल र चनाले पेटलाई सान्त्वना दिएपछि हाम्रो गाडी सिधैं लाग्यो नाङ्लेभारेको सडकै सडक मेलम्चीतिर । गाडीको झ्यालबाट नियाल्छु म बाहिर । हरियालीयुक्त सुन्दर दृश्यहरू पछाडि पछाडि सर्दैछन् । गाडीभित्र

फेरि ननभेज गफ शुरू भएको छ । जीवन सरले पूर्वेली पँधेरे जोक सुनाएर झन् रमाइलो पार्दै हुनुहुन्छ गाडी भित्रको वातावरणलाई । एक दुईवटा मुक्तक सुनाउन पाउँदा मलाई पनि खुसी नै लाग्छ ।

पिच सकिएर गाडीको पाङ्गाहरू ग्राभेल बाटो नाप्दैछन् । कता पुगियो, केही थाहा छैन । टाढा कतैकतै घरहरू देखिन्छन् । निकैबेरको यात्रापछि अर्को बाटो आएर मिसियो । हत्तपत्त नारायण बोल्छन्, "पाँचखाल जीरो किलोबाट आउने बाटो त्यही हो !"

अब गाडी उत्तर दिशामा गुड्दै छ । कतैकतै केराघारी देखिन्छ अनि तत्काल हाम्रो छलफल केराका जात, स्वाद र विशेषतातर्फ मोडिन्छ । पर परसम्म मेलम्ची खोलाको उराठ बगर देखिन्छ । हामी मेलम्ची बजार पुग्न लाग्दा दुई वर्ष अगाडि मेलम्ची खोलाले त्यहाँका बासिन्दामाथि गरेको ज्यादतीको दुर्दान्त दृश्य मेरा आँखा वरिपरि नाच्न थाल्छ ।

हाम्रो सल्लाह मेलम्चीमा खाना खाने र केहीबेर मेलम्ची बजार नियाल्ने थियो । भेषराज सरले भन्नुभयो, "अरू केही मतलब छैन, मेलम्चीको माछा र भात खाने हो नत्र हाम्रो मनले सराप्ने छ !"

मेलम्ची बजार प्रवेश गरियो । मेलम्चीको उर्लँदो बाढीले बगाएको बजार अझै त्रसित देखिन्छ । सातो गएको बालकजस्तो उदास र एकोहोरो देखियो मेलम्ची बजार । बडा बडा ढुङ्गाहरू खोलाको बगरमा असरल्ल पल्टेका छन् । काठमाडौंको सुकेको आँत भिजाउने भनेर चर्चामा रहेको मेलम्ची खोला आफैं पो तिर्खाएर बगिरहेको छ ।

"काठमाडौंमा पानी लैजान खोला थुनिएको बाँध कता छ, कुन्नि !" मेरो अवोध मन एक्कासी जिज्ञासु हुन्छ ।

"उता, धेरै माथि पो छ ड्याम्म त !" भेषराज सरको जवाफले हामी धेरैको जिज्ञासा मेटाउँछ ।

"हामी बसेतिर त दिएको छैन मेलम्चीको पानी । कि यही खोलाको पानी पिएर, कि यो खोलामा नुहाएर मात्रै जाने हो । हामीले चाहिँ मेलम्चीको पानी छुनै नपाउनु ? "जीवन सरको कुराले गाडीभित्र फेरि हाँसोको लहर सलबलाउन थाल्छ ।

बजारमा रोकिएर खानाबारे बुझ्दा होटलका साहुजी भन्छन्, "लोकल माछा त कहाँ पाउनु सर ! ट्राउट माछा खाने हो भने बस्नुहोस्, ल्याएर बनाइदिन्छु ।"

साहुजीको भनाइले हाम्रो इच्छा पुरा होलाजस्तो छैन । हाम्रो अनुहार र हाउभाउ बुझेर साहुजी फेरि भन्छन्, "लोकल माछा त कहिलेकाहीँ मात्रै पाइन्छ । लोकल माछा खान तपाईंहरूको भाग्यमै नलेखेको !"

साहुजीले दोष लगाएको

हाम्रो भाग्य सम्झँदै हामी रोडपारिको अर्को होटलभित्र छिर्छौं । यसमा पनि लोकल माछा त पाइएन नै । साहुनी दिदीले ओठभरि व्यापारिक मुस्कान सजाएर भनिन्, "लोकल भाले खाने भए बस्नुहोस् ।"

लोकल भालेको सट्टा एक-एकवटा लोकल काँक्रा खाएपछि हरि सरले भन्नुभयो, "खाए लोकल माछा नै खाने हो नत्र केही पनि नखाने !"

हरि सरको कुरा सुनेपछि साहुनी दिदी बोलिन्, "पायो भने अलिमाथि भण्डारीको होटलमा पाउन सक्छ ।"

जीवन सरले हाँस्दै भन्नुभयो, "खोलामा गएर आफैंले जाल थाप्ने हो भने मात्रै यहाँको लोकल माछा खान पाइएला ।"

हामीमा हाँसोको फोहोरा छुट्यो । नारायणले भण्डारी होटलको फोन नम्बर लिएपछि हामी अगाडि बढ्यौं ।

फेरि उजाड, उदास देखियो मेलम्ची बजार । विनाश नै भएछ मेलम्ची बजारको त ! आधा-आधा पुरिएका घरहरू टुहुरा बालकजस्ता उदास देखिएका छन् । यहाँको बजार र ठूला घरहरू ढलेर सखाप भएको दृश्य टिभीमा देखिएको थियो । निकैपछि भए पनि अहिले आएर आफ्नै आँखाले देखियो ।

"पहिले मानिसले वन जङ्गल सखाप पारे । पर्यावरणमा ठूलो क्षति भयो । खोला किनारका बोट बिरूवा समेत काटे मानिसले । बोट बिरूवाको जरा रहेको भए खोला किनार बलियो हुन्थ्यो । मानव बस्ती बगाएर त्यही रिस पोखेको हो मेलम्चीले ।" मेरो मनमा यस्तै यस्तै कुराहरू खेलिरहेका थिए ।

बाढीले तहसनहस भएर अहिले शक्ति सञ्चय गर्दै गरेको मेलम्ची बजारलाई मनमनै सान्त्वना दिएर हामी गोरीखोला रिसोर्टमा पुग्यौं ।

"कत्ले र असला गेरेर पुगनपुग आधा केजीजति माछा होला, बाइस सय रे दाम !"

हामी जिल खायौं ।

"पैसा उरलधुरल भएर, कसरी सिध्याउँ, कसरी सिध्याउँ भएर हिँडेका होइनौं । हामी त आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न, विभिन्न ठाउँको भौगोलिक परिवेश र जनजीवन बुझ्न हिँडेका हौं ।" हामीले यति भनेपछि होटलका सञ्चालक अलि मत्थर भए ।

उनले भने, "रेट मिलाएर लगाइहाल्छु नि । सरहरूलाई स्वागत गर्न पाउनु नै मेरो लागि ठूलो कुरा हो ।"

गोरीखोला रिसोर्टका लोकल माछा र लोकल भाले मिलेर हामी सबैलाई सन्तुष्ट बनाए । एक बजे हामी फेरि अगाडि बढ्यौं । अलिमाथि पुगेर मेलम्चीको पुल तरियो । खोलाको बगरै बगर गुड्दैछ गाडी । पेटमा परेको तातो भात र भालेको तातो झोलको करामत होला, अघिल्लो

सिटमा बस्नु भएका सरहरू झुपुझुपु उङ्न थाल्नुभयो । गर्मी निकै बढेको रहेछ यता पनि । गाडीले झोलुङ्गोमा जस्तै गरी हल्लाइरहेको थियो मज्जाले ।

खोलाको बाटो हुँदै किउल कटे पछि हामी तिम्बु पुग्यौं । हामी पहिलो पटक यात्रा गर्दै गरेकाहरूले नै बाटोमा भेटिएका मानिसहरूसँग गुरूजीको लागि बाटो सोधि दिँदै थियौं । कहिले गलत बाटोतर्फ लागेका कारण धेरै माथि पुगेर फर्कनुपर्ने बाध्यता पनि व्यहोर्दै थियौं । हामी निकै माथि पुग्यौं । एकाध घर र भिरालो जमिनमा मकैका रहर लाग्दा बिरूवा छन् । अगाडिको बाटो साँघुरो र अप्रचलितजस्तो देखिन्छ । सोधखोज गर्दा पो थाहा भयो, हामी फरक बाटोमा रहेछौं । करिब एक किलोमिटरमात्रै गलत बाटो हिँडेका रहेछौं । त्यहाँको र वरिपरिका पहाडी भूभाग नियालेर फर्कियौं र तल्लो कुइनेटोबाट नयाँ बाटो समायौं । भेषराज सर बोल्नुहुन्छ, “यो बाटो पनि हो कि होइन, के थाहा !”

निकैबेर गुडेपछि जङ्गलको बाटो छेउमा पँहेलपुर ऐंसेलु देख्दा कसको मन नरमाउला र ! घरि गाडी रोकेर ऐंसेलु टिप्न थाल्छौं । घरि आलुबखडा टिप्न थाल्छौं । जङ्गलको ठाउँ, आफ्नो हात जगन्नाथ गरेर सबैले गोजी भरेर आउँदा त ठूलो झोलामा एक झोला भएछ आलुबखडा । ऐंसेलुले भने झोला होइन, पेट भर्न पनि सकिएन ।

ऐंसेलु र आलुबखडाले दिएको खुसी धेरैबेर टिक्न पाएन । अलिमाथि पुगे पछि हाम्रो गाडी हिलोमा फँस्यो । सुनसान छ चारैतिर । गाडीलाई हिलोबाट बाहिर निकाल्न बल पुगेन हाम्रो । कुनै हालतमा गाडी बाहिर निस्किन मान्दैन । बढी लाडप्यारले पुलपुलिएको बच्चाजस्तो जिद्दी छ हिलो माटो । त्यहीमाथि पानी पर्न थाल्यो । पानीले आफ्नो शक्ति बढाउँदै लगेको छ । गाडी हलचल गर्नै नसक्ने भएपछि गाडी छोड्नुको कुनै विकल्प भएन । शैलेन्द्र सर, जीवन सर, नारायण र म फेरि एकपटक गाडी ठेल्न थाल्यौं । हिलो माटोमा गाडीको पाङ्ग्रा चिप्लेको चिप्लियै छ । जीवन सर र नारायणको अनुहार असारको हिलोमा खेत मिलाउने बाउसेको जस्तो देखिएको छ । गाडी ठेल्ने हाम्रो प्रयासले कसैगरी सार्थकता पाउन सकेन । हामी के गर्ने, के गर्ने भन्ने भावमा बाटो छेउमा उभिएका छौं ।

मोटरसाइकलमा दुईजना युवाहरू आइपुगे । हाम्रो हालत देखेर उनीहरूले भने, “तपाईंहरू फर्कनुस् । यो माथिको पूरै बाटो यस्तै हो ।”

उनीहरूले नै हामीलाई अर्को बाटो देखाइदिए । गाडीलाई अघिल्तिरबाट ठेल्दै निकै तल पुर्यायौं अनि घुमाएर हामी फर्कियौं आएकै बाटो । अर्को कुनै उपाय थिएन । पानी परिरहेको थियो । चारैतिर

जङ्गल छ । चिप्लो माटोले आज धोका दियो भनेर सोच्दै, फर्केर तल तिम्बु नै आइपुग्यौं । जीवन सरले भोकको ओखती खोज्नु भयो पसलतिर । भोको पेटलाई चाउचाउले फुल्याउँदै हामीले अर्को बाटो समायौं । निकै लामो बाटो पार गरियो फेरि । दुईतिर लाग्ने बाटाहरूले फेरि झुक्याए हामीलाई । माथिल्लो तार्केघ्याङको बाटो समाउनु पर्ने, तल्लो गाउँतिर गएछौं । हेलम्बु क्षेत्रको सानो तार्केघ्याङ पुगेर एउटा सुन्दर गुम्बा नजिकबाट गाडी घुमायौं । लामा संस्कृतिले उज्यालिएको यस सुन्दर गाउँलाई मनभरि सजाएर, आँखैले तस्विर खिचेर हामी फर्कियौं । मूल तार्केघ्याङ पुग्ने बाटो सोधखोज गरेर गाडी घुमाउँदा घुमाउँदै साँझ पर्न लाग्यो । फेरि माथि बाटो छुट्टिएको ठाउँमा आइपुग्यौं । यो यात्राको दुःखद कुरा भनेको दुईतिर जाने बाटो भेटियो कि हामी अल्मलिइरहेका थियौं ।

बाटो सोध्दै सोध्दै हामी तार्केघ्याङ पुग्यौं । ठूलै पहाडी गाउँ रहेछ यो । बिजुली बत्तीको उज्यालोमा तार्केघ्याङ खुब चम्किरहेको थियो । लामा संस्कार र संस्कृतिमा यो गाउँ निकै समुन्नत लाग्यो । सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका अन्तर्गत पर्ने सबैभन्दा उत्तरी गाउँ हो यो । लामा संस्कृतिका ध्वजापताकाहरूले यस गाउँलाई अलौकिक सौन्दर्य प्रदान गरेका छन् ।

तार्केघ्याङमा केहीबेर रोकिँदा भेषराज र शैलेन्द्र सरले संयुक्त रूपमा भन्नुभयो, “रात परिसक्यो । कि यतै बस्ने हो ?”

“होइन, यहाँ नबस्ने । माथि बेस क्याम्पनै पुगौं !” हरि सरको निर्णायक जवाफपछि हामी बेसक्याम्पको लागि अगाडि बढ्यौं फेरि ।

“तार्केघ्याङबाट उकालो लागे पछि ढुङ्गा ओछ्याएको बाटो कटेर पहिलो हिलोसम्म गाडी आयो भने त्यहाँबाट हिँडेर आधा घण्टामा बेसक्याम्प आइपुग्नु हुन्छ । पहिलो हिलो कटेर दोस्रो हिलोसम्म गाडी पुग्यो भने पन्ध्र मिनेट हिँड्नुपर्छ ।” होटलको मालिकले हामीलाई दिएको सूचना यस्तो थियो ।

हाम्रो गाडी बल्लतल्ल पहिलो हिलोसम्म मात्रै पुग्यो । ढुङ्गा सोलिङ गरेको साँघुरो बाटो, छोटा छोटा मोड । अरू के चाहियो, हाम्रो गाडी क्षयरोगले ग्रस्त बिरामीझैं ठाउँको ठाउँ रोकिन थाल्यो । यात्रु उत्रेर ठेलेपछि बल्लबल्ल एउटा मोड कट्थ्यो र हामीलाई चढाउँथ्यो । गाडी सकी नसकी गुड्दै थियो । रन्दा लगाएको काठभन्दा चिल्लो छ गाडीको पाङ्ग्रा । हिलोमा पाङ्ग्रा चिप्लेर बिजोग हुँदै थियो ।

हिलोको साम्राज्य यति कठोर भयो कि गाडी हलचल गर्नै सकेन । अनि आआफ्ना झोला काँधमा भिरेर निर्मोही प्रेमीलाई छोडेर हिँडेकी प्रेमिकाझैं हामी

पनि लम्केर अगाडि बढ्यौं ।

रातिको ९ बजिसक्यो । हिलाम्मे छ बाटो ।

अरूका हात हातमा टर्च बले । पारस सरको टर्च बल्दै बलेन । टर्चको ब्याट्री सुल्टो पार्छु भन्दा झन् उल्टो पार्नु हुँदोरहेछ । अन्त्यमा उहाँले सुल्टो पारेरै छोड्नु भयो ब्याट्री । अनि बल्यो झलल्ल । टोली अगाडि बढिसकेछ । हिँड्न बाँकी पारस सर, हरि सर र म मात्रै छौँ । दर्केर पानी पर्न थालेको छ फेरि । मेरो मोबाइल पनि बल्न मान्दैन । झोलाबाट प्लास्टिक निकाल्यौं । मैले प्लास्टिकको घुम बनाएँ जसरी असारे झरीमा रोपाहारले घुम ओढ्ने गर्छन् ।

हिलो बाटोमा पाइला पनि अड्कली अड्कली टेक्नु परेको छ । जुकाले भेट्ला भन्ने डर छ एकातिर । लाइन लागेर हिँड्दै छौँ । थकाइले पाइला गह्रौं भएका छन् हाम्रा । पारस सरको त फूर्तिलो ज्यान ! उहाँ पनि हामीलाई छोडेर अगाडि बढिसक्नु भएको थियो । हरि सर र म पुछारमा छौं । बाटोका असंख्य घुम्ती कटिसक्यौं । बेसक्याम्प कता हो कता, पटक्कै आइपुग्दैन । साँढे नौ बज्यो । अलिमाथि पुगेपछि पारस सरलाई हामीले फेरि भेट्टायौं । बाटोमा एउटी गाई पनि भेटिइन् । उहाँले भन्नुभयो, “बस्ती अब धेरै टाढा छैन !”

निकैबेरदेखि हिँड्दै थियौं । रातको समय भए पनि वातावरणमा हल्का तातोपन अनुभव गर्दै थिएँ म । जलवायु परिवर्तनको संकटले समग्र पर्यावरणमा असर गरेको छ भनेर अचेल जतातते चर्चा हुने गर्छ । यतिमाथि पनि चिसोपन महसुस नहुनुको कारण जलवायु परिवर्तनको लक्षण होला भन्ने कुरा मनमा खेलाउँदै पाइला चाल्दैछु म ।

पौने दश बजे समतल ठाउँमा पुग्छौं । होटलको साइनबोर्ड देखियो । बिजुली बत्तीको उज्यालोमा लुङ्दारको चमक हेर्न लायक थियो । तीनवटा टेन्टहरू छेउमै रहेछन् । हामीले खुसीको सास फेर्न थाल्यौं ।

हामीले आमा याङ्रीको बेसक्याम्पमा पाइला टेकेका थियौं । हामी आमा याङ्ग्री बेसक्याम्प होटलमा प्रवेश गर्दा अरू यात्रुहरू खाना खाँदै रहेछन् । तातोपानी पिएर केहीबेर सुस्तायौं हामी । यो एउटा होटलले पर्यटकको माग धान्न धौधौ पर्ने रहेछ । सिजनमा त झन् कस्तो पो होला । खबर नगरी अपर्झट आइपुग्ने आगन्तुक त समस्यामा पर्ने रहेछन् । यताउता नियाल्दा यस्तो देखियो । रातिको दश बजिसकेकाले ढिला नगरी थालमा खाना, दाल र आलु न्युट्रेलाको तरकारी हाल्यौं आफैंले ।

जेनतेन खाना खायौं र बुक गरिराखेको टेन्टभित्र पस्यौं । आठ जना छौं, ओछ्यान चार

वटा मात्रै छन् । सबैले आआफ्नो ओछ्यान ओगटेको देखेपछि भेषराज सर म पनि एउटा ओछ्यानमा पल्टिन्छौं ।

दिनभरिको हिँडाइले थाकेको ज्यानलाई आराम चाहिएको थियो । पल्टिन त पल्टियौं तर निद्रादेवी भने आँखादेखि कोसौं पर छिन् । मनमा भने बिजयका असंख्य जुलुसहरू निस्किरहेका छन् । ♦

लघुकथा

# भिसाको प्रतिक्षा



✍ **रामप्रसाद धिताल**

'खासमा मैले जागिर गर्न पर्ने नै होइन । टाइम पासका लागि मात्र हो', श्रीमान् यूएई गएपछि सहकर्मीमाफ उसले भन्ने गरेकी थिई, 'महिनाको दुई लाख कमाइ हुन्छ, उहाँको ।' केही समयपछि त उनी श्रीमान्सँगै जाने भइछ । दुवैजना त्यहाँ काम गर्दै गर्ने, यूरोपेली मुलुकमा जान प्रक्रिया पनि चलाउँदै गर्ने । अब उसका गोडा भुइँमै थिएनन् । सहकर्मीलाई व्यंग्य गर्दै ऊ भन्थी, 'यस्ता देशमा नि बस्छन् कोई !' राहदानी बनाउनदेखि अरु कागजात मिलाउने दौडधुपमा लागेकी थिई । अंग्रेजी भाषाको कक्षा प्राथमिकतामा थियो । सबै कुरा मिल्दै गएको थियो । अब एउटै कुरा बाँकी थियो, भिसा आउन । व्यग्र प्रतीक्षामा थिई ऊ । एक दिन कार्यालयमा उसको नाम लिँदै कोही आइपुग्यो । पठाउनेको नाम त थिएन उसको नाम लेखिएको पत्र उसको हातमा थमायो । ऊ अलमल्ल परी । हतार हतार कार्यकक्ष पुगी । खाम च्याती । पढ्दापढ्दै उसलाई अनुभव भयो, अब पैताला भासिँदैछन् ।

उसको अवस्था देखेर सहकर्मी आत्तिए । हतारिएर उसलाई समाए । लड्न दिएनन् । उसकै कुर्सीमा बसाए । पंखा चलाउने, पानी छम्किने र बोलाउने काम हुँदै थियो ।

एउटी सहकर्मीले उसको हातबाट खसेको पत्र टिपी । पत्र उसकै श्रीमान्को थियो । सहकर्मी पढ्न थाली । '...तिमीसँग सुखमय जीवन बिताउने रहर थियो । आफन्त र साथीभाइले म्यासेज पठाएर तिम्राबारे अनेक कुरा गरिरहेका थिए । मलाई पत्यार लागेकै थिएन । तर जिन्दगीको सवाल थियो', लेखिएको थियो, 'त्यसैले छुट्टी लिएर १५ दिनअघि नेपाल आएँ । आफू यूएईमै रहेको भान पारेर हरेक दिन यहाँ तिम्रा क्रियाकलाप हेरिरहेछु । 'वैवाहिक सम्बन्धमा इमानदार' पाइनँ तिमीलाई । त्यसबाट हाम्रो जीवनगाडी सहज चल्ने मैले देख्दै देखिनँ । त्यसैले तिमीसँग 'सम्बन्धविच्छेद' गर्ने निर्णय गरेको छु । अब हाम्रो अन्तिम भेट आउने आइतबार अदालतमा हुनेछ । आशा छ सहयोग गर्नेछौं... ।'

# प्रकृति अर्थात् हिमाली साहित्य



✍ बद्रीप्रसाद ढकाल

नेपालकै आधारभूमिबाट हिमाल साहित्य, हिमाली साहित्य (Mountain literature) प्रादुर्भाव भएको हो । हिमाल सम्बन्धी लेखिएका साहित्य नेपालबाटै प्रारम्भ भएको हिमाल साहित्य हो । हिमाली साहित्य लेखनको प्रारम्भ नेपालकै भूमिबाट भएको हो । हालसम्म विश्वका विभिन्न भाषामा लेखिएका साहित्यमा नेपालको हिमाल र हिमालय पर्वतमालासँगै यहाँको प्रकृति, प्रकृतिवरण, परिवेश, नेपाली जनजीवनको चित्रण भएकाले हिमाल साहित्यको मूल परिवेश नेपाल हो, यो वैदिक भूमि हो ।

हामी हिमालको पूजा गर्छौं, पर्वतराजका रूपमा हामी नमन गर्छौं पवित्र तपोभूमिका रूपमा हाम्रो प्राकृतिक दैविक धरोहरका रूपमा मानिएको पवित्र नदीको उद्‍गमस्थल मानिने हिमालको बारेमा लेखिएको साहित्य सबैभन्दा महत्त्वपूर्ण प्रकृति साहित्य होइन र ? प्रश्न कसलाई गर्नु ! हाम्रो जीवनको मूल तत्त्व जल अर्थात् तिनै हिमाल रसाएर बगेको जीवन तत्त्व र प्रकृतिको प्राणका रूपमा मानिएको पानीका बारेमा लेखिएको साहित्य प्रकृति साहित्य होइन र ? नदीको शुद्धता, पवित्रता र जन्मदेखि मृत्युपर्यन्त प्राण भर्ने पानी, जल, झरी, वर्षा, तरल पदार्थ, झोल, रस जस्ता नामद्वारा सम्बोधित जलका पवित्र नाम र त्यसले दिने उर्जा, शुद्धता, मोक्ष तथा पवित्रताका बारेमा यति धेरै साहित्य सिर्जना गरिएका छन् । गङ्गा, त्रिशुली, कालीगण्डकी, कौशिकी, जमुना, सरस्वती, गण्डकी, कोशी, बागमतीलगायत विश्वका ठूला नदीका बारेमा रचना गरिएका प्राचीन साहित्यलाई नकार्न मिल्ला र ! अझ यी नदीका सङ्गम, दोभान तथा त्रिवेणीलाई धाम र पवित्र भूमि भनेर सम्बोधन गर्दै आर्य वैदिक साहित्य रचना गरिएको प्रभावपरक साहित्य मानिन्छ ।

नेपालकै प्रसङ्गमा कुरा गर्दा त अझ यहाँका शैल, हिमाल, पर्वत, सभ्यता र संस्कृतिलाई आधार मानेर लेखिएका प्रकृति साहित्यको मूलभूमि अर्थात् परिवेशको रूपमा मान्न सकिन्छ । हाल विश्व साहित्यमा लेखिएका हिमालसम्बन्धी साहित्यको आधारभूमि हाम्रो हिमालय

पर्वत हो जसलाई वेद र वैदिक साहित्यले मानवीकरण गरेर हजारौं वर्ष अगाडि नै लेखिसकेको छ, जसको उदाहरण पर्वतराज हिमालय भनेर सम्बोधित छ । जसको महत्त्वपूर्ण व्याख्या विभिन्न पुराणहरू लगायत स्कन्द पुराणको माघ महात्म्य अर्थात् नेपाली समाजमा बहुप्रचलित र प्रतिष्ठित स्वस्थानीमा भरपूर वर्णन गरिएको छ । शिवपुराणलगायत विभिन्न पुराण तथा वेदमा उल्लिखित र वर्णित पर्वतराज, हिमशैल, हिमालय पर्वत हिमचुचुराको मानवीकरण तथा मानवेत्तर पात्रका रूपमा लेखिएका साहित्यले प्रकृति साहित्यको प्राचीन झल्को दिएकै छ । विश्वमा अग्लो हिमशिखरको रूपमा चर्चित सगरमाथालगायत विभिन्न हिमाललाई लिएर लेखिएको साहित्यको खोज गरी विश्वमाझ नेपाल र नेपालका हिमालका बारेमा लेखिएका साहित्यलाई शोधखोज गरिनुपर्छ ।

हिमाल, पर्वत, पानी, खोला जस्ता प्रकृतिका अनुपम वस्तुलाई पात्र तथा परिवेश बनाएर अनगिन्ती साहित्य रचना भइसकेका छन् । मानव सभ्यताको विकास नै नदीको किनारबाटै भएको हो । जसको प्रत्यक्ष मानव इतिहासमा मोहन्जोदाडो, ह्वाङ्ग हो, सिन्धु, मिसोपोटामिया, मिश्र सभ्यताले बताएकै छ । यिनका इतिहास र साहित्य अनगिन्ती लेखिएका छन् । मानव सभ्यताको विकाससँगै मानिसको बुद्धि र चेतनाबाट विभिन्न खोज अनुसन्धान हुँदै आइरहेको छ । जङ्गली युगका निर्माण गरिएका हात हतियार हुन वा कृषियुगमा प्रयोगमा ल्याइएका औजार सबैमा कामको अवस्था र त्यसको प्रभाव निहित छन् । अझ राम्ररी भन्ने हो भने समयअनुरूप आवश्यकताले खोज गरी निर्मित विषयवस्तु हुन् । मानिसले गर्ने कार्य वा व्यवहारमा कारण हुन्छन् । विना कारण कुनै वस्तुको खोज अनुसन्धान वा निर्माण हुन सक्दैन । धर्म र विज्ञान दुवै परम्पराबाट खोज अनुसन्धान निश्चित तथ्य हुन् जसको प्रयोग आज मानव हितमा लागेको छ । विज्ञानले बाह्य संसारको रूपरेखा, प्रकृति त्यसको बनोट र सञ्चालनको पद्धति खोज्दछ भने धर्म वा दर्शनले बाह्य मात्र नभएर त्यसका आन्तरिक रूप, प्रयोक्ता तथा यथार्थगत निष्कर्ष निकाल्दछ । धर्मले अन्तिम रहस्य, तथ्यको बाटोको खोजी गर्दछ ।

त्यसैले धर्मसम्बद्ध दर्शनशास्त्र एक प्राचिन विज्ञान मानिन्छ त्यसैको लामो प्रयोगबाट सिद्ध भएको धर्मले मानव र ईश्वरको सम्बन्ध तथा अस्तित्व खोजेको छ । धर्म र दर्शनको मूल विषय पदार्थ र चेतना अथवा भौतिक र आध्यात्मसँग सम्बन्ध राख्दछ । मानव जगत्को अध्ययनमा वस्तु तथा घटनासँग भौतिक र आध्यात्मिक पक्ष जोडिन्छन् । मानिसका चेतनाले निर्मित

वा बाह्य कार्यकारण घटनासँग भौतिक सम्बन्ध छ भने संवेदना भावना तथा अन्य क्रियाकलापसँग आचरणसँग आध्यात्म जोडिएर आउँछ । कुनै पदार्थलाई दुई तरिकाबाट अध्ययन गर्ने काम विज्ञान र धर्मले गरेको छ । पदार्थको गुण रस बनोटको अध्ययन चेतनाबाट भौतिकवादी दर्शनले खोज्दछ भने आत्मा, चेतन, निर्मित कार्यकारण सम्बन्ध आध्यात्मवादी दर्शनले गर्दछ ।

धर्म वा आध्यात्मवाद विज्ञानले अलौकिक शक्तिलाई जगत्को केन्द्रमा राखेर अति सूक्ष्मधर्मको रूपको चर्चा गर्दछ त्यसैले भौतिकवाद भन्दा भिन्न अध्यात्मवाद र धर्मको स्वभाव समान छ । आध्यात्मवादी विचार विज्ञानलाई जोडेर निर्माण गरिएको धार्मिक शास्त्र, दर्शन तथा वेदले प्रकृति समाज, चिन्तन र मानव चेतनाका बाह्य र आन्तरिक तहद्वारा प्रयोगसिद्ध आचरण निर्माण गरेका छन् जसलाई मानवले पालना गर्नुपर्ने नैतिक आचरणका रूपमा धर्मशास्त्रहरूले वर्णन र विश्लेषण गरेका छन् । प्रकृति आध्यात्मिक तथा भौतिक दुवैको आधारभूमि हो । यसैका खोज अन्वेषण, गति अवस्था, गुणका आधारमा साहित्यका विषय निर्माण गरिएका हुन्छन् ।

मानव सभ्यताको प्राचीन अवस्थालाई हेर्ने हो भने प्रकृति साहित्यले भनेको आदिम युग वा धर्मले भनेको सत्य युग दुवैको परिकल्पनाबाट मानव सभ्यता वा समाजको निरन्तर विकास आजसम्म आइपुगेको हो । मानिस अनुभव गरेको वस्तुतथ्य र ज्ञानबाट साहित्य अगाडि बढ्दै थियो । प्रकृतिको अध्ययन वा मानिसको अवस्थामा प्रकृतिका भूमि, वनजङ्गल, नदीनाला जस्ता परिपूरक वस्तुलाई धर्म र आचरण जोडेर धर्म र विज्ञानका माध्यमबाट नवीन साहित्य वा वादको निर्माण भएका हुन् ।

संसारका कुनै पनि स्थानमा बसोबास गर्ने आजका मानव जातिले अनुभूत गरेका धर्म र त्यस अनुरूपका विज्ञानसम्मत आधारलाई हेर्ने हो भने तिनका रहनसहन, भौगोलिक आर्थिक, सामाजिक परिपाटीमा धार्मिक धारणाहरू कलासंस्कृतिका विभिन्न रूप पर्यावरण साहित्यमा पाइन्छ । भगवान्का वचन, आकाशवाणी, चिन्तन वा प्राचीन मान्यताका गाथाहरूले विज्ञानसम्मत धर्मका सिद्धान्त बने र परिवर्तन हुँदै गए । यही खोजीपूर्ण स्वभाव, ज्ञान, सिप र तिनको प्रयोगद्वारा आजको वैज्ञानिक युगमा भएका परिवर्तन उत्पादन र परिमार्जनसम्मको भावना विचार नै प्रकृति वा प्रकृति साहित्यको आधारका रूपमा निर्माण भएका हुन् ।

साहित्य भनेका मानव सभ्यताको विकाससँगै निर्माण भएको संरचना हो जुन विगतको पृष्ठभूमिमा खडा भएको

हुन्छ । त्यसैले वर्तमान समयमा हामी जसलाई प्रकृति साहित्य भनिरहेका छौं त्यो अहिले हाम्रो मनस्थितिले वर्णन गरेको प्रकृतिको व्याख्यान मात्र हो जसको निर्माण वैदिक कालमै भइसकेको छ । अर्को कुरा हाम्रो वैदिक साहित्यले ठूलाठूला ग्रन्थ नै निर्माण गरिसकेको विषयको हाल सुरुवात गरिएको छ भन्नु हास्यापद हुन्छ । वैदिक साहित्यमा प्रकृतिका चर्चा परिचर्चासँगै मानसिक चिन्तन, असल विचार र त्यसको भरपुर प्रयोग ऋषिमुनीहरूले तपस्या, आराधना गरिएका प्रकृतिका नदी तलाउ, हिमाल, पञ्चाग्नि, हिमस्नानसँगै निर्मित भएका साहित्यलाई चर्चा परिचर्चा गर्नु जरुरी छ ।

हिन्दू सनातन धर्ममा प्रयोक्त हिमाल साहित्यमा विज्ञानको प्राचीन रूपसमेत लुकेका देखिन्छन् । हिन्दू सनातन धर्मका आदिपुरुष ऋषिमुनिहरूले हिमालयको पवित्र भूमिमा निरन्तर साधना तप वा योगाभ्यासबाट तन्त्रमन्त्रको प्रयोग गरी दर्शनद्वारा आत्मसाक्षात्कार वा दिव्यचेतनाको अनुभूत गरे र त्यसको प्रस्तुतीका रूपमा वैदिक साहित्यको निर्माण भएको देखिन्छ । यो चराचर जगत्को सृष्टि, हावा, पानी, आगो आदिका कार्यकारण सम्बन्ध, यो जीवन जगत् वा ब्रह्माण्डको खोजी यसका तत्त्व, आकारप्रकार आदिको व्याख्या वा विश्लेषण हिन्दू सनातन धर्मका वेद, उपनिषद, पुराण तथा अन्य ग्रन्थमा पाइन्छ । तिनको अवस्था, मानव जीवन तिनका भोगलाई व्याख्या गर्दै आध्यात्मिक चिन्तनद्वारा प्रतिपादित सिद्धान्तका रूपमा प्रकृति वरणका चर्चा गरिएका पाइन्छन् । ऋषिमुनिका आध्यात्मिक चिन्तनमा इन्द्रियबाट परको संसार, विचार, भावना, गुण, तथा तिनका शुद्धीकरणका लागि गर्नुपर्ने योग तप साधना वा प्रयत्नलाई वर्णन गर्दै अभ्यासद्वारा पाइन सकिने अनुभूतिको चर्चा वैदिक तथा हिमाली साहित्यमा गरिएको छ । जसबाट चराचर जगत्का सम्पूर्ण प्राणी, खुसी शान्त, समृद्ध भएको समाज निर्माणका कुरामा सभ्य र सुसंस्कृत समाज निर्माणका कुरा वर्णन भएको देखिन्छ ।

आजको प्रकृति समालोचनाका आधार निर्माण गरी रचना गरिएका साहित्यले सफा, सुन्दर, स्वच्छ वातावरण निर्माणका लागि रचना गरिएका चेतनाका उपज हुन् । नेपाली साहित्यकै चर्चा गर्दा हिमाल तथा पर्वतका विभिन्न प्रकृतिका साहित्यको चर्चा लेखनाथ पौड्यालको तरुण तपसीदेखि मोहन कोइरालाको यतिका पाइला खोज्दै काव्यसम्म, प्रतीक ढकालको सगरमाथाको आधारशिविरबाट, सेती पनि काली पनि, गण्डकीको मुहानतिर जस्ता कृति डा.हर्क गुरुङको रारा र फोक्सुण्डो, भरतराज पन्तको हिमालय, पूर्णप्रकाश नेपालको राराको सौँराइ तथा सरुभक्तको

चुली उपन्यास, कृष्ण बाउसेको प्रकृति कवितासङ्ग्रह, विजय हितानको ब्लु प्लानेट कथासङ्ग्रहसम्म आईपुग्दा प्रकृति साहित्यले निकै नै फड्को मारिसकेको देखिन्छ।

वर्तमान समयमा लेखिएका हिमाली साहित्यका कविता कृति, कथा, मुक्तक तथा लेखमा हिमाल तथा हिमालयका अभिधेयार्थिक विशेषता देखिन्छन्। पर्यावरण साहित्यसँग जोडेर लेखिएका साहित्य यिनले हामीलाई पर्यावरण जोगाउन, पृथ्वीको वातावरण बचाउन आआफ्नो स्वधर्म निर्वाह गर्नुपर्छ भन्ने सकारात्मक चेतना दिएका छन् । हामीले हामी वरिपरिको वातावरणलाई स्वच्छ, सफा, प्रदुषणमुक्त राख्नुपर्दछ।

यो पृथ्वी यहाँ रहेका जीवजन्तु, प्राणी वनस्पतिको साझा घर हो । प्रकृति स्वच्छ सफा हराभरा रहेन भने हाम्रो स्वास्थ्यमा प्रतिकूल असर पर्छ भन्दै प्रकृतिको सुन्दर वातावरणका लागि प्रकृति साहित्य भन्ने चेतनाको विकास गरेको छ। प्रकृति साहित्यको निरन्तरताबाट हामीले मानव जीवको अभिन्न प्रकृति, वातावरण र मानवसँगै आफ्नो जीवनका अधिकार रहेका जीवजन्तु, प्राणीका तर्फबाट पनि आवाज उठाउन खोजेका मात्र छौं । जसरी मानिसका लागि पृथ्वी साझा घर हो, यहाँ रहेका अन्य प्राणी र वनस्पतिका पनि समान अधिकार छन् भन्ने कुरालाई सम्झाउन सक्दछौं भन्ने मूल नारालाई नेपाली प्रकृति साहित्य तथा हिमाली साहित्यको माध्यमबाट विश्व साहित्यमा उपस्थित गराउन सक्नुपर्दछ। ♦♦

गीत

## बुवा



✍ **शान्तिराम भट्टराई 'शाराभ सिन्धु'**

छोरा छोरीको, न त भेदभाव छ,
बुवाको न छलछाम, न पेटमा पाप छ।

पीडा देखिन्न, कहिल्यै मुहारमा,
त्यागी भावना, हरेक प्रहरमा।
सन्तानको लागि, निःस्वार्थ भाव छ,
बुवाको न छलछाम, न पेटमा पाप छ॥

सन्तानकै लागि, व्यथा नि सहन्छन्,
जलेर आफू, प्रकाश ती छर्छन्।
अभाव छ तनाव छ, तर स्नेहभाव छ,
बुवाको न छलछाम, न पेटमा पाप छ॥

न भेटिन्छ, गुनासो कहिल्यै,
न देखिन्छ, थकाइ कहिल्यै।
धैर्य छ उनको, गम्भीर स्वभाव छ,
बुवाको न छलछाम, न पेटमा पाप छ॥

छोरा छोरीको, न त भेदभाव छ,
बुवाको न छलछाम, न पेटमा पाप छ।

हास्यव्यङ्ग्य निबन्ध

# नाकको चिन्ता



✍ **युगल बसेल**

मान्छेका विभिन्न अङ्गहरूमध्ये वा भनौँ इन्द्रियहरूमध्ये ज्यादै पेचिलो एकाइ नाक हो । तपाईँ हामी मगजबिनाको मान्छेको कल्पना त गर्न सक्छौँ तर नाकबिनाको अनुहारको कल्पना कदापि गर्न सक्दैनौँ । तपाईं भन्नुहोला संसार हेर्ने आँखाहरूको सामुन्ने जाबो नाक के हो र ? तर तपाईँ एकपटक गहिरिएर सोच्नुस् त, आफ्नो भनाइ तपाईँ आफैंलाई बेतुकको लाग्न थाल्छ । किनभने तपाईँले फलानाको वा फलानीको आँखामुख देखिनै छाड्यो भन्नुहुन्न बरु फलानाको नाकमुखै देख्नै हरायो भन्नुहुन्छ । यसैबाट नै नाक आँखाभन्दा कति दमदार अङ्ग हो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

यो घतलाग्दो र ज्याद्रो अङ्ग दुई आँखाको मुनि र दुई ओठको माथि बडो मुस्तैदीका साथ तैनाथ भएर संसार नियाली रहेको र संसारलाई आफ्नो दर्शन दिइरहेको हुन्छ । कुनै मान्छेको अनुहारमा नजर लगाउँदा उसको नाकमा दृष्टि नपरी छाड्दैन । र अचम्मको कुरा त के छ भने चिकित्सा विज्ञानले मृगौला, मुटु, कलेजो, फोक्सो, आन्द्रा, हाड, आँखाको नानी, रक्तनली, छाला जस्ता अङ्ग उपअङ्गको प्रत्यारोपण गर्न सहजै सक्छ तर नाकको प्रत्यारोपण गर्न कदापि सक्दैन । यसैबाट तपाईँ यस दिग्गज नाकको सान र मानको आँकलन गर्न सक्नुहुन्छ ।

यो अङ्ग जति नै महत्त्वपूर्ण भए पनि हरेक मनुवाको अनुहारको नाक ठ्याक्कै उस्तैउस्तै भने हुँदैन । कुनै नाक चुच्चे हुन्छ भने कुनै बुच्चे वा थेप्चे हुन्छ । कुनै घिरौँले त कुनै पतले हुन्छ, कुनै ओडारे त कुनै सुगाठोडे पनि हुन्छ । जस्तो स्वरूपको भए पनि नाक आखिर नाकै हो, यसले नाकबाहेक अरुको काममा हस्तक्षेपकारी हर्कत गर्न सक्दैन र नेताज्यूले आफ्नो कर्तव्य बिर्से जस्तो गरेर आफ्नो काम गर्न बिर्सँदा पनि बिर्सँदैन । यसको एउटा अवगुण के छ भने बेलाबेलामा यसले ओडारबाट घिन लाग्दो पदार्थ विसर्जन गरिरहन्छ । त्यो देख्दा त कसैकसैलाई सनक चढेर बन्दुकको संगिनले यसलाई ताछिदिउँ कि जस्तो भन्को पनि छुट्छ रे ।

यो अङ्ग ज्यादै संवेदनशील अङ्ग

हो । मान्छेले नाकमा कालीमा पोतिने हो कि, अथवा नाक काटिने हो कि भन्ने चिन्ता मनमा खेलाउँदा खेलाउँदै उ ओबिडी (कल्पित दुःखद घटनाको चिन्ता) र प्यारानोइया (कसैले हानि पुऱ्याउँछ कि भन्ने चिन्ता) जस्ता रोगको शिकार हुन बेर हुन्न । नाक काटिँदाको हिन्नेरीपना (लाचारी) बेहोर्नेलाई मात्रै थाहा हुन्छ । जस्तो कि जुत्ताको घोचाइ जुत्ता पहिरिनेलाई मात्रै थाहा हुन्छ ।

नाक ठूलो पार्ने मनसुवाले मान्छे छारतोसमा दत्तचित्त हुन्छन् वा भनौं सुईंकुच्चा ठोकिरहेका हुन्छन् र आफ्नो नाक सानो हुने हो कि भन्ने गथासो मनमा सँगालिरहेका हुन्छन् । घतलाग्दो कुरा के छ भने नाकको चिन्ता पनि दुई किसिमको हुन्छ । एउटा हो आफ्नो नाक सानो हुने हो कि वा काटिने हो कि भन्ने चिन्ता, अर्को चाहिँ हो अरूको नाक ठूलो हुने हो कि भन्ने चिन्ता । कति नरनारी त कस्ता महान् हुन्छन् भने उनीहरू आफ्नो नाक कटाएर भए पनि अरुको नाकमा क्षति पुऱ्याउन तम्सिन्छन् ।

नाकको चिन्ताको कुरा गर्दा पहिले मेरै घरको कुरा गरौँ न । मेरो एकलौटी हकदैया भएकी मात्र एक वा भनौ वन एन्ड ओन्ली श्रीमती चाहिँ झनामर्दकी स्वास्नी हुनुभन्दा मर्दकी कमारी हुनु जाती' भनेर मेरो झाँको झारिरहन्छिन् । कारण के भने मैले उनका लागि थरीथरीका गहनागुरिया र लत्ता कपडा जुटाइदिन सकेको छैन । यसले गर्दा उनको नाक छिमेकी, सखी र जोरीपारीका नारीहरूको भन्दा सानो भयो रे। आहरजाहर सम्भालेकी आफ्नै जोइको चित्त बुझाउन सकिनँ भनेर बेलाबेलामा मलाई मेरै नाक मठारिए जस्तो लाग्छ । फेरि उनी अलि मापाकी भएकीले चतुर राजनायकलेझैं झुटामुटा र रकमी कुरा गरेर मतदातालाई अलमलाएजस्तै गरी अफालोमा पार्न सकिने खालकी पनि छैनन् । जति माथापच्चिसी गरे पनि वा भनौं भएभरको गिदी गलाए पनि उनलाई तिम्रो नाक ठुलै त छ नि भनेर सहमत गराउन सकिन्नँ । छन् त उनको नाक पुगनपुग सोह्र तोलाको होला तर पनि नाक सानो भयो भन्ने उनको गुनासो मैले सधैंभरि सुनिरहनु पर्छ ।

अर्कोतिर मलाई मेरा जवान छोराछोरीले तातो जवानी जथाभावी पोखेर नाक कटाइदिने हुन् कि भन्ने पनि चिन्ता छ । सुहाउँदो ज्वाइँ/बुहारी नपाएर, कमाउदार अड्डामा तीनले जागिर नखाएर, अथवा तीनको माल तेह्रमा बेच्ने पेसा नअपनाएर नाक ताछिदिने हुन् कि भन्ने झन् अर्को चिन्ता छ ।

जागिरे पेसा अपनाएकाहरूको नाकको चिन्ता पनि बेग्लै छ । उसले मैले भन्दा पहिले प्रमोसन पायो र नाक ठूलो पाऱ्यो, फलानी मालदार कुबेर अड्डामा

सरुवा भई बहाल गरेर नाक घोर्ले पारी, आफ्नो नाक भने बड्क्यौंला जत्रै रह्यो, तिलानो पुरस्कृत हुँदा म हुन पाइनँ र नाक तिलजत्तिकै सानो रह्यो भन्ने खालका चिन्ता सेवाप्रदायी निकाय वा संस्थामा बस्नेहरूकाको हुने गर्छ ।

लाज कम, राज बढी गर्न रुचाउने राजनीतिकर्मीको पनि कतिको चुनावमा टिकट नपाएर, टिकट पाएर चुनाव जित्नेहरूको मन्त्री आदि पद नपाएर नाक नसप्रँदा चिन्ता ह्वात्तै चुलिने गर्छ ।

तपाईँ भन्नुहोला गृहस्थहरूलाई मात्रै नाकको चिन्ता हुन्छ किनकि उनीहरूमा असीम तृष्णा हुन्छ । शोक न सुर्ता भोक न भकारी भएका सन्यासीहरूलाई त न नाकको चिन्ता न मुखको चिन्ता ! कस्तो मस्ती ! तर मस्ती छैन महोदय, सन्यासी वा सन्तहरूलाई पनि । घर घर माटैका चुला भने जस्तै त हो आखिर । उनीहरूलाई पनि अमुकका अनुयायी र चेला चपेटा धेरै भए, मेरा थोरै भए त्यसैले नाक झिनोमसिनो हुन पुग्यो भन्ने चिन्ता हुने गर्छ ।

रामायण महाभारत आदि पौराणिक कालका लडाइ झगडाहरू पनि आआफ्ना नाककै चिन्ताले गर्दा भएका हुन् । पहिलो र दोस्रो विश्वयुद्ध बलशालीले नाक ठूला पार्नकै लागि जन्माएका हुन् भन्ने कुरामा शङ्का छ र ? नेपाल अङ्ग्रेजको लडाईमा नाक कारक थिएन भनेर को भन्न सक्छ ? हाम्रो मुलुकमा सात सालदेखि बयासी सालसम्म भएका विभिन्न तिथिमितिका आँधितुफान पनि त नाकको श्रेष्ठताको चिन्ताले पैदा भएका हुन् नि । छिमेकी मुलुक भारत र पाकिस्तान बिचका युद्ध पनि एकअर्काका नाक काटाकाट गर्नकै लागि भएका होइनन् भनेर कसले भन्न सक्छ ? युक्रेन र रूसको, इजरायल र प्यालेस्टाइनको, अनि अहिले डोनाल्ड ट्रम्प र खोमेनी बीचको हानाहान र तानातान पनि अआफ्ना नाक श्रेष्ठ पार्नको लागि भइरहेका छन् । कति मारपिट त तेरो धर्मको नाकभन्दा मेरो धर्मको नाक ठूलो भन्ने दाबी विरोधमा हुने गर्छन् र भइरहेका पनि छन् ।

नाकको भौतिक स्वरूपले पनि नाकधारीलाई अनिच्छित चिन्ताको आपूर्ति गरिरहेको हुन्छ कि भन्ने मलाई लाग्थ्यो। त्यसैले नाकको मामिलामा अलि कमजोर भनौं लगभग गुइँठाको स्वरूपको नाकका मालिकलाई मैले सोधेँ-झझतपाईँलाई नाकले कत्तिको चिन्तामा पारेको छ ?''

उनले भृकुटी खुम्चाउँदै र ब्रह्मण्डी तताउँदै मेरो झाँको झारे,सातो खाए - झझनाकको चिन्ता गर्ने के तिमीले मात्र ठेक्का लिएका छौ ? नाक जान्छ कि भन्ने चिन्ता अरुलाई हुँदैन ?''

अर्को नाक पलाउने भए त गुइँठे नाक जाने चिन्ता उनलाई किन हुन्थ्यो होला

र ? बरु प्रसन्नता नै मिल्थ्यो बिचरालाई भन्ने सोच्दै निजको सशक्त क्रोध सामना गर्ने आँट गुमेपछि मैले त्यहाँबाट कुलेलम ठोकेँ । लगत्तै म एउटा निष्कर्षमा पनि पुगेँ। त्यो के भने नाकको चिन्ता सर्वव्यापी छ । नाकको भौतिक होइन अभौतिक पक्षको चिन्ताले बेलाबेला मान्ठालाई गाँजिरहन्छ । खालि फरक के हो भने जत्रा बाघको उत्रै कोर्ली भनेजस्तै चिन्ताको गहिराइ वा आयतनमा मात्रै भिन्नता हुने गर्छ । ♦

कविता

# विना बर्दी



✍ **रमादेवी शर्मा 'कन्चन'**

बर्दी थिएन शरीरमा,
तर आँट थियो छातीभरि,
न त काँधमा तारा झुन्डिएका,
न त पदकका चम्किला अक्षरहरू ।
ऊ त केवल मान्छे थियो,
सपना बोकेको, आफ्नो पीडा लुकाएर
अरूको आँसु पुछ्ने मान्छे ।
गल्लीका अँध्यारा मोडहरूमा
ऊ उज्यालो बनेर हिँड्थ्यो,
अन्यायको भिडभित्र पनि
सत्यको आवाज बनिरहन्थ्यो ।
कहिलेकाहीँ समाजले
उसलाई चिन्दैन थियो, किनकि यहाँ सम्मान
अक्सर बर्दी हेरेर दिइन्छ ।
तर इतिहासले भने
नाम होइन, कर्म लेख्छ,
र धेरै वीरहरू
विना बर्दी नै अमर बन्छन् ।
उसको हातमा बन्दुक थिएन,
तर शब्दहरू धारिला थिए,
उसको यात्रा चुपचाप थियो,
तर प्रभाव आँधीभन्दा गहिरो ।
देशको सीमा जोगाउने
सबै सैनिक हुँदैनन्,
कतिपय त घरभित्रै बसेर
आफ्नै पीडासँग युद्ध गरिरहेका हुन्छन् ।
बर्दी छैन उनीहरूको शरीरमा,
तर जिम्मेवारीको भारी बोकेका छन्,
आँसु लुकाएर मुस्कान बाँड्ने
अदृश्य वीर बनेका छन् ।
आमा बिहानै उठेर
भोकसँग लड्छिन्,
बुबा पसिनाको नदी बगाएर
घरमा उज्यालो ल्याउँछन् ।
आज पनि संसार टिकेको छ
त्यस्तै अनगिन्ती मानिसहरूमा,
जो नायक त हुन्,
तर बाँचिरहेका छन् विना बर्दी ।

# अति सर्वत्र वर्जयेत्ः



✍ **राजेशमान के.सी.**

हाम्रो नेपाली समाजमा एउटा अत्यन्त प्रचलित उक्ति छ-'अति सर्वत्र वर्जयेत्ः' अर्थात् अति सबैतिर वर्जित हुन्छ । अंग्रेजीमा पनि भनिएको छ, "Excess is bad in everything." त्यसो त ठट्टैठट्टामा हामी पनि भन्ने गर्दछौँ - "ओभर भयो भने गोबर हुन्छ" भनेर। यी सबै भन्नुको अर्थ यही हो कि जुनसुकै कुरा पनि अति भयो भने त्यसको असर निश्चित रूपमा नकारात्मक हुन पुग्दछ । त्यसैले यो "अति" बाट बच्नु हामीले नितान्त आवश्यक छ। खासगरी मानव जीवनका तीन महत्वपूर्ण पक्षहरू छन्-बोल्ने, खाने र खर्च गर्ने । यी तीन कुराहरूलाई मर्यादित सीमाभित्र राख्न सकेको खण्डमा नै हामी आफ्नो जीवनलाई बढी उपयोगी र सारपूर्ण तुल्याउन सक्नेछौँ ।

अब प्रश्न उठ्न सक्छ । उसो भए खाँदै नखाई भोकभोकै बस्ने त ? अथवा आधा पेट मात्रै खाने त ? बोल्दै नबोलेर दोबाटोमा ठड्याइएको मूर्ति जस्तो चुप लागेर मात्रै बसिरहने त ? अनि के खर्च भनेको ठ्याम्मै नगरी मखीचुस नै बन्ने त ? होइन, त्यसो होइन । अति नबोल्नु भन्नुको मतलव हो आफ्नो वाणीमा संयम् राख्नु । अर्थात् अनर्गल प्रलापबाट टाढा रहनु । अति नखानु भन्नुको तात्पर्य हो शरीरको आवश्यकता अनुसार उचित मात्रामा खानु र अनि अति खर्च नगर्नु भन्नुको अर्थ हो आफ्नो आयस्रोत वा आम्दानीको अनुपात हेरेर खर्च गर्नु ।

अथवा यसो भनौँ "घाँटी हेरेर हाड निल्नु ।" कतिपय व्यक्तिहरू यस्ता हुन्छन् जो बोल्न पायो भने यति बोल्छन् कि उनीहरूलाई अरूको कुरा सुन्ने फुर्सद नै हुँदैन । ठाउँ न कुठाउँ जुन बेला पनि भट्याएको छ, भट्याएको छ । खान पायो भने यति खान्छन् कि उनीहरूको त्यो भुँडी हो कि गोदाम हो थाहा हुँदैन। खाएको छ, खाएको छ । त्यस्तै कति व्यक्तिहरू खर्च गर्न पायो भने यति खर्च गर्दछन् कि उनीहरूलाई आफ्नो आम्दानीको भन्दा औकात नाघेको समेत पत्तो हुँदैन ।

यसरी मर्यादाको सीमा नाघेर गरिने जुनसुकै काम कुराले पनि हामीलाई समस्याको यस्तो भूमरीमा पुऱ्याई दिन

सक्छ जहाँबाट उम्कन हामीलाई निकै कठिन पर्दछ । रामायणकै एउटा सानो दृष्टान्त प्रस्तुत गरौँ न हामी । आफ्नो देवर लक्ष्मणले कोरिदिएको सीमारेखा अर्थात् लक्ष्मण रेखालाई उलङ्घन गरि दिँदा सीता जस्ती एउटी आदर्श र पतिपरायण नारीले समेत रावण जस्तो एउटा दानवीय पुरूषबाट अपहरित हुनु पर्‍यो । परिणामस्वरूप मर्यादा पुरूषोत्तम रामले आफ्नो धर्मपत्नीलाई रावणको पञ्जाबाट मुक्त गर्न त्यत्रो कठिन धर्म युद्ध गर्नु पर्‍यो ।

यही कारणले एउटा सामान्य धोवीले आदर्श नारी सीताको चरित्रमाथि नकारात्मक टीकाटिप्पणी गरेको कुरा सुने पछि मर्यादा पुरूषोत्तम रामले त्यसलाई प्रजाको आवाज वा गुनासोको रूपमा ग्रहण गर्नु राजा वा राज्य प्रमुखको मुख्य कर्तव्य ठानी आफ्नी धर्मपत्नी सीता पवित्र छिन् भन्ने थाहा हुँदाहुँदै पनि अग्नि परीक्षा लिनु परेको र पत्नी सीताले पनि पति रामको त्यो यथार्थगत भावनालाई हृदयंगम गरी दृढतापूर्वक अग्निकुण्डमा हाम फालेर आफ्नो पवित्रता प्रमाणित गरेकी थिइन् भनी विश्व प्रतिष्ठित धर्मग्रन्थ रामायणमा उल्लेख गरिएको हामी पाउँछौँ । यसबाट हामीलाई यही कुराको बोध हुन्छ कि हरेक कुराको आफ्नो एउटा मर्यादित सीमा हुन्छ र त्यो मर्यादाको सीमाभित्र रहेर हामीले चल्ने गर्नु पर्दछ ।

त्यसो त आजकाल ठूलठूला लम्बेचौडे गफ छाँटेर आफ्नो पण्डित्याइँ देखाउन खोज्नु एक किसिमको फेसननै जस्तो भइसकेको छ । हामी विभिन्न कार्यक्रम अथवा सभा समारोहमा जाँदा पनि कतिपय वक्ताहरू यस्ता हुन्छन् जसले माइक्रोफोन हातमा लिएपछि छोड्नै जान्दैन । अरूको रूची र समयको उसले ख्यालै गरेको हुँदैन अथवा भनौँ एक किसिमबाट बुझ पचाइरहेको हुन्छ । तर ठूलठूला गफ छाँट्दैमा अथवा चाहिने भन्दा बढी आफ्नो पण्डित्याइँ दर्शाउँदैमा कुनै पनि मानिस ठूलो हुने त होइन । कुरा र भाषण छाँटेकै भरमा मात्र कुनै कुराको उपलब्धि हुने भए आज हामी नेपालीको जीवनस्तर धेरै माथि पुगिसकेको हुने थियो । किन हामीले आज पर्यन्त पनि विश्वको दरिद्रतम मुलुक भनेर चिनिनु पर्ने थियो र ? यथार्थमा मानिस ठूलो बन्न त असल कर्म नै गर्नु पर्छ, पुरूषार्थ नै गर्नु पर्छ । आज संसारमा जति पनि सफल व्यक्तिहरू छन् ती सबै कुरा र भाषणले भन्दा पनि कामले नै ठूला भएका हुन् ।

आफ्नो अटुट मेहनत र लगनशीलताबाट नै महान बनेका हुन् । यसै क्रममा एकजना प्रसिद्ध जर्मनी विद्धान हिगलले पनि भनेका छन् - “मानिस आफ्नो कर्मबाटै परिचित हुन्छ” । साँच्चै भन्ने हो भने ज्यादा बोल्ने व्यक्तिले त आफ्नो

विश्वास पनि गुमाउने गर्दछ। किनकि यस्तो व्यक्तिलाई स्वभावतः धेरैले विश्वास गरेको हुँदैन । उल्टो त्यस्तो फटाहाको पनि कुरा गर्नु भनेर उसको पछिल्तिर कुरा पो काट्न थाल्छन् त! त्यति मात्र नभएर ज्यादा बोल्ने व्यक्तिले आफ्नो मात्र नभएर अरूको समय पनि नष्ट पारिरहेको हुन्छ। जबकि मानव जीवनमा समय भन्दा बहुमूल्य कुरा कुनै हुँदैन ।

अंग्रेजीमा एउटा भनाई पनि छ - If Money is lost, nothing is lost. If Health is lost, something is lost. But if Time is lost, everything is lost। हुन पनि रूपैयाँ-पैसा भन्ने कुरा एकपटक गुमेको खण्डमा फेरि पनि कमाउन सकिन्छ। स्वास्थ्य बिग्रेको खण्डमा पनि औषधोपचारद्वारा ठिक हुन सकिन्छ। तर समय एकपटक गुमेपछि त गुम्यो, गुम्यो । लाख कोसिस गरे पनि त्यो गुमिसकेको समयलाई फेरि फर्काउन सकिन्न। त्यसैले समयको महत्वलाई ख्याल गरेर पनि हामीले अनर्गल वाणी र अनुत्पादक वादविवादबाट टाढा रहनु पर्ने हुन्छ।

त्यस्तै आवश्यक भन्दा बढी खानु पनि स्वास्थ्यको दृष्टिले हितकर मानिँदैन । अधिकांश चिकित्सकहरूको भनाइ त के रहेको छ भने धेरै जसो रोगहरू कम खानाले होइन अधिक खानाले उत्पन्न हुने गर्दछ। अधिक खाने गर्नु स्वास्थ्यको दृष्टिले अहितकर हुने मात्र होइन यसबाट मानिसको कार्यकुशलता क्षीण हुने, आलस्य बढ्ने र एक किसिमको भारीपनको महसुस भई शरीरमा शिथिलता समेत आउने गर्दछ । त्यसकारण यदि हामीले खानको लागि बाँचेको होइन बाँच्नको लागि खाएको हो भन्ने धारणा राख्ने हो भने उचित मात्रामा खाएर शरीरलाई स्वस्थ र सन्तुलित बनाई राख्ने चेष्टा गर्नु पर्दछ।

खर्चको सम्बन्धमा पनि आफ्नो औकातको ख्याल नराखी खर्च गर्ने गरेमा परिणाम दुष्कर हुन पुग्दछ । आफ्नो आम्दानीको अनुपात नहेरी केवल अरूको देखासिकीमा परी अन्धाधुन्ध खर्च गर्ने प्रवृत्तिले उधारो लिने आदत बढ्दछ। यसबाट पारिवारिक समस्या त जर्जर हुन्छ नै हाम्रो मानसिक शान्ति पनि भङ्ग हुन पुग्दछ । यसकारण सकिन्छ भने हामीले आफ्नो आम्दानीको अनुपातमा खर्च यस किसिमले गर्नु पर्दछ कि आम्दानीको केही भाग बचत पनि गर्न सकियोस् । यसबाट हामी भविष्यमा आइपर्ने सम्भावित आर्थिक संकटबाट समेत धेरै हदसम्म बच्न सक्दछौं ।

त्यसैले हामीले यदि आफ्नो जीवनरूपी गाडीलाई सही र सन्तुलित रूपमा अगाडि बढाउने हो भने अहिले देखि नै उचित मात्रामा बोल्ने, खाने र खर्च गर्ने आदत बसाल्नु उपयुक्त होला कि ?

◆◆◆

# नेपालमा लामखुट्टेजन्य रोग जापनिज इन्सेफलाइटिस



✍ मंचिता कुमारी अर्याल

**पृष्ठभूमि**

विश्वव्यापी रूपमा भइरहेको बढ्दो शहरीकरण लगायत तापक्रम वृद्धिका कारण कीटजन्य रोग तथा रोगबाहकका रूपमा रहेका कीराहरूको प्रकोप पनि बढ्दै गएको देखिन्छ । यिनै रोग बाहक कीराहरूमध्ये हाम्रो वरपर रहने सानो जीव हो लामखुट्टे । लामखुट्टे Diptera कुलको culicidae परिवार अन्तर्गत पर्दछ । यो कीरा रोग सार्ने माध्यमहरूमध्ये अग्रीम स्थानमा पर्दछ । नेपालमा पाइने लामखुट्टेका धेरै जाती प्रजातीहरूमध्ये विभिन्न वैज्ञानिकहरूद्वारा गरिएको सर्वेक्षण अनुसार लामखुट्टेका मुख्य तीनवटा जातीहरू क्रमश एनोफिलीस, क्यूलेक्स तथा एडिज जातीले नै रोगहरू सार्ने गरेको भेटिन्छ । लामखुट्टे विश्वका प्राय सबैजसो ठाउँहरूमा पाइन्छ । यिनीहरू पानी जमेका खाल्डा खुल्डी, झाडीहरू तथा ओसिलो ठाउँमा बढी भेटिन्छन् ।

लामखुट्टेको जीवनचक्र फूल, लार्भा, प्यूपा र वयस्क गरी चारवटा अवस्थाहरूमा पूरा हुन्छ । यसमध्ये फूल, लार्भा र प्यूपा पानीमा हुर्किन्छन् भने वयस्क चाहिँ जमिनमा बस्दछ । नेपालमा मुख्यतया ४ वटा लामखुट्टेजन्य रोगहरू क्रमशः औलो, हात्तिपाइले रोग, जापनिज इन्सेफलाइटिस तथा डेङ्गु बेलाबेलामा फैलिने गरेको छ । Anopheles लामखुट्टेले Plasmodium नामक परजीवी सारेर मलेरीया रोग फैलाउँछ भने Culex लामखुट्टेले Filariasis अर्थात् हात्तीपाइले रोग, जापनिज इन्सेफलाइटिस आदि फैलाउँछ । त्यसै गरी एडिज जातका लामखुट्टेहरूले डेङ्गु, चिकुनगीनिया आदि फैलाउँछ । यीनै लामखुट्टेजन्य रोगहरूमध्येको एक हो जापनिज इन्सेफलाइटिस । Culex प्रजातीका लामखुट्टेहरू फुस्रो खैरो रंगका हुन्छन् । यसको शरीरमा सेता धर्काहरू हुँदैनन् यो जमिनमा बस्दा सतहसँग लगभग समानान्तर अवस्थामा हुन्छन् । यिनीहरूले विशेषगरी फोहोर, जमेको वा दुषित पानीमा फूल पार्छन् । जापनिज इन्सेफलाइटिस फैलाउने प्रजातीका लामखुट्टेले धानखेत तथा अन्य पानी जम्मा भएका ठाउँमा फूल पार्छ र जीवनचक्र पूरा गर्दछ ।




**क्यूलेक्स लामखुट्टेको जीवनचक्र**

**के हो त जापनिज इन्सेफलाइटिस ?**

जापनिज इन्सेफलाइटिस एक भाइरस जन्य रोग हो । जुन बिजाणु अर्थात् भाइरस Flaviviridae परिवार अन्तर्गत पर्दछ। संक्रमित क्यूलेक्स जातका लामखुट्टेले यो रोग एक व्यक्तिबाट अर्कोमा सार्ने गर्दछ। Epidemiology of Japanese Encephalitis in Nepal जर्नलका अनुसार एशिया महादेशमा भाइरस जन्य इन्सेफलाइटिसको प्रमुख कारण जापानिज इन्सेफलाइटिस नै रहेको छ र प्रति वर्ष ३० हजार देखि ५० हजार व्यक्ति एसिया महादेश भरिमा जापनिज इन्सेफलाइटिस भाइरसबाट संक्रमित हुने गरेको तथ्याङ्क छ।

सन् १९३५ मा पहिलो पटक जापनिज इन्सेफलाइटिस भाइरसको पहिचान जापानि वैज्ञानिकहरूले गरे। सन् १९६४ मा जापानमा महामारीको रूपमा फैलिएको यो रोग नेपालमा हालसम्ममा नेपालका ५४ वटा जिल्लाहरूबाट पुष्टि भइसकेको छ।

यसरी नेपालीहरू बिच लामखुट्टेले फैलाउने एक खतरनाक रोगका रूपमा चीरपरीचित जापनिज इन्सेफलाइटिसले पटक पटक महामारीको रूप लिने गरेको छ। तसर्थ यस रोगका प्रमुख कारणहरू, प्रमुख लक्षण र रोकथामका बारेमा जानकारी राख्नु हामी सबैका लागि उपयोगी हुन्छ।

विश्वव्यापी रूपमा जापनिज इन्सेफलाइटिस फैलाउने क्यूलेक्स जातिका प्रजातीहरूमध्ये नेपालमा भने क्यूलेक्स ट्राइटेनोरीङकस् तथा क्यूलेक्स जेलाइडस प्रमुख माध्यमका रूपमा रहेको अनुसन्धानले देखाएको छ। यो लामखुट्टे बिहान बेलुकी तथा रातको समयमा बढि सक्रिय हुने गर्दछ। यिनीहरू धानखेत तथा सुँगुर पालन भएका स्थानहरूमा बढि भेटिन्छ।

**यो रोग एक व्यक्तिबाट अर्कोमा कसरी सर्छ ?**

जापनिज इन्सेफलाइटिसको बिजाणु रहेको सुँगुरलाई लामखुट्टेले टोक्दा लामखुट्टेको शरीरभित्र ती जिवाणुहरू प्रवेश गर्दछन् र ती भाइरस प्रभावित लामखुट्टेले मानिसलाइ टोकेमा ती भाइरसहरू मानव शरीरमा प्रवेश गर्दछन्। घरपालुवा सुँगुर तथा जंगली चराहरू यस रोग फैलाउने प्रमुख माध्यमका रूपमा रहेको देखिन्छ।

यसरी भाइरसहरू शरीरमा प्रवेश गरेको ५ देखि १४ दिन पछि रोगका लक्षणहरू देखा पर्न थाल्दछन् । टाउको दुख्ने, धेरै ज्वरो आउने, रिङ्गटा लाग्ने, घाँटी दुख्ने, घाँटी अररो हुँदै गएर रोगी अचेत हुन सक्छ।

ग्रामिण भेगमा बसोबास गर्ने मानिसहरू यस रोगबाट बढि प्रभावित हुने गरेको पाइन्छ। धानखेती हुने तथा सुँगुर पालन हुने क्षेत्रहरू यसको बढि जोखिम युक्त क्षेत्रमा पर्दछन्। चिन, कोरीया, जापान जस्ता कतिपय देशहरूमा भ्याक्सीनको मद्दतबाट यस रोगलाई नियन्त्रण गरिएको छ भने नेपाल, भारत, मलेसिया, भियतनाम लगायतका देशहरूमा अझै पनि यो रोगले पटक पटक महामारीको रूप लिने गरेको छ । नेपालको आर्थिक, सामाजिक तथा भौगोलिक विकटताले गर्दा यो रोग पुनः महामारीको रूपमा फैलन सक्ने सम्भावना तीव्र रहेको छ। गर्मी महिनामा विशेष गरी मनसुनको समयमा यो रोग फैलने सम्भावना प्रबल हुन्छ। यो रोगको प्रकोप July देखि September सम्म बढि देखिने गर्दछ।

**यस रोगबाट बच्न के गर्ने** ?

तसर्थ रोगका प्रमुख माध्यमहरू अर्थात् क्यूलेक्स जातका लामखुट्टेहरूलाई हुर्कन नदिन घर वरपरका खाल्डाखुल्डी पुर्ने, झाडीहरू सफा गर्ने, पानी लामो समयसम्म जम्मा गरेर नराख्ने, पानी राखिएका भाँडाकुडा ढाकेर राख्ने र लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू जस्तै साँझ वा राती शरीर ढाक्ने कपडा लगाउने, झुलको प्रयोग गर्ने, mosquito repellent cream हरूको प्रयोग गर्ने, झ्याल, ढोकामा जाली लगाउने जस्ता साधारण उपायहरू अपनाएर पनि धेरै हदसम्म जापानिज इन्सेफलाइटिस लगायतका लामखुट्टेजन्य रोगहरूबाट बच्न सकिन्छ।

सरकारी तहबाटै जापनिज इन्सेफलाइटिस रोकथामका लागि उच्च जोखिम रहेका जिल्लाहरूमा खोप कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ । त्यसैगरी नेपाल सरकारको नियमित खोप कार्यक्रम अन्तर्गत बच्चालाई खोप लगाउने गरिएको छ । यस रोग विरूद्धको खोप तराइका जोखिम रहेका जिल्लाहरूमा सन् २००७ मा ठूलो जनसङ्ख्यामा लगाउदा जापनिज इन्सेफलाइटिस संक्रमणको संख्या सन् २००७ र २००८ मा घट्नुले पनि संक्रमण न्यूनीकरणमा खोपको महत्व देखाउँछ।

नेपालमा जापनिज इन्सेफलाइटिस महामारीको प्रबल सम्भावना रहेको हुँदा देशव्यापी रूपमा विभिन्न जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ। बालबालिकाहरूलाई यस रोग विरूद्ध भ्याक्सिन लगाउन सकियो भने मात्रै पनि जापनिज इन्सेफलाइटिसको जोखिमबाट धेरै हदसम्म बच्न सकिन्छ। यसका साथै

लामखुटे नियन्त्रणका उपायहरू तथा जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नु जरूरी छ । फोहोर पानी जम्मा भएको ठाउँ, धानखेत तथा सुँगुर पालन गरिएका स्थानहरूमा विशेष सतर्कता अपनाउनु पर्दछ।

**निष्कर्ष**

रोग लाग्नु भन्दा रोगको बाटै छेक्नु राम्रो भनेझैं जापनिज इन्सेफलाइटिस रोग तथा महामारीबाट बच्न जापान, कोरीया, चिन, थाइल्यान्ड लगायतका विकशित देशहरूले भ्याक्सिनको मद्दतले यस रोगको रोकथाम गरे झैं हामीले पनि भ्याक्सिन प्रयोगमा जोड दिनुपर्ने देखिन्छ । यसकासाथै देशव्यापी रूपमा तथा सम्भावित जोखिम बढि भएका स्थानमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु जरूरी देखिन्छ। ♦

कविता

# पृथ्वी कस-कसको



✍ बिन्दु अधिकारी ढकाल

फक्रिएपछि सजाउनु पर्छ
माला बनेर झपक्क
भगवान् पुकार
देउता घर वरिपरि
कदम बढाउनु पर्छ।
मखमली सुनाखरी
चम्पा चमेली ओहो
सयपत्री झम्के गोदावरी
लालुपाते गुलाफ हेरी
लालीगुँरास टिप्नु कसरी।
भूइँ फूल मुस्कुराउँछन्
आकाश ताकेर सधैँ
बस्ती परपर मन वरवर
सुगन्ध छर्न कम छैनन्
अस्तित्व जगेर्ना गर्दै।
चट्टान तोडेर पिपल
झाङ्गियो बरसँगै
खुला आकाश मुनी चौतारो
पाखापर्वत हरिया बेँसी
गाउँछन् चिरबिर सयौँथरी।
आआफ्नो भाका छन्
शृङ्गार आआफ्नो गर्छन्
लिएर आए जो धाए
लज्जावती छुँदा लाज
पृथ्वी कस-कसको खास!
फक्रिएपछि सजाउनु पर्छ
माला बनेर झपक्क
भगवान्  पुकार
देउता घर वरिपरि
कदम बढाउनु पर्छ!

# समुदाय-प्रहरी साझेदारीः आधुनिक नेपालमा शान्ति सुरक्षा, प्रविधि र जनविश्वासको नयाँ बाटो



✍ **रोहित कुमार राउत**

कुनै पनि लोकतान्त्रिक देशको विकास, स्थायित्व र नागरिकको स्वतन्त्रताको पहिलो सर्त सुदृढ शान्ति सुरक्षा हो । राज्य संयन्त्रमध्ये नागरिकसँग सबैभन्दा प्रत्यक्ष, निरन्तर र २४ सै घण्टा जोडिने निकाय नेपाल प्रहरी हो । "सत्य, सेवा र सुरक्षणम्" भन्ने अमर आदर्श वाक्यलाई हृदयङ्गम गर्दै स्थापनाकालदेखि नै नेपाल प्रहरीले देशको शान्ति सुरक्षा कायम राख्न, अपराध अनुसन्धान गर्न र विधिको शासन कायम गर्न अग्रणी भूमिका खेल्दै आएको छ।

तर, २१ औँ शताब्दीको बदलिँदो सामाजिक, आर्थिक र प्राविधिक परिवेशसँगै प्रहरी सेवाको परम्परागत स्वरूपमा ठूलो परिवर्तन आइसकेको छ। आजको युगमा प्रहरी केवल अपराध भइसकेपछि कारबाही गर्ने 'प्रतिक्रियात्मक निकाय' (Reactive Body) मा मात्र सीमित रहन सक्दैन । modern law enforcement को मुख्य आधार नै अपराध हुनै नदिने वातावरण सिर्जना गर्नु र नागरिकसँग आत्मीय सम्बन्ध स्थापित गर्नु हो ।

**समुदाय-प्रहरी साझेदारीः सिद्धान्तबाट व्यवहारतर्फ**

नागरिकको सक्रिय सहभागिता र विश्वासबिना विश्वका कुनै पनि आधुनिक प्रहरी संगठन सफल हुन सक्दैनन् । नेपाल प्रहरीले सुरु गरेको "समुदाय-प्रहरी साझेदारी" अवधारणा केवल एउटा औपचारिक कार्यक्रम मात्र नभई प्रहरी र नागरिकबिचको दूरी घटाउने एउटा दीर्घकालीन दर्शन हो ।

पूर्व-सजगता र स्थानीय समस्याको समाधान गाउँ-गाउँ र टोल-टोलमा गठित प्रहरी-समुदाय समितिहरूले स्थानीय स्तरमा हुने सानातिना विवाद, घरेलु हिंसा, लागु पदार्थ दुर्व्यसनी जस्ता समस्याहरूलाई सुरुमै पहिचान गरी रोकथाम गर्न ठूलो मद्दत पुऱ्याएका छन् ।

सहानुभूतिपूर्ण व्यवहार र सहज पहुँच प्रहरी चौकी वा वृत्तमा आउने पीडित नागरिकले न्यायको महसुस मात्र होइन, सुरक्षित वातावरण र सहानुभूति पाउनुपर्छ । बालबालिका, ज्येष्ठ नागरिक,

महिला तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति प्रहरीको संवेदनशील व्यवहारले नै राज्य प्रतिको नागरिक भरोसालाई बलियो बनाउँछ।

**नयाँ युगको चुनौतीः साइबर अपराध र प्रविधिको प्रयोग**

भौतिक अपराधको तुलनामा आजभोलि प्रविधिमा आधारित अपराधहरू (Cyber crime) तीव्र रूपमा बढेका छन्। अनलाइन ठगी, सामाजिक सञ्जालमार्फत हुने ब्ल्याकमेलिङ, डाटा चोरी र वित्तीय अपराधले आम नागरिकलाई असुरक्षित बनाएको छ।

यस परिप्रेक्ष्यमा नेपाल प्रहरीको साइबर ब्युरो र डिजिटल अनुसन्धान शाखाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण बनेको छ । प्रविधियुक्त अनुसन्धान प्रणालीलाई तल्लो तहका प्रहरी एकाइसम्म विस्तार गर्नु आजको आवश्यकता हो । यसका साथै, प्रविधि प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीबारे नागरिक तहमा व्यापक जनचेतना फैलाउन प्रहरीले विद्यालय, कलेज र समुदायस्तरमा निरन्तर अभियान चलाउनु आवश्यक देखिन्छ।

**विपद् व्यवस्थापन र मानवीय सेवा**

नेपालजस्तो भौगोलिक रूपमा संवेदनशील देशमा प्राकृतिक विपद् (बाढी, पहिरो, भूकम्प) को जोखिम सदैव रहन्छ। विपद्को समयमा सबैभन्दा पहिले कार्यक्षेत्रमा खटिने र आफ्नो ज्यानको बाजी लगाएर नागरिकको धनजनको रक्षा गर्ने निकाय नेपाल प्रहरी नै हो।

उद्धार र राहत कार्यमा प्रहरीले देखाएको अदम्य साहस र मानवीय सेवाले नागरिकको मनमा प्रहरीप्रति उच्च सम्मान पैदा गरेको छ । यस क्षेत्रलाई अझ प्रभावकारी बनाउन प्रहरीलाई आधुनिक उद्धार सामग्री, तालिम र स्रोत-साधनले सम्पन्न बनाउनु राज्यको प्राथमिकता हुनुपर्छ।

**संस्थागत सुशासन, पारदर्शिता र मानव अधिकार**

प्रहरी संगठनको साख यसका सदस्यहरूको निष्ठा, अनुशासन र व्यावसायिकतामा टिकेको हुन्छ। शक्तिको दुरुपयोग रोक्दै हरेक अनुसन्धान प्रक्रियालाई पारदर्शी र निष्पक्ष बनाउनु नेपाल प्रहरीको प्राथमिक दायित्व हो।

शान्तिपूर्ण, सुरक्षित र समृद्ध समाज निर्माण गर्नु कुनै एक निकायको मात्र प्रयासले सम्भव हुँदैन। यसका लागि प्रहरी, नागरिक, स्थानीय सरकार र सञ्चार माध्यमबिच निरन्तर समन्वय र सहकार्य आवश्यक छ।

बदलिँदो समयसँगै नेपाल प्रहरीलाई अझ प्रविधिमैत्री, साधन-स्रोत सम्पन्न, तालिम प्राप्त र जनउत्तरदायी बनाउँदै लैजानुपर्छ । "सत्य, सेवा र सुरक्षणम्" को मूल मन्त्रलाई हरेक प्रहरी कर्मचारीले आफ्नो दैनिकीमा

उतार्दै समुदायसँगको सहकार्यलाई अझ मजबुत बनाएमा मात्र modern policing को लक्ष्य हासिल हुनेछ र राष्ट्रले शान्ति तथा समृद्धिको बाटोमा निरन्तर पाइला बढाउनेछ। ♦

कविता

# प्रकृतिको यात्रा



✍ मुक्ति पोखरेल

ल्याई दिन्छ वसन्तमा पवनले सुगन्ध हाम्रै घर
माटो बन्छ स्वदेशको सुनखरी खोल्सो स्वयम् सागर
गर्छिन् विष्णुपदी पवित्र धरणी पार्दै हरा सुन्दर
साह्रै सुन्दर लाग्छ विश्वभरमा नेपाल मेरो घर ।१।

दिन्छन् मूर्तिहरू शुभाशुभ सबै सङ्केत सम्भावना
हाम्रो संस्कृति चाडपर्व निधि हुन् प्राचीनका सभ्यता
सानो देश हुँदैन आयतनले बत्ती ठुलो हुन्छ र
झुक्दैनन् हिमपर्वतीय चुचुरा बोल्छन् यहाँ पत्थर।२।

लेखिन्छन् इतिहास देश हितमा पुर्खाहरूका कथा
मेटिन्नन् बलभद्र भक्ति यिनले लड्दा खपेका व्यथा
हाम्रो भूमि पवित्र मङ्गल दिने अन्यत्र यस्तो छ र ?
गर्ने ध्यान अनन्तकाल भगवान् शैलेन्द्रमा शङ्कर ।३।

जन्मे बुद्ध र जानकी अनि उमा यो देशका गौरव
खेल्थे शम्भु अनेक कौतुक गरी गाई मिठो ताण्डव
पुर्ख्यौली पहिचान नित्य छ खडा मेटेर मेटिन्छ र
भाषा धर्म अनेक छन् तर यहाँ एकत्व के छैन र ।४।

हाँस्छन् उच्च हिमाल रश्मि रविको झुल्को नयाँ पाउँदा
गर्छन् स्वागत गान कोकिल यता वासन्तिका आउँदा
लज्जासाथ झुकेर यौवनवती छन् नृत्यमा तत्पर
भन्छन् वेद पुराण शास्त्र सबले नेपाल हो सुन्दर ।५।

गर्थे ध्यान यतै बसी तनहुँमा श्री कृष्णद्वैपायन
गर्ने पूजन नित्य कौशिक यतै हो कौशिकीको स्थल
दिन्थे कोहड पुत्रले जनकमा संज्ञान सत् सुन्दर
यस्तो पावन तीर्थको मुलुक हो नेपाल मेरो घर ।६।

# हराउँदै गएको दरको मर्म



✍सीताकुमारी न्यौपाने धिताल

नेपाली सनातन (वैदिक) धर्मानुयायी महिला अटल सौभाग्य र परिवारको सुखसमृद्धिको कामना गर्दै तिजको व्रत (उपवास) बस्छन् । तिजलाई 'हरितालिका' पनि भनिन्छ । उमा-महेश्वरको पूजा-आराधना गरी उपवास बस्ने रूपमा यसको महत्त्व छँदैछ, त्यसबाहेक चेली माइतीघर पुग्ने, दर खाने, गीतको माध्यमबाट एक-अर्काका दुःख-सुखका कुरा सुन्ने-सुनाउने रूपमा पनि यसको महत्व छ । तिजको मौलिक नाचगान नेपाली लोकसंस्कृतिको अभिन्न अंग हो ।

सनातन धर्मावलम्बीले वर्षभरि नै विभिन्न किसिमका व्रत (उपवास) गर्छन्- शिवरात्रि, रामनवमी, जन्माष्टमी, नवरात्र, एकादशी, साउने सोमबार आदि । उपवास आफ्नो आस्था, स्वास्थ्य अवस्था आदि हेरेर गरिन्छ । कतिपय उपवास निर्जल (पानी पनि नपिई) हुन्छन् । कुनै व्रत जलाहार, फलाहार आदि गरेर पनि गर्ने व्यवस्था छ, तर मुख्य कुरा उपवासका दिन अन्न ग्रहण गरिँदैन । उपवासको अघिल्लो दिन पनि शुद्ध पदार्थ खाएर एक छाक मात्र अन्न भोजन गर्ने चलन छ । यो उपवासका लागि तयारी हो । उपवासको अघिल्लो दिन बेलुकी खाने व्यवस्था धार्मिक ग्रन्थहरूमा पाइँदैन ।

तर तिज मात्र यस्तो व्रत हो, जसमा व्रतालु महिला अघिल्लो दिन राति अबेरसम्म खान्छन् । यसलाई दर भनिन्छ । नेपाल प्रज्ञा-प्रतिष्ठानको 'नेपाली बृहत् शब्दकोश' (सातौँ संस्करण-२०६७) अनुसार दरको अर्थ हुन्छ- तिजका अघिल्ला रात स्त्रीहरूले खाने दह्रिलो विशेष भोजन । शब्दकोशले भनेजस्तै दरमा विशेष प्रकारका पोषिला/आडिला पदार्थ खाइन्छ । एकातिर भोलिपल्ट उपवास बस्न गाह्रो हुन्छ भन्ने मनोविज्ञान छ भने अर्कोतिर तिजका बेला माइत पुगेका चेलीलाई आमा-बुबाले प्रेमपूर्वक खानेकुरा बनाएर खुवाउने संस्कृति पनि यसमा गाँसिएको छ ।

दरको पहिचान यतिमा मात्र सीमित छैन । पहिले-पहिले चेलीहरूलाई विवाह गरेर टाढा-टाढा दिइएको हुन्थ्यो । माइती र

चेलीलाई कैयौँ खोलानाला, कैयौँ डाँडाले छेकेका हुन्थे । अहिले जस्तो बाटाघाटा र यातायातको सुविधा थिएन । त्यसैले उनीहरू सजिलै माइतीघर पुग्न सक्दैनथे । तिज, दसैं तिहार वा बिहेबटुलो जस्ता अवसर आउनु पर्थ्यो । तिजका लागि भनेर माइतीका सदस्य चेलीका घर पुग्थे । सँगै लिएर जान्थे । घण्टौंको हिँडाइपछि माइती साँझ पुगेका चेलीहरू घर-गाउँ चहारेर साथी दौँतरीसँग भेट गर्थे । सुख दुःखका कुरा गर्थे । बेलुकीको नियमित खानापछि माइतीका सदस्य दर बनाउन लाग्थे । थाकेका चेली निदाउँथे ।

कृषि र पशुपालनमा आधारित समाज । दही, दुध, घिउको छेलो खेलो हुन्थ्यो । नहुनेका घरमा पनि जुटाइन्थ्यो । घिउमा चामल भुटेर दुध हाली ढकने बनाइन्थ्यो । दुधचामल पकाएर खिर पकाइन्थ्यो । घिउमा चामल भुटेर चाम्रे पाक्थ्यो । कतैकतै दुधको कुराउनीदेखि गुँदपाकसम्म पनि हुन्थ्यो । आलु, बोडी, सिमी आदि मौसमी तरकारीका परिकार र अचार पनि हुन्थ्यो ।

शहरी क्षेत्रमा परिकारमा विविधता हुन्थ्यो । मिठाइ परिकार समावेश हुन्थ्यो । पहिले-पहिलेको दरमा मासु आदि तामसी पदार्थ वर्जित थिए । शरीरमा उत्तेजना ल्याउने भएकाले अघिपछि खानेले पनि तिज व्रतको केही दिन अघिदेखि लसुन-प्याजसमेत खाँदैनथे ।

आमाबुबाहरू प्रेमले यी खाने कुरा बनाउँथे । बेलुकीको खाना खाएर सुतेका चेलीहरूलाई उठाएर खुवाउँथे । भाले नबासेसम्म वा उज्यालो नभएसम्म दर खाएको प्रसङ्ग पनि सुनिन्थ्यो । कतिले त राति खान बिर्सेर बिहान ढोका झ्यालको चेपबाट उज्यालो छिर्दा कपडाले छेकेर दर खाएका हुन्थे रे ! यी सुनेका कुरा । आमाहरूले चेलीहरूलाई कर गरी-गरी दर खुवाउँथे । यसरी दर खवाउनुको उद्देश्य उपवाससँग मात्र जोडिएको थिएन । भाद्र शुक्ल तृतीया अर्थात् तिजका दिन उमा-महेश्वरको पूजापछि गाउँका चौतारी, देउरालीमा जम्मा भएर गीत गाउन, नाच्न बल पुग्दैन भनेर पनि दरमा बल गरिएको होला ।

कति चेलीका लागि त दर खानपानको राम्रो अवसर पनि बन्थ्यो । किनभने कतिपयको घरमा बुहारीलाई सासूससूरादेखि पतिसम्मले समेत राम्रो व्यवहार गर्दैनथे । राम्रो व्यवहार नपाएका चेलीले खानेकुरा के राम्रो पाउँथे ! त्यसैले उनीहरूका लागि दर विशेष हुने भइहाल्यो । घरमा राम्रो व्यवहार अनुभव गरेका र गच्छे अनुसार मिठोमसिनो लागि पनि आमाको हातबाट बन्ने विशेष खानेकुरा (दर) प्रतीक्षाको विषय हुन्थ्यो ।

अहिले समय परिवर्तन भएको

छ, विशेषगरी डेढ-दुई दशक यता दरको नाममा महिना-डेढ महिना अघिदेखि होटल, पार्टी प्यालेस, ब्याङ्क्वेट आदि व्यापारिक स्थलमा दर खाने चलन चलेको छ । स्कुलसँगै पढेकाको दर, क्याम्पसमा सँगै पढेकाको दर, सहकारी संस्थाको दर, कार्यरत कार्यालयको दर, दिदीबहिनीहरूको दर, आफन्तको दर ! महिनाभरि दरै दर ! महिलाहरूलाई कति ठाउँमा मात्र भ्याउनु जस्तो भएको छ । भेटघाट, जमघट र रमाइलो कुरा हो, तर होटल, ब्याङ्क्वेट, पार्टी प्यालेसका गरिष्ठ (अत्यधिक चिल्लो, पिरो) अस्वस्थकर दरले स्वास्थ्यमा असर पार्ने कुरालाई बेवास्ता गरिएको छ । तिजका मौलिक भाका हराएको छ । पार्टी प्यालेसमा म्युजिक सिस्टमले बजाउने द्वयर्थी नाचका माध्यम बनेका छन् ।

हो, व्यस्त जनजीवन छ, आफन्त, साथीसङ्गी, सहकर्मी समय मिलाएर एकीकृत हुनु नराम्रो पनि होइन । रमाइलो गर्नु अस्वाभाविक होइन । तर त्यसले दिने तनाव (समय मिलाउन नसकेर) चिन्ता र अस्वस्थकर भोजन भने कदापि राम्रो होइन । सबैभन्दा चिन्ताको कुरा हाम्रो मौलिकता ओझेलमा परेको छ । दिदीबहिनी जम्मा भएर आमाको हातबाट बन्ने दर ओझेलमा परेको छ । हाम्रो मौलिक दरको मर्म ब्याङ्क्वेटको दरले कदापि समेट्न सक्दैन । घरको खानेकुराले दिने स्वास्थ्य मिसावटयुक्त थरीथरीका पकवानले दिँदैन । अचेल हामी महिला अशिक्षित छैनौँ, धेरथोर शिक्षा सबैले लिन पाएका छौँ । राम्रो के हो नराम्रो के हो छुट्याउन सक्ने भएका छौँ । आधुनिकताको नाममा संस्कृतिलाई नामेट हुन नदिऔँ । अस्वस्थकर संस्कृतिलाई बढावा नदिऔँ । मौलिक दरको मर्म नमारौँ । ♦♦♦

## गजल



✍ **बाबुकाजी सुवाल 'विकेश निराशी'**

सुकेको कागती निचोरेर झोलको के गर्छौ आस
परालको धुस्नो बालेर गोलको के गर्छौ आस ।१।

कोदाको झोलमा बिक्दछ इमान्दारी बजारमा
ब्वाँसाको अघि पसिनाको मोलको के गर्छौ आस ।२।

भित्रभित्रै डुङडुडी गन्हाउँछ चाल पाउने गरि सबैले
चिल्लो टलक्क टल्किने खोलको के गर्छौ आस ।३।

शक्ति सबै अरूसँग इशारामा नाच्ने न हौ महाशय
गीत रच्ने अर्कै छ मिठो बोलको के गर्छौ आस ।४।

बाघलाई साथमा लगी अरूलाई तर्साउने स्याल जस्तै
मसिनो तबला ठोकी गर्जन ढोलको के गर्छौ आस ।५।

# अहङ्कार रहित जीवन



✍ **रत्न प्रजापति**

मान्छेमा अहम् हुनुपर्छ, तर अति अहम्भाव हुनु हुँदैन र अहङ्कारी बन्नु हुँदैन भन्ने हाम्रो सामाजिक मान्यता छ। अहम् भनेको आफ्नोपन हो, अभिमान हो र आत्मसम्मानको आग्रह पनि हो। मान्छेमा अलिकति अभिमान अथवा स्वाभिमान हुनु आवश्यक छ, जसले आफ्नो अस्तित्त्वलाई जीवन्त राख्न सघाउँछ। बढी अहम् भाव अथवा अहङ्कारी हुनु चाहिँ उचित होइन। किनभने अहङ्कारले कहिल्यै हित गर्दैन, बरु यसले आफैँलाई जलाउँछ भनेर धार्मिक ग्रन्थहरूमा पढ्न र प्रवचनहरूमा सुन्न पाइन्छ। त्यसैले मान्छेमा अहङ्कार होइन, विनम्रता हुनुपर्छ भनेर धर्म, संस्कृति र सामाजिक मूल्यमान्यताहरूले सिकाउँदै आएका छन्।

आफूलाई अरूभन्दा ठूलो, श्रेष्ठ वा विशेष ठान्ने मनोवृत्ति नै अहङ्कार हो भनिएको छ। अहङ्कारी व्यक्तिमा आफ्नो ज्ञान, बुद्धि, शक्ति, धन, पद, रूप वा उपलब्धिलाई अत्यधिक महत्व दिने र आत्मसम्मान खोज्ने, तर अरू जोसुकैलाई भने कम आँक्ने प्रवृत्ति हुन्छ। मान्छेमा आत्मसम्मान हुनुपर्छ, तर अहङ्कार हुनु हुँदैन। आत्मसम्मानको भावले कुनै पनि व्यक्तिलाई सम्मान, मर्यादित र आत्मविश्वासी बनाउँछ भने अहङ्कारी आचरणले आफ्नै आत्मसम्मानमा आँच पुऱ्याउँछ।

समाजमा विभिन्न कारणले मान्छे भित्र अहङ्कारको जन्म हुन्छ। विशेषगरी धनवान, बलवान अथवा रूपवान व्यक्तिमा अहम्भाव रहेको पाइन्छ। यही अहम्भावका कारण मान्छे अहङ्कारी बन्ने गर्दछ। अनि यही अहङ्कारले गर्दा व्यक्तिको आचरण र व्यवहार अरू सामान्य मान्छेको भन्दा फरक बन्दछ।

अहङ्कारी मान्छेले सामान्य मान्छेले भन्दा आफूलाई फरक देख्छ। उसले आफूलाई अरूभन्दा श्रेष्ठ ठान्छ। उसले आफू जे गर्छु सही गर्छु अथवा आफूले जे गरेको छु सबै थोक सही गरेको छु भन्ने सोच्छ। उसले जे बोलेको छ त्यो नै सही हुन्छ भन्ने सोचेको हुन्छ। अनि उसले आफूलाई सधैँ सही ठान्छ। उसले आफ्नो क्षमता र शक्तिलाई स्थायी ठान्छ। धनवानले

आफूलाई मात्र धनवान ठान्छ। बलवालनले आफूलाई मात्रै बलवान ठान्छ।

अनि रूपवानले पनि आफूलाई मात्र रूपवान ठान्छ । अनि आफ्नो धन, बल र रूप नै आफ्नो शक्ति ठान्छ र त्यो शक्ति स्थायी छ भन्ने ठान्छ । यही सोच नै अहङ्कार हो । यद्यपि यो अहङ्कारको अन्त्य अवश्यम्भावी छ भन्ने चाहिँ उसले सोचेको हुँदैन । जुन दिन अहङ्कारको अन्त्य हुन्छ, त्यो दिन अहङ्कारीका लागि क्षणिक पीडा त हुन्छ, तर त्यसले उसलाई कालान्तरमा चैनको अनुभूति दिन्छ । त्यसैले अहङ्कारको अन्त्यको अपेक्षा गरिन्छ र यसको अन्त्य अवश्यम्भावी पनि छ।

अहङ्कार मानिसको गुण होइन अवगुण हो। यसले गर्दा मान्छेले आफूलाई अरूभन्दा भिन्न र श्रेष्ठ ठान्छ । यो अहङ्काररूपी अवगुणले मान्छे स्वयंलाई हानि गरिरहेको हुन्छ भने समाजलाई पनि हानि गरिरहेको हुन्छ। आर्थिक, सामाजिक र मनोवैज्ञानिक कारणले मान्छेमा अहङ्कार उत्पन्न हुन्छ।

मान्छे अहङ्कार बन्नुको पहिलो मुख्य कारण आर्थिक नै हो । जब मान्छे धनसम्पत्तिले सम्पन्न बन्छ, तब ऊ अहङ्कारी बन्न थाल्छ । उसको धनसम्पत्तिले नै उसलाई अहङ्कारी बनाउँछ। प्रशस्त धनसम्पत्ति भएको मान्छेले आफूलाई अरूभन्दा भिन्न र श्रेष्ठ ठान्छ । कुनै पदमा पुगेर शक्ति आर्जन गरेको मान्छे पनि अहङ्कारी बन्छ।

धनसम्पत्ति भएको मान्छेमा नितान्त व्यक्तिवादी र भौतिकवादी सोचको पनि विकास हुन्छ । अनि रूप, यौवन, आर्थिक हैसियत आदिको कारण अहङ्कार बढ्छ । उच्च पदमा पुगेको, शैक्षिक वा व्यावसायिक सफलता हासिल गरेको अथवा चुनाव जितेको मान्छेले आफूलाई शक्तिशाली ठान्छ र अरूलाई कमजोर ठानेर हेप्न थाल्छ।

केही सामाजिक कारणले पनि मान्छे अहङ्कारी बन्छ। कुल, घराना, जात, पद, शिक्षा, रूप, यौवन, उमेर र बलका साथै आफ्नै प्रतिभा र क्षमताको बलले आर्जन गरेको विशेष सामाजिक हैसियतका कारण मान्छेमा अहङ्कार बढ्छ। यस्तै कुनै गुण विशेषका कारण व्यक्तिलाई अति प्रशंसा गर्न थालियो भने त्यस्तो मान्छेमा अहङ्कार बढ्न थाल्छ। कहिलेकाहीँ मान्छेले आफू असफल र असुरक्षित हुँदाको भयलाई लुकाउनका लागि पनि अहङ्कारी बन्छ। आफ्नो कमजोरी लुकाउनका लागि पनि मान्छे अहङ्कारी बन्छ । यसलाई मनोवैज्ञानिक कारण मान्न सकिन्छ । कहिलेकाहीँ अति आत्मविश्वासका कारण पनि मान्छे अहङ्कारी बन्छ भने कहिले चाहिँ आफ्नो आलोचना सहन नसकेर पनि

अहङ्कारी बन्छ ।

अहङ्कारलाई पूर्णरूपमा अस्वीकार गर्न सकिन्न । विभिन्न विद्वानहरूले अहङ्कारका बारेमा सकारात्मक विचार व्यक्त अभिव्यक्त गरेका छन् । अस्ट्रियाली न्युरोलोजिस्ट तथा प्रसिद्ध मनोविद् सिग्मण्ड फ्रायडले अहङ्कार मानसिकरूपमा आवश्यक छ भनेका छन् । यसै गरी जर्मन दार्शनिक, सांस्कृतिक आलोचक, कवि तथा लेखक फ्रेडरिक नित्शेले पनि अहङ्कारले महानता र व्यक्तित्व विकास गर्न सक्छ भनेका छन् । अमेरिकी दार्शनिक, कवि तथा लेखक राल्फ वाल्डो इमर्सनले स्वस्थ अहङ्कारले आत्मनिर्भरता विकास गर्छ भनेका छन् ।

अहङ्कारका जति गुण छन्, ती भन्दा धेरै गुणा बढी अवगुण छन् । त्यसैले अत्यधिक अहङ्कार हुनु उचित होइन । यसले जीवनलाई नै हानि गर्छ । आध्यात्मिक लेखक एक्हार्ट टोलले अत्यधिक अहङ्कारले भ्रम र दुःख सिर्जना गर्छ भनेका छन् । यसैगरी ब्रिटिश विद्वान तथा इसाई चिन्तक सी.एस. लुइसले अत्यधिक अहङ्कारले चरित्रलाई बिगार्छ भनेका छन् ।

अहङ्कार पूर्णरूपमा नकारात्मक मात्रै पनि छैन । यसका केही सकारात्मक पक्ष पनि छन् । अहङ्कारले आत्मविश्वास, आत्मसम्मान, प्रेरणा, पहिचान, नेतृत्व क्षमता र सहनशीलता प्रदान गर्छ । स्वाभिमानका लागि प्रदर्शन गरिएको अहङ्कारले मान्छेलाई आत्मविश्वासी बनाउँछ । आफ्नो क्षमताप्रति विश्वास जगाउँछ, जुन विश्वासले मान्छेलाई चुनौतीहरूसँग लड्न तयार र समर्थ बनाउँछ । आफूले गरेका कुनै पनि काममा सफलता अथवा उपलब्धि हासिल गर्ने प्रेरणा दिन्छ ।

जुनसुकै बेला आँट र हिम्मतले साथ दिन्छ । म गर्न सक्छु भन्ने सकारात्मक ऊर्जा र आत्मविश्वास दिन्छ । कुनै कुराको निर्णय लिने अथवा नेतृत्व गर्ने क्षमताको विकास हुन्छ । यी यावत् कुराले मान्छेलाई जीवनमा सफल हुन सक्षम बनाउँछ । यी सबै अहङ्कारका सकारात्मक पक्ष हुन् । त्यसैले मान्छेमा अहम् हुनुपर्छ र थोरै अहङ्कार पनि हुनु स्वाभाविक मानिन्छ, तर अत्यधिक अहङ्कारले भने मान्छेलाई पतनोन्मुख गराउँछ ।

अहङ्कार जतिसुकै सकारात्मक पक्ष भए पनि यसलाई नकारात्मक दृष्टिले हेर्ने सामाजिक परिपाटी छ । अहङ्कारले मान्छेलाई आचरण र व्यवहार र उसको व्यक्तित्व विकासमा पार्ने सकारात्मक पक्षभन्दा नकारात्मक पक्ष बढी प्रभावशाली भएको हुँदा अहङ्कारलाई नकारात्मक दृष्टिले नैं हेर्ने र मूल्याङ्कन गर्ने परम्परा बस्दै आएको छ ।

अहङ्कारले घमण्ड बढाउँछ,

आलोचना स्वीकार्न नसक्ने बनाउँछ, सम्बन्धमा द्वन्द्व उत्पन्न गराउँछ, स्वार्थीपन बढाउँछ, अत्यधिक आत्मविश्वास बढाउँछ र ईर्ष्या र प्रतिस्पर्धी भावना जगाउँछ । वास्तवमै अत्यधिक अहङ्कार स्वयंका लागि नै हानिकारक हुन्छ । अहङ्कार मान्छेको जीवनका विभिन्न मोडहरूमा समस्या बनेर प्रकट हुनुका साथै अरू धेरै समस्याहरूको कारण बन्न सक्ने सम्भावना प्रबल हुन्छ। अहङ्कारले मान्छेलाई अन्धो र अविवेकी बनाउँछ भन्ने सामाजिक मान्यता छ । अहङ्कारी प्रवृत्तिको परिणामलाई दृष्टिगत गर्दा यो मान्यतालाई सही मान्न सकिन्छ।

अहङ्कारले मान्छेलाई अविवेकी बनाउँछ। त्यही अविवेकले गर्दा अहङ्कारी मान्छेले अरूको भावना र विचारलाई कदर र सम्मान गर्न जान्दैन अथवा सक्दैन । यस्तो अविवेकी आचरणले परिवारदेखि नै समस्याको सुरुआत हुन्छ र त्यो अन्ततः समाजमा पुगेर त्यसले नकारात्मक परिणाम दिन्छ । परिवार र समाजका सदस्यसँग विचार र व्यवहार नमिल्नुका कारण बिस्तारै सामाजिक दूरी बढ्दै जान्छ । सम्बन्ध टाढिँदै जान्छ।

नाता तोडिँदै जान्छ । आपसमा साथ र सहयोगको भावना कम हुँदै जान्छ । अनावश्यक वादविवाद बढ्दै जान्छ । असमझदारी बढ्दै जान्छ। असहिष्णुता बढ्दै जान्छ। द्वन्द्वको पनि सिर्जना हुन सक्छ। अन्ततोगत्वा यस्तो स्थितिले स्वयं आफैँलाई पनि मानसिक अशान्ति र तनाव हुन सक्छ।

अशान्ति र तनावले मान्छेको सिर्जनात्मक शक्तिलाई क्षीण बनाउँदै लान्छ। निराशा र नकारात्मक भाव वा भाष्य बढ्न सक्छ। अहङ्कारकै कारण आफूलाई सुधार्ने अवसरको समेत उपयोग गर्न नचाहँदा अथवा नसक्दा आफ्नै कारण स्वयं आफू प्रभावित हुनुपर्ने र प्रताडित हुनुपर्ने अवस्थाले मान्छेलाई जीवनको मार्गमा पतनतर्फ डोऱ्याउन सक्छ । अतः अहङ्कारले कसैको हित नगर्ने हुँदा यो त्याज्य छ। अन्तोगत्वा यसको अन्त्य भएरै छाड्छ । त्यसैले यसको अन्त्य अवश्यम्भावी छ।

अहङ्कार भनेको फलामको खियाजस्तै हो, त्यसले आफैँलाई सिध्याउँछ। फलाम अत्यन्तै बलियो हुन्छ। त्यसलाई अरू केही अथवा कसैले नाश गर्न सक्दैन, तर फलामबाटै निस्केको खियाले नै अन्ततः फलामलाई नाश गर्छ। अहङ्कारले पनि उसैगरी मान्छेलाई नाश गर्छ।

अहङ्कारले विनाशलाई निम्त्याउँछ भन्ने कुराको एउटा ज्वलन्त उदाहरण हो महाभारत कथा। जुन कथामा कौरव पक्षको हार र विनाश त्यही अहङ्कारका कारण भएको छ। एउटा पात्र दुर्योधनको शक्ति र

राज्यसत्ताको अहङ्कारले पाण्डवहरूमाथि अन्याय र अत्याचार गरे । अरू कसैको सल्लाहलाई नमान्दा र सत्यलाई स्वीकार नगर्दा अन्ततः युद्ध भयो र कौरव वंशको नै विनाश भयो । यस्तै हिरण्यकश्यपमा पनि आफू शक्तिशाली छु भन्ने अहङ्कार थियो, जुन अहङ्कारका कारण उनले आफूलाई भगवानभन्दा पनि माथि ठाने र अन्ततः यही अहङ्कारका कारण उनको अन्त्य भयो ।

रावण उस्तै अहङ्कारी पात्र थिए । आफ्नो ज्ञान र शक्तिको अहङ्कारले गर्दा अन्ततः उनले पनि आफ्नो राज्य र जीवन दुवै गुमाउनु पऱ्यो । कंस पनि आफूलाई अजेय ठान्थे र निर्दोष मानिसहरूलाई दुःख दिन्थे । शक्तिको घमण्डले मानिसमाथि अत्याचार गरे, अन्ततः उनी आफैँ सकिए । यस्ता उदाहरणहरू अरू धेरै छन् ।

हिटलर एक शक्तिशाली तर अहङ्कारी शासक थिए । शक्तिको घमण्डले उनले विश्वयुद्ध गरे । युद्धमा लाखौँ मानिस मरे र अन्ततः उनी आफैँ पनि मारिए । ग्रिसेली मिथकमा एक पात्र थियो इकारस, जसमा चमत्कारिक उडानको क्षमता थियो । त्यही क्षमताको घमण्डले ऊ बाबुको चेतावनीलाई बेवास्ता गरेर आकाशको धेरै माथिसम्म उडे । आफ्नो अहङ्कारलाई त्याग्न नसक्दा अन्ततः सूर्यको तापले पखेटा जलेर ऊ समुद्रमा खसेर मऱ्यो ।

बुद्ध दर्शनले शरीर परिवर्तनशील छ, विचार परिवर्तनशील छ र भावना परिवर्तनशील छ भनेको छ । यसको अर्थ अहङ्कार त्याग्नुपर्छ भन्ने नै हो । मान्छे रोगबाट बच्न सक्दैन । बुढ्यौलीलाई छेक्न सक्दैन र मृत्युलाई टार्न सक्दैन । यसको अर्थ मान्छे आफैँमा पूर्ण शक्तिशाली छैन र पूर्ण श्रेष्ठ पनि छैन । मान्छेको अस्तित्वमा पनि सीमा छ । हर कोही मान्छे सम्मान चाहन्छन् ।

त्यो सम्मानलाई अपमान गर्नेलाई समाजले बिस्तारै छोड्दै जान्छ र सामाजिक सम्बन्धबाट टाढा राख्न थाल्छ । त्यसैले अहङ्कारीको जीवन एकालकाँटे हुन्छ र मानसिकरूपमा अस्थिर पनि हुन्छ । यस्तो जीवन शक्तिशाली भए पनि सुखी अथवा सुखदायी हुन सक्दैन । अहङ्काररहित जीवनमात्रै सुखी र सुखदायी हुन्छ ।

जीवनमा आफ्नो क्षमता र उपलब्धिप्रति स्वाभिमान र अरूप्रति सम्मानभाव राख्दै नम्र र सम्मानपूर्ण व्यवहार गर्नुपर्छ । अहङ्कारले मान्छेलाई एक्लो र अशान्त बनाउँछ भने विनम्रताले जीवनको वास्तविक सुख, शान्ति र सामाजिक सद्भाव जगाउँछ । अतः अहङ्कारलाई त्यागेर विनम्रतालाई अँगाल्नु सबैका लागि हितकर हुन्छ । ◆◆◆

निबन्ध

# "स्पन्दनको/जीवनको संगीत"



✍ **दशराज शाक्य**

अकसर मनुष्य जीवन ती दृष्यहरूमा बाँधिन्छन्, जुन मनुष्यको आँखा अगाडि भइरहन्छ । जस्तो कि दैनिक घटनाहरू, कामको सफलताहरू र विभिन्न सम्बन्धहरू । मनुष्य जीवनको नयाँ आयाम फेरिदै, जुट्दै भइरहेका हुन्छन् । मनुष्य जीवनको आयाममा जीवनको नयाँ कम्पन, स्पन्दन, सुक्ष्म ऊर्जा चारैतर्फ निरन्तर बगिरहन्छन् । त्यसलाई देख्न सकिदैन तर महसुस गर्न सकिन्छ । जीवनको गहिराई पनि अदृष्य तरंगमा रहन्छ ।

जीवनको कम्पन र स्पन्दनको अर्थ केवल भौतिक विज्ञान होइन, जुन त्यस्तो अनुभव हो जसमा भावना, विचार र चेतनाको स्तरमा घटनाहरू भइरहन्छन् । मनुष्य बिना कुनै स्पष्ट कारणले खुसी हुन्छन्, कहिले मनभित्र एक अनजानी उदास, खिन्नता उत्पन्न हुन्छन् । ती भावनाहरू केवल परिस्थितिको परिणाम होइन, बरु मनुष्यभित्र चलिरहेको स्पन्दनको अभिव्यक्ति हुन् । यही कारण हो कि दुईजना मनुष्य एकै परिस्थितिमा प्रतिक्रिया गर्छन्, किनकि उनीहरूको मनभित्र कम्पन अलग अलग हुन्छन् ।

मनुष्य जीवन 'घटनाहरूको' होइन, बरु 'अनुभवहरूको' नाम हो र यी अनुभवहरू मनुष्यभित्रको स्पन्दनहरूबाट निर्माण हुन्छन् । मनुष्यको दृष्टि स्वतः बाहिरबाट भित्रतर्फ मोडिन्छ, मनचित्र के चलिरहेछ अथवा भावनाहरूको स्रोत के हो भन्ने प्रश्न पनि उब्जिन्छ । अनुभवहरूको साक्षी मनुष्य जीवनको अविस्मरणीय घटनाहरू नै हुन् र आत्मबोधको यात्रा हुन् । मनुष्यको बानी, कौशलता र शैलीलाई आत्मबोधले पुनः फेरि चिन्तन मनन् गर्छन् । भावनाहरू कहिलेकाहीँ खराब हुन्छन् भने कहिलेकाहीँ असल हुन्छन्, तर असल भावनाहरूले राम्रो परिणाम दिइरहन्छन् । स्पन्दनहरू मनभित्रको ऊर्जा नै हुन्, ऊर्जा शुद्ध गतिशील हुन्छन् । मनुष्य जीवन कहिल्यै स्थिर रहँदैनन्, बल्कि एक साथ परिवर्तनशील प्रक्रियामा चलिरहन्छन् ।

यस प्रक्रियामा हरेक क्षणमा नयाँ जन्म हुन्छन् भने पुराना विलीन हुन्छन् । मनुष्य जीवनको भुलवश खराब परिणामले दृष्टिकोण बदलिदिन्छन् । आँखाले देखेको वस्तुप्रति चिन्तन मनन गरि एउटा निष्कर्ष

निकालिदिन्छ जुन साधना हुन् ।

जस्तो कि एक कलाकारले आफ्नो क्यानभासमा रंग भर्छ र एउटा चित्र बन्छ जुन चित्रले आन्तरिक स्थितिलाई व्यक्त गर्छ । ठिक त्यस्तै प्रकारले मनुष्य जीवन पनि एउटा क्यानभास हुन् र विचार, भावनाहरू र कर्महरू रंग हुन् । जब मनुष्यले आफ्नो विचारलाई सतर्कतापूर्वक बुझ्ने गर्छ तब मनुष्यलाई महसुस हुन्छ कि हरेक विचार एउटा बीज हो जसले भविष्यको अनुभवहरूलाई जन्म दिन्छन् । मनुष्यले विचारबमोजिम कर्म गर्छन् र हरेक कर्मले एउटा नयाँ दिशा दिन्छन् ।

त्यस प्रकारले अनजानमै मनुष्यले आफ्नो जीवनलाई संगीतमय बनाउँछ । 'जीवनको संगीत' एक सूक्ष्म र सुन्दर नाटक हुन् । संगीतमा स्वर हुन्छ, लय हुन्छ र एउटा सन्तुलन पनि हुन्छ । त्यसप्रकार मनुष्य जीवनमा पनि सन्तुलन आवश्यक हुन्छ, यो सन्तुलन मनुष्यभित्रको चेतनाबाट आउँछ । जब मनुष्यको विचार, भावना र कर्म एकै दिशामा प्रवाहित हुन्छन् भने जीवनमा लय उत्पन्न हुन्छन् ।

सायद जीवनमा असन्तुलन पनि अति महत्वपूर्ण छ भन्न सकिन्छ । जीवनमा उतार चढाव, विराम र तीव्रता हुन्छन् । दु:ख, संघर्ष र अनिश्चितता यी सबै संगीतका (जीवनको संगीत) भाग हुन् । मनुष्य जीवनमा यसबाट बच्ने बचाउने होइन त्यसलाई सम्झनु आवश्यक हुन्छ । जीवन कुनै बाहिरी यात्रा होइन, त्यो एक आन्तरिक प्रक्रिया हो जसलाई मनुष्यले महसुस गर्छ । त्यसलाई जति सम्झने गर्छ उति नै जीवन स्पष्ट हुँदै जान्छ । एउटा राम्रो पुस्तकझैं प्रतिविम्बित हुँदै जान्छ । आजको जीवनको संगीत अथवा स्पन्दन यिनै हुन् । ♦♦♦

गीत

## पिर बढ्यो



✍ **दिपकराज विश्वकर्मा**

पिर बढ्यो साथ छोड्यो तनले
विदेश तिरै जा भन्छ यो मनले

दु:ख पिरले कहिल्यै मन थिर हुन्न
कसले भन्छ छोरीलाई पिर हुन्न

फिरी भिसा टिकेट दिएनी
बरु विदेश मै उड्ने थिएनी

भाछ गलत निर्णय गरम झैं
घाँटी पासो लाएर मरम झैं

सुखको त कहिँ खबर सुन्दिन
आफै बौलाई हिँड्छु म कुन्दिन

चरी जस्तै पखेटा छिनेको
मर्छु त्यस्तै भएर हिनेको ।

# इन्द्रजात्रामा देखिने नाचहरू



✍ त्रिचन्द्र प्रतीक्षा

काठमाडौँमा मनाइने विविध जात्रामध्ये इन्द्रजात्रा रमाइलो र महत्त्वपूर्ण जात्रा मानिन्छ। इन्द्रजात्राको प्रमुख कार्य नै लिङ्गो (ध्वजा) स्थापना हो । १२औँ देखि १८ औँ शताब्दीमा निर्मित थुप्रै मठमन्दिरले सजिएको हनुमानढोका दरबार क्षेत्र हाल सम्पदा क्षेत्रमा पर्दछ । काठमाडौँ लगायत बाहिरी जिल्लाका जात्रा एवं नाच पनि यस क्षेत्रमा देखाइने गरेको छ।

काठमाडौँमा लिच्छविकालीन राजा गुणकामदेवले चिकंमुगलको अट्कोनारायण मन्दिर अगाडि इन्द्रध्वज (लिङ्गो) गाडेर सँगै इन्द्र देवताको मूर्ति राखेर इन्द्रजात्रा चलाएको भनिन्छ। इतिहासविद् महेशराज पन्तका अनुसार राजा प्रतापसिंह शाहको राज्यकाल (वि.सं. १८३१-१८३४) मा मल्ल राजाहरूको पालादेखि चाँदीको मोहर नेपालले बनाउँदै आइरहेको र पछि यसमा मिसावट भएर मोहर बनाउने काम बिचैमा रोकिएको थियो। वि.सं. १८३२ मा सन्धिमार्फत् तिब्बतसँग पुनः मोहर बनाउने सहमति भयो । त्यसको खुसीयालीमा अट्कोनारायणको साटोमा कालभैरव अगाडि लिङ्गो ठड्याएका थिए र त्यसको तलतिर घोडा सवार इन्द्रको सुनको प्रतिमा समेत प्रदर्शनी गरेका थिए।

इन्द्रजात्राका सम्बन्धमा एउटा किंवदन्ती प्रचलित छः स्वर्गका राजा इन्द्रकी आमा बसुन्धरालाई विशेष पूजाका लागि पारिजातको फूल (नेवारीभाषामा ‘चथाः स्वाँ’ भनिन्छ) र कर्कलो आवश्यक भयो । त्यो पारिजातको फूल स्वर्गमा नपाइने भएर नै इन्द्र नेपाल आएको र उक्त समयमा काठमाडौँको भीमसेनस्थानको तलतिरको बगैँचामा फुलिरहेका थिए । त्यस बगैँचाका माली तान्त्रिक विद्या जान्ने भएकाले इन्द्रलाई चिनेर तान्त्रिक शक्ति तारणले बाँधेर राखे। लामो समयसम्म पनि छोरा फर्केर नआएपछि बसुन्धरालाई चिन्ता लाग्यो । पृथ्वीलोकमा बाँधिएर राखिएको इन्द्रलाई छुटाउन बसुन्धरा यहाँ आइन र त्यस बन्धनबाट मुक्त गराउन बदलामा धान पाक्नका लागि आवश्यक हुस्सु उपहार दिएर गएको विश्वास गरिन्छ। त्यसैले यस मौसममा बिहान र बेलुकी हल्का हुस्सु (कुहिरो) लाग्ने गरेको हो भनी बूढापाका

भन्ने गर्दछन् ।

इन्द्रजात्राको लिङ्गोको जति महत्त्व मानिन्छ कुमारीको रथयात्रा पनि उतिकै महत्त्वपूर्ण मानिन्छ। कुमारी रथ यात्राको चलन वि.सं. १८१० देखि चलेको कुरा इतिहास शिरोमणि बाबुराम आचार्यले लेख्नुभएको छ। अठारौं शताब्दीमा इन्द्रको जात्रासँग जोडिएर अर्को कुमारी जात्रा पनि सुरु भयो।

कथन अनुसार काठमाडौँको बसन्तपुर स्थित कुमारीघरको निर्माण र यात्राको परम्परा जयप्रकाश मल्लले चलाएका हुन् । वि.सं. १८०३ देखि १८०७ सम्म गद्दीच्युत भएर भौंतारिएको बेलामा १८०७ को अन्त्यतिर गोप्यरूपले कुमारीको दर्शन गर्न पाएको चार दिनपछि नै गुमेको राजगद्दी फिर्ता लिन सफल भए । यही खुशीयालीमा कुमारी घर बनाइदिए र कुमारीको रथयात्रा गराउन भनेर एउटा पगोडा आकारको तीन तले छाना भएको रथ बनाउन लगाए । गणेश र बटुकभैरवलाई साथमा राखेर रथयात्राको परम्परा समेत चलाए, राजा जयप्रकाश मल्ल स्वयं रथमा बसी नगर परिक्रमा गर्ने गर्दथे भन्ने लोककथन छ । इन्द्रजात्रा अवधिभर विभिन्न नाच र गतिविधिले रमाइलो मात्र होइन आर्य संस्कृतिको जीवन्त दृश्य आठ दिनसम्म अवलोकन गर्न पाइन्छ।

महाकाली नाचः भक्तपुरको महाकाली नाचमा महालक्ष्मी, महाकाली र कुमारी बाहेक अन्य पात्रहरूमा एक जोडी कवं (एकप्रकारको ख्याक), एक जोडी भूत र एकजोडी सिंह, अनि मयूर, जोक्कर र भक्तजन हुने गर्दछ। यसको प्राचीनताबारे खोजीनीति गर्दा राजा जयस्थिति मल्लभन्दा अघि नै सुरु भएको पाइन्छ भने प्रधानमन्त्री वीरशमशेरको पालादेखि यो नाच इन्द्रजात्राको अवसरमा काठमाडौँ ल्याई नचाउन थालेको देखिन्छ। जननीदास दैवज्ञको भनाईअुनसार भक्तपुरको यो महाकाली नाच प्राचीन नाच गँप्याखँको सानो अंशमात्र हो। 'गँ' भन्नाले मातृशक्तिहरूलाई जनाउँदछ।

संस्कृतिकर्मी अर्जुन श्रेष्ठका अनुसार, भक्तपुरका विभिन्न सहरमा स्थानीय बासिन्दालाई दुःख दिने भूतप्रेत, पिसाच लगायतलाई तान्त्रिक विद्वान गुरुहरूले तान्त्रिक शक्तिद्वारा देवी देवतालाई रातभर जागा बनाई टोलटोलमा देवीदेवताको नाच नचाएर भगाएपछि यो परम्परा चल्दै आएको हो। महाकाली नाच ६ किसिमको हुन्छ भने सङ्गीतमा ७ थरीका धुन प्रयोग भएको पाइन्छ।

सवःभक्कु नाचः जात्राभरि हलचोकको सवःभक्कु नाच पनि एक हुन् । यस नृत्यको मुख्य पात्र आकाश भैरव हुन् । प्रत्येक वर्ष इन्द्रजात्राभर हनुमानढोकाभित्र नासलचोकमा सवःभक्कु (आकाश भैरव)लाई पूजा गरेर भोग दिने गरिन्छ भने खिंवजा र झ्यालीको तालमा

भैरवको नृत्य हुन्छ ।

पुतवारहरू तेह्रौं शताब्दीमा मिथिलाका राजा हरिसिंह देवसँग काठमाडौँ आएको दावा गर्दछन् । हलचोक भैरव (सवःभक्कु)को नृत्य तुलजा भवानीको उपत्यका भित्र आगमन तथा पूजाआजा सँगसँगै भएको हो । तर मल्लकाल पनि यी पुतवारहरूलाई शाह राजाहरूले शहर बाहिर धपाई स्वयम्भूको पछाडिको हलचोकको डाँडामा बस्ती बसाल्न पठाएको देखिन्छ । तर हरेक वर्ष यिनीहरू यो नृत्य प्रस्तुत गर्न इन्द्रजात्राको बेलामा काठमाडौँ शहरभित्र नै एक हप्तासम्म बसेर कुमारीको रथयात्रा सँगसँगै आफ्नो नृत्य प्रदर्शन गर्ने गर्दछन् ।

देवी नाचः किलागल टोलको दिप्याखं अर्थात् देवीनाच पनि इन्द्रजात्रा अवधिभर शहरको विभिन्न ठाउँहरूमा देखाइन्छ भने इन्द्रजात्रामा नाचिने सबैभन्दा पहिलो नाच पनि हो । यो देवीनाचमा सात पात्रहरू जस्तैः भैरव, कुमारी, चण्डी, दैत्य, कङ्काल, बेताल र ख्याक हुन् । बाजाको तालमा करिब आठवटा रागहरूमा गीतहरू गाइन्छन् । यी भिन्नभिन्नै रागका गीतहरूमा नृत्य पात्रहरू पनि फरकफरक सङ्ख्यामा नृत्य-नटिका गर्ने गरिन्छ । मालश्री रागबाट शुरु भई बलारी रागमा टुँगिने ती गीतहरू अति नै भावपूर्ण छन् ।

जनश्रुति अनुसार कुनै एक मल्ल राजाको समयमा हैजाको महामारीबाट सयौं मानिसहरू मृत्यु पश्चात हाहाकार भयो । एक दिन राजालाई सपनामा देवीले दर्शन दिए । त्यसै दिनदेखि हैजाको महामारी कम हुन थाल्यो र सोही समयदेखि उक्त देवीको सम्मानमा यो नृत्यको परम्परा चलाउन भनिन्छ ।

रामचन्द्र नाचः भक्तपुरबाट आउने रामचन्द्र नाच इन्द्रजात्रामा नचाइने नाचहरूमध्ये प्रमुख मानिन्छ । रावणले सीतालाई हरण गरेर लगेपछि सीतालाई छुटाउनु वानर सेनाहरूले खेलेको भूमिकालाई यो नाचमा देखाउने खोजिएको पाइन्छ । गाईजात्राको दिन भक्तपुरको विभिन्न डबली र बजारमा रामचन्द्र नाचका पात्रहरूलाई मुकुट लगाएर घुमाउने गरिन्छ। भने इन्द्रजात्राका दिन यो नाच हनुमान ढोका दरबारअघिको डबलीमा देखाउने गरिन्छ।

दश अवतारः कुमारीघर अगाडि रहेको त्रैलोक्यमोहन नारायण मन्दिरमा विष्णुले लिएको दश अवतारको नृत्य प्रदर्शन गरिन्छ । रात परेपछि भगवान् विष्णुको दश अवतारका रूपहरू मात्र देखाउने होइन यसको अतिरिक्त इन्द्रजात्रा शुरु भएदेखि अन्त्यसम्म आठ दिन प्रत्येक दिन दश दशवटा भिन्दाभिन्दै रामायण, महाभारत र देवी महात्म्यसँग सम्बन्धित विभिन्न दृश्यहरू पनि देखाइन्छन् । यो दशअवतार झाँकी इन्द्रजात्रा अवधिभर

आठ दिन मात्र देखाइन्छ भने झाँकी सुरु गर्नुअघि हनुमानको पूजाआजा गर्ने चलन छ।

पुलुकिसी नाचः यस्तै, किलागलको पुलुकिसी नाच इन्द्रजात्राको आकर्षणहरूमध्ये एक हो। बाँसको मान्द्रो जसलाई नेवारी भाषामा 'पुलु' भनिन्छ त्यस मान्द्रो र बाँसबाट बनेको हात्तीको आकृतिभित्र दुई जना मानिस उभिएर नाच्ने गर्दछ। नाचमा विशेष एक प्रकारको तीनकुने फलामको बाजा बजाइन्छ, जसबाट ताइनाई घ्याइनाइको आवाजको साथै धिमेबाजा र भुस्याको आवाजमा हात्तीले नाच्ने र बाजाको धूनमा टाउको र आङ्ग हल्लाउँदै सडकमा दगुर्नु नै यसको प्रमुखता हो। स्वर्गबाट आएको ऐरावत हात्तीले इन्द्रलाई खोज्न यताउती भौतारिँदै हिँडेको अवस्थालाई चित्रण गर्न खोजिएको पाइन्छ।

किंवदन्ती अनुसार प्राचीनकालमा हात्तीहरू भएको जङ्गल किलागल। एक दिन बनेपाका एक राजा सिकार खेल्ने क्रममा धेरै हात्ती उनलाई लखेटे छन्। ज्यान जोगाउनै मुस्किल परेका यी राजाले इष्टदेवी श्वेतकालीलाई ज्यान बचाइदिन प्रार्थना गरे । राजाको पुकार सुनेर देवीले आफैँ एउटा ठूलो सेतो हात्तीमा परिणत भई सम्पूर्ण हात्तीलाई लखेटेर बचाए। श्वेतकालीको आदरभावमा यी देवीको प्रतीक सेतो हात्तीको नाच (पुलुकिसी) नचाउने चलन चलेको हो।

लाखे नाचः मजिपाटको लाखे नाच, कुमारीको रथयात्राको भिड सँगसँगै देखापर्ने सबैभन्दा आकर्षक एउटा डरलाग्दो राक्षसको नाच हो। लाखे नाचमा सबभन्दा रमाइलो पक्ष भनेको एउटा सानो बालक जसलाई "झ्यालिन्चा" भनिन्छ, त्यसले लाखेलाई जिस्काउन थाल्दछ रिसले चूर भएका लाखे उक्त बालकलाई समात्ने प्रयासमा बाजाको तालमा दौडिन्छ। इन्द्रजात्राको हप्ता दिनसम्म ठाउँ ठाउँमा गई लाखे नाच देखाउने गर्दछ।

राजा हरिसिंहदेवले सिम्रौनगढबाट तलेजु भवानीलाई उपत्यकामा ल्याउँदा देवीसँगै लाखेलाई ल्याइएको हो भनिन्छ। कतिपयले भने नुवाकोटबाट आएका ठकुरी राजाले लाखेलाई उपत्यकामा भित्र्याएका हुन् भनिन्छ। नुवाकोटबाट ल्याइएको लाखे चाहिँ सबल बहालका द्यःला लाखे हो भनिन्छ। भाषा वंशावली अनुसार लाखे नाचको चलन काठमाडौँका राजा गुणकामदेवले सुरु गराएका हुन् भन्ने भनाइ छ।

आकाश भैरवः इन्द्रजात्राको दिनमा फूलैफूलले सजिसजाउ इन्द्रचोकको आकाश भैरवको रौनकता बेग्लै देखिन्छ। शिवको उग्ररुपनै भैरव हो। इन्द्रजात्राको अवसरमा मात्र मन्दिर बाहिर सिँगटी छाने शैलीमा विराजमान गराएपछि नै आकाश भैरवको मूर्ति फूलैफूलले सजाइन्छ। किंवदन्ती अनुसार तान्त्रिक

शक्ति भएका राजा यलम्बरले महाभारत युद्धमा पराजित हुने पक्षबाट आफू लड्न आएको कुरा बताएपछि कृष्णले छलद्वारा सुदर्शनचक्र प्रहार गरी राजा यलम्बरको शिरच्छेदन गरिदिए । यलम्बरको टाउको आकाशतर्फ उड्यो र आकाशमै रहेर शिरले नै महाभारत युद्ध हेरिरह्यो । युद्ध सकेपछि आकाशमार्गबाट नेपाल फर्कंदा बागमती र विष्णुमती नदीको दोभान (इन्द्रचोकको भैरव मन्दिरको स्थान)मा आइपुग्दा मिर्मिरे उज्यालो भयो र त्यहीँ पत्थरमा परिणत भए ।

स्थानीय ज्यापुहरूले बिहानै राजा यलम्बरको टाउको पत्थरमा परिणत भएको देखेर त्यहीँ छाप्रो बनाएर आफ्नो प्रिय राजा यलम्बरलाई आकाशभैरवको रूपमा पुज्न थाले । भैरवको टाउको आकाशमार्ग भएर आएको हुनाले आकाशभैरव भनिएको हो । नेवार ज्यापू समुदायले आजु द्यः को रूपमा पूजिने आकाश भैरव किराँतकालीन देवताको रूपमा पनि मानिन्छ ।

श्वेत भैरव (हाथु द्यः): इन्द्र जात्रामा मात्रै सार्वजनिक प्रदर्शन गरिने झण्डै १५ फिट अग्लो अनुहारमात्रै भएको श्वेत भैरव (नेवारीमा हाथु द्यः भनिन्छ) नेपालकै सबैभन्दा ठूलो अनुहार भएको भैरवको भव्य मूर्तिको रूपमा पनि लिइन्छ । यसको श्री ५ रणबहादुर शाहले वि.सं. १८५२ मा मूर्ति स्थापना गरेका थिए । 'त्रिरत्न सौन्दर्यगाथामा' समेत यसको वर्णन गरिएको छ । अरु बेला भने आँखीझ्यालले छोपिएर राखिएको हुन्छ भने इन्द्रजात्रा अवधिभर मूर्तिको मुखबाट निकालिएको पाइपबाट जाँड, रक्सी बगाएर प्रसादको रूपमा बाँडिन्छ । यसलाई 'हाथु हायेके' भनिन्छ । सो प्रसादको रूपमा पिउनका लागि भक्तजनहरूको तँछाड मछाडको रमाइलो दृश्य हेर्नेको भिड लाग्छ । इन्द्रजात्रा सकेको आठौं दिनपछि राती इन्द्रध्वज लिङ्गो ढालेर टेकुमा सेलाएपछि विधिवतरुपमा जात्रा समाप्त गरिन्छ । ◆◆◆

## गजल



✍ **प्र.स.ह.टीकाराम दुलाल**

पीडा दुबैको उस्तै थियो, लुकाएको मात्र हो
हेर्नेले हासेको देख्छ, थाहा नपाएको मात्र हो

लुकाउँदा लुकाउँदै मनको बाँध फुटेछ क्यारे
थाहा नभएरै यो नयन ताल फुटाएको मात्र हो

"खुसी छु प्रिय तिमी ख्याल राख" यो मन्त्र हो
दुई छाक टार्न मेरो मुटु विदेश पठाएको मात्र हो

यहाँ सबैको यस्तै छ छोराछोरी पनि छैन घरमा
जुनी जुनी हामी नछुटिने कसम खाएको मात्र हो

म पनि छोरी हो, श्रीमती बनेर आए प्यारासित
एक्लै छु, उता बुबाआमा एक्लै बनाएको मात्र हो

यो देशमा कर्मले सबैलाई एक्लाएक्लै बनायो
आफन्तलाई आफ्नोपनले सताएको मात्र हो ।

गीत

# बाहुपाशमा आइदेऊ न



✍ **मिथिलेश आदित्य**

यो प्रेममय संसारमा बाहुपाशमा आइदेऊ न,
मेरो हरेक धड्कनभित्र आफ्नो घर बनाइदेऊ न।
बाहुपाशमा आइदेऊ न... बाहुपाशमा आइदेऊ न...

रातको निस्तब्धतामा मनले तिम्रो नाम लियो,
भिजेको चन्द्रिकाले प्रेमको सन्देश दियो ।
सासैभरि तिम्रो सुवास, धड्कनमा तिम्रै सास,
यो प्रेममय संसारमा बाहुपाशमा आइदेऊ आज ।

यो प्रेममय संसारमा बाहुपाशमा आइदेऊ न,
मेरो हरेक धड्कनभित्र आफ्नो घर बनाइदेऊ न ।

सुनसान बाटो हेरिरहेछ, आँखा छन् व्याकुल,
तिम्रो एउटा स्पर्श पाए, फुल्नेछ यो संसार ।
छोड सबै संकोच प्रिय, मनमा प्रेमदीप बाल,
मेरो अधुरो जीवनमा आएर आफ्नो रङ्ग हाल ।

यो प्रेममय संसारमा बाहुपाशमा आइदेऊ न,
मेरो हरेक धड्कनभित्र आफ्नो घर बनाइदेऊ न ।

रित्तो-रित्तो यो मनभित्र प्रीतिको फूल फुलाउन,
चञ्चल यी भावनालाई तिम्रै लयमा सजाउन ।
छोड सबै संकोच प्रिय, नजिक भई अँगाली देऊ,
मेरो हरेक धड्कनभित्र आई आफ्नो घर बनाइदेऊ ।

यो प्रेममय संसारमा बाहुपाशमा आइदेऊ न,
मेरो हरेक धड्कनभित्र आफ्नो घर बनाइदेऊ न...
बाहुपाशमा आइदेऊ न... बाहुपाशमा आइदेऊ न...

कविता

# आज आकाश किन सुनसान छ ?



✍ शशीश्री आचार्य

आज आकाश अचम्मै चुपचाप छ
मानौं उसले आफ्ना सबै साथीहरू
तारा, जुन, सूर्य–सबैलाई बिर्सिएर
एक्लो झ्यालबाट बाहिर हेरेको छ
न नृत्य छ, न चमक, न मधुरो गफ-गाफ
मात्र एक तन्किएको सुनसान निलो ओछ्यान,
जहाँ कसैले पनि आफ्नो कथा सुनाइ दिएको छैन।

तारा नभएको आकाश भनेको,
जस्तै भिडमा भए पनि
नबोल्ने मानिस–आफूभित्र हजार
भावनाहरू उम्लिएर पनि बाहिर एउटा
उज्यालो शब्द झर्दैन।
संसार छ, मानिसहरू छन्,
तर मन साट्ने साथी नपाएको एकाकी आत्मा जस्तै
आजको आकाश मेरो आँखामा पोखिएको छ।

सानैदेखि आमाले
सिकाउनु भएको थियो–
"ताराहरू त चम्किएका साथी हुन्,
मानिसहरू जस्तै, जो आफ्ना
मनका कुरा साटासाट गर्छन्।"
तर आज तिनीहरू उदास छन्,
सायद आकाशसँग रिसाएका छन्,
वा सायदै मानिसको मन जस्तै,
थाकेर कतै लुकाइएका छन्।

आकाशले मलाई सोधे जस्तो लाग्छ–
"साथी नहुँदा यस्तो पो हुँदो रहेछ ?"
मैले जवाफ दिँदै भन्छु,
"हो, आकाश ! तिमी मात्र होइन,
मानिसहरूको जीवन पनि
तारा विहीन रात जस्तै निस्तब्ध हुन्छ।
जब मनको कथा बोल्न कोही हुँदैन,
जब भावनाको उज्यालो बाँड्न कोही हुँदैन।"

तारा नभएको आकाश,
दर्शनले भन्छ–खाली मन हो।
तर यही खालीपनले त सत्य देखाउँछ,
उज्यालो र अँध्यारोको परिभाषा बनाउँछ।
यदि तारा सधैं चम्किरहे भने, आकाशलाई
पनि आफैसँग भेट गर्ने समय कहाँ पाइन्थ्यो र ?

सायद, आज आकाशले
आत्म दर्शन गरिरहेको छ, संसारलाई हेरिरहेछ,
आफ्ना आँसुहरूलाई निलो रङमा छोपेर।
अनि म यहाँ,आकाशसँगै, एक तारा खोज्दैछु–
सायद मेरो आफ्नै मनको तारा,
जो चम्किन बाँकी छ।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४६ साल अङ्क, १ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.नि. श्यामबहादुर खड्काद्वारा लिखित 'सुन जु र कौटिल्यको दृष्टिमा जासुस र जासुसी'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

व्यावहारिक रूपमा जासुसीको सुरुवात मानव सभ्यता संगै भएको मानिए तापनि यस बारेमा उल्लेख गर्ने काम ईशा पूर्व पाचौं शताव्दिमा चिनीया विद्वान सुन-जुबाट मात्रै भयो । उसले आफ्नो किताब PING TA (युद्ध-कला) मा जासुसी बारे केही उल्लेख गरेको छ। समय र परिस्थितिलाई हेरेर उसले भनेको थियो–"दुश्मनहरूको बारेमा जानकारी हामी आफैं स्वयंले नभई विभिन्न वर्गका मानिसबाट पाउन सकिन्छ," यसै सन्दर्भमा सुन-जुले जासुसहरूको निम्न प्रकारले बर्गीकरण गरी छुट्याई दिएको छ।

१) **स्थानीय जासुसः**– यस प्रकारका जासुसहरूको लागि निश्चित क्षेत्रभित्र रहने व्यक्तिहरूलाई छान्न सकिन्छ। स्थानीय व्यक्तिहरूलाई त्यस क्षेत्रको धेरै कुराको बारेमा जानकारी हुन्छ। स्थानीय व्यक्तिहरूको सम्बन्ध विभिन्न अन्य स्थानीय व्यक्तिहरूसंग हुने हुँदा तिनीहरू प्रायः त्यो क्षेत्र भित्र भएको सबै कुराहरू थाहा पाउँछन् र राम्रो खबर दिन सक्छन् ।

२) **दुश्मनको क्षेत्र भित्रका मानिसहरूः**– दुश्मनको क्षेत्रमा बसोबास गर्ने मानिसहरू जो आफू प्रति सद्भावना राख्दछन् साथ दुश्मनका कर्मचारीहरू जो आफूलाई सहयोग गर्न तयार छन् । त्यस्ता व्यक्तिहरूलाई हातमा लिएर दुश्मनको बारेमा जानकारीहरू प्राप्त गर्न सकिन्छ।

३)**परिवर्तित जासुसः**– यस्ता व्यक्तिहरूलाई जो आफ्नो विरुद्धमा दुश्मनको लागि जासुस गरी राखेका हुन्छन्। तिनीहरूलाई पत्ता लगाएर समाती प्रलोभन वा ज्यानको धम्की दिएर आफ्नो लागि जासुसी गर्न बाध्य गराउन सकिन्छ।

४) **दुश्मनलाई धोकामा राख्ने जासुसः**– यस्ता जासुसहरू आफ्नो पक्षमा विभिन्न मनगढन्त योजनाहरू र गलत खबरहरू दुश्मन कहाँ पुऱ्याउछन्, दुश्मनले ती योजना र खबरहरू माथि विश्वास गरी राखेको हुन्छ यता अर्कै योजना बनी राखेको हुन्छ।

५) **दुश्मनको इलाका भित्र घुसी खबर ल्याउने जासुस**– यस्ता जासुसहरू दुश्मनको इलाकाभित्र जसरी तसरी घुसी तिनीहरूको बारेमा विभिन्न खबरहरू जस्तैः दुश्मनको सामरिक स्थिति, सैनिकहरूको मनोबल, दुश्मनको योजना आदिबारे पत्ता लगाई ल्याउदछन्।




**छोराः**– बुबा म बिहे गर्न चाहन्छु

**बुबाः**– पहिला Sorry भन

**छोराः**– किन ?

**बुबाः**– Sorry भन

**छोराः**– तर किन, मैले के गरेको छु ?

**बुबाः**– तिमी पहिला Sorry भन

**छोराः**– please मेरो गल्तीको कारण कमसेकम भन्नुहोस् ?

**बुबः**– पहिले तिमी Sorry भन

**छोराः**– ठिक छ बुबा, I am Sorry

**बुबाः**– अब तिमी एकदम तयार छौ, तिम्रो Training पूरा भयो, बिना कारणमा Sorry भन्न सिक्यो भने तिमी बिहे गर्न सक्छौं ।

♦ ♦ ♦

**एकजना मास्टरको घरमा ७/८ जना मास्टरहरू आए**

**मास्टरको बुढीः**– घरमा चिनी छैन, म कसरी चिया बनाउनु ?

**मास्टरः**– तिमी चिया मात्र बनाएर ल्याउ, बाँकी म सम्हाली हाल्छु ।

**बुढीले चिया बनाएर ल्याई र मास्टरले भन्योः**–जसको भागमा चिनी नभएको चिया पाउँछ, भोलि उसको घरमा हामी सबै खाना खान पाहुना बनेर आउने छौ ।

**सबै मास्टरहरूले खुसी साथ चिया पिए, एकजनाले त यतिसम्म पनि भन्यो किः**– मेरो चियामा त यति धेरै चिनी छ कि डर लागि रहेको छ कि मलाई डाइबिटिज नहोस ?

♦ ♦ ♦

**हजुरबुबाः**– हाम्रा पालामा दुई रूपैयाँमा दिनभर खाएर नसकिने खाने कुरा आउथ्यो ।

**नातिः**– हाम्रो पालामा नि आकै त छ नि ।

**हजुरबुबाः**– के आउँछ ।

**नातिः**– चुइगम ।

**संकलनः– प्र.ज.अभिन गुरुङ**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.सं. २०४० सालमा तत्कालीन प्रहरी महानिरीक्षक स्व. डिबी लामाले नेपाल पुलिस स्कुल साँगाको स्थापना गर्नु भएको थियो ।

➲ वि.सं. २०७७ असोज २९ गते तत्कालीन प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले नेपाल अस्पताल महाराजगंजमा टेलिमेडिसिन सेवा शुभारम्भ गर्नुभएको थियो ।

➲ वि.सं. २०७७ फागुन ९ गते तत्कालीन प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जिल्ला प्रहरी कार्यालय, रामेछापको नवनिर्मित कार्यालय भवन उद्घाटन गर्नुभएको थियो ।

➲ वि.सं. २०८१ असोज ३० गते तत्कालीन प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालयमा, केन्द्रीय प्रहरी परिचालन कक्षको उद्घाटन गर्नुभएको थियो ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत यादव प्रसाद कोइरालाको जाहेरीले नेपाल सरकार विरुद्ध चिरञ्जिवीलाल राजभण्डारी समेत,** (**ने.का.प. २०८२ अंक ११ नि.नं. ११५०५, मुद्दाः सरकारी प्रति जग्गा दर्ता गराई भ्रष्टाचार गरेको**)

भ्रष्टाचार शब्द यति व्यापक छ कि यसलाई निश्चित परिभाषामा सीमित गर्नु आफैंमा कठिन र जोखिमपूर्ण भएकै कारण विधायिकाले यसको खास परिभाषा नगरी भ्रष्टाचारमा कारबाही गरिने केही कसुर र त्यसको सजाय मात्र उल्लेख गरेको तथ्य बोधगम्य भएबाट ऐनमा वर्णित कसुर मात्र भ्रष्टाचारको पूर्ण सूची (exclusive list) हुने भनी मान्न नमिल्ने र सो भन्दा बाहेकका कसुरसमेत भ्रष्टाचारको दायराभित्र पर्न सक्छन् भन्ने देखिने।

भ्रष्टाचारजन्य कसुर हुनका लागि आरोपित व्यक्तिले गैरकानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरेको छ वा छैन भन्ने प्रश्न महत्त्वपूर्ण हुने। जुनसुकै नियतले गरिएको भए तापनि कुनै काम कारबाही वा निर्णयको परिणाम सामान्यत एकै हुन्छ तर सोही काम कारबाही वा निर्णय असल नियतले गरिएको भएमा त्यस्तो कार्यलाई भ्रष्टाचारजन्य कसुर भनी मान्न नमिल्ने तर सोही कार्य आफू वा अरू कसैलाई गैरकानुनी लाभ वा सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले गरिएको भएमा भ्रष्टाचारजन्य कसुरको परिभाषाभित्र पर्ने।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**

कविता

## सुसेलीका तरङ्गहरू



✍ **सिजन श्रेष्ठ**

मैले सुसेल्दा
बाटो छेउका पिपलका पातहरू हल्लिन्छन्
मैले सुसेल्न छाडेपछि
यत्तिकै चुपचाप बस्छन्
ती पिपलका पातहरू।

तिमी पनि त त्यस्तै छौ
म बोल्दा
अनेकन तरङ्गहरू पैदा हुन्छन् तिम्रो हृदयमा
मैले बोल्न छाडेपछि
तिम्रो हृदय हुन्छ-
बरफको ढिकाझैं बिल्कुल स्थिर र मौन!